राजी जातिको चिनारी



दल बहादुर आङ्बुहाङ
मिन बहादुर राजी

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

राजी जातिको चिनारी

दल बहादुर आङ्बुहाङ

मिन बहादुर राजी

प्रकाशक

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

राजी जातिको चिनारी

लेखक : दल बहादुर आङ्बुहाङ
मिन बहादुर राजी

प्रबन्ध सम्पादक : सरीना गुरुङ

भाषा सम्पादक : प्रतिभा पुन

प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

सर्वाधिकार : परम्परागत राजी पहिरनमा राजी पुरुष र महिला

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन प्रति : ३००

संस्करण : प्रथम, वि.सं. २०८१ (सन् २०२४)

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौं, नेपाल
फोनः +९७७-०१-४१०२६०२

ISBN : 978-9937-9736-5-6

RAJI JATIKO CHINARI written by Dal Bahadur Aangbuhang & Min Bahadur Raji in 2024.

प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन ।

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूका मातृभाषा, लिपि, संस्कार-संस्कृति प्रकाशन गर्ने सिलसिलामा '**राजी जातिको चिनारी**' नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक सामाजिक विशेषतहरू हाम्रो देशको विशिष्ट परिचयहरू हुन्। यी अमूल्य निधिहरूका विकास, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ। यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, इतिहास र मातृभाषा साहित्यका अध्ययन-अनुसन्धानदेखि प्रकाशनमा प्रतिष्ठानले सहयोग गर्दै आएको छ। ''**राजी जातिको चिनारी**' त्यहीँ शृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन गरिएको हो।

प्रस्तुत कृतिले **राजी** समुदायका भाषिक, सांस्कृतिक, धार्मिक राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी यस क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा कुनै द्विविधा छैन।

अन्त्यमा, अनुसन्धाता तथा लेखक **दल बहादुर आङ्बुहाङ र मिन बहादुर राजी**का लेखन कार्य अझ निखारिदै आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कति, संस्कार परम्परागत ज्ञान/सीपप्रतिको चासो अझ प्रगाध हुँदै जानेछ भन्ने विश्वासका साथ यस कृतिको अनुसन्धान, लेखन, सम्पादन, विश्लेषणात्मक टिप्पणी र प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।

....

(गोकुलप्रसाद घर्ती)

उपाध्यक्ष

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प्रकाशकीय

जातिशास्त्रीय चिनारी शृङ्खला- ३२ मा **राजी जातिको चिनारी**लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान **राजी शाल्म समाज नेपाल केन्द्रीय समिति**को संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको हो ।

नेपालका आदिवासी जनजातिहरूका जातीय, भाषिक, धार्मिक, सांस्कृतिकजस्ता विविध विषयहरूमा सहयोग गर्न **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना भएको हो । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा **राष्ट्रिय विकास समिति**मार्फत आदिवासी जनजातिहरूलाई सहयोग भइरहेको थियो । वि.सं. २०५८ सालमा ऐनमार्फत **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना र समायोजन भई आदिवासी जनजातिहरूका हितमा वृहत्तर र प्रभावकारी रूपमा यी समुदायका लागि काम गरिरहेको छ ।

पिछडिएका यी समुदायलाई देशको मूल प्रवाहमा ल्याउनका लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरूमार्फत सहयोग भइरहेको छ । आदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्ताबेज, जातीय, भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक, धार्मिक, आदि विविध आयामका दस्ताबेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम गर्दै आइरहेको छ । यसैको निरन्तरतास्वरूप '**राजी जातिको चिनारी**' प्रकाशित गरिएको हो ।

प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहका जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धानदाता **दल बहादुर आङ्बुहाङ र मिन बहादुर राजी**ले आ.व. २०७६/२०७७ मा **राजी जातिको चिनारी**को अध्ययन-अनुसन्धान गर्नुभएको थियो । सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्दति, मार्गनिर्देशन, सुपरीवेक्षण कार्य प्रा.डा. ओम गुरुङ र डा. कृष्ण बहादुर भट्टचन डा. चैतन्य सुब्बा ले र सहप्राध्यापक डम्बरध्वज चेम्जोङले विश्लेषणात्मक टिप्पणी गर्नुभएको हो । **राजी** जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्नेछ भन्ने अपेक्षा

गरिएको छ। यस प्रकाशित पुस्तकमा व्यक्त विचारहरू लेखकका निजी हुन्।

अन्तमा अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखक, राजी शाल्म समाज, केन्द्रीय समितिको सहकार्य, यो कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नुहुने प्रतिभा पुन साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्ष रूपमा जोडिनुभएका महानुभावहरूलाई एकमुष्ट धन्यवाद व्यक्त गर्दछु।

सरीना गुरुङ
शाखा अधिकृत
प्राज्ञिक तथा अनुसन्धान महाशाखा

राजी शाल्म समाज

नेपाल कार्यालय टीकापुर, कैलाली

पत्र संख्या
चलानी नं.

मन्तब्य

राजी जाति नेपालको मध्ये पश्चिम र सुदुर पश्चिममा वसोवास गर्दछन। सूचिकृत आदिवासी जनजाति मध्ये लोपोन्मुख समूह भित्र पर्ने राजी जातिको आफ्नै भेषभुषा, रितिरिवाज, संस्कृति, मातृभाषा रहेको छ। राजी जाति बाँके, वर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर गरेर ५ जिल्लामा वसोवास गर्दै आएको छ। राजीको सवैभन्दा बढि जनसंख्या नेपालको तराईको भजनी भित्र बसोवास गर्दछन। पेशाले राजी जाति माझी जस्तै हो, रितिरिवाज चालचलन फरक भएको राजी जाति भित्री वन्डाल र तराईको भू भागम रहेको छ। राजी जातिको जनसंख्या कम हुनका साथै शिक्षा, स्वास्थ्य ,आर्थिक, राजनीतिकबाट पछाडि पारिएको जाति हो।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले अल्पसंख्यक तथा लोपोन्मुख राजी जातिको चिनारी अध्ययन अनुसन्धान गराई राजी जातिको चिनारी पुस्तक प्रकशन गर्न लागेकोमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई यस राजी शाल्म समाज संस्थाको तर्फबाट धैरै धैरै शुभकामनाका साथै धन्यवाद दिन चाहान्छु।

त्यसैगरि अध्ययन अनुसन्धान गर्ने दल बहादुर आङ्बुहाङ, मिन राजी लगायत सम्पूर्ण राजी जाति तथा पुस्तक प्रकाशनमा संलग्न सबैलाई राजी शाल्म समाज संस्थाको तर्फबाट धैरै धैरै धन्यवाद दिन चाहान्छु।

तारा राजी
का.बा.अध्यक्ष
राजी शाल्म समाज

कृतज्ञता

नेपालको एक लोपोन्मुख आदिवासी राजी जातिको सामाजिक-मानवशास्त्रीय अध्ययन गर्ने कार्यक्रम तर्जुमा गरी सो अध्ययन-अनुसन्धान गर्ने अवसर प्रदान भएकोमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

यो अध्ययन-अनुसन्धानका लागि पूर्व तयारी स्वरूप प्रतिष्ठानकै आयोजनामा अभिमुखीकरण कार्यक्रम भई अध्ययनको सैद्धान्तिक, व्यावहारिक तथा विधिगत निर्देशन दिई मार्गदर्शन गर्नु-गराउनु हुने विद्वान अग्रज गुरुहरू प्रा.डा. ओम गुरुङ र डा. कृष्ण बहादुर भट्टचनप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

आदिवासी राजी जातिको सामाजिक-मानवशास्त्रीय अध्ययन-अनुसन्धान गर्ने क्रममा मलाई मार्गनिर्देशन सहित प्रतिवेदनको पाण्डुलिपि अध्ययन गरेर समीक्षात्मक सल्लाह, सुझाव प्रदान गर्नुहुने अग्रज विद्‌वान समाजशास्त्री डा. चैतन्य सुब्बा तथा मानवशास्त्री डा. डम्बर चेम्जोङ्प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

आदिवासी राजी जातिको बसोबास रहेको क्षेत्र सुदूरपश्चिम तराई कैलाली जिल्ला गौरीगंगा नगरपालिका वडा नं. ३ कुचैनीका स्थानीय अनुसन्धान तथा लेखक सहयोगी मिनबहादुर राजी मार्फत क्षेत्रकार्य गर्ने क्रममा साथ-सहयोग गर्दै विभिन्न सूचना प्रदान गर्नुहुने स्थानीय सहयोगीहरू गौरीगंगा न.पा. ३ झिलका किसन बहादुर राजी, घोडाघोडी न.पा. ८ जरहीका विहारीलाल राजी र कैलालीकै दक्षिणी क्षेत्र भजनी न.पा. वडा नं. ९ भजनी भुरुवा निवासी साजन राजी तथा परिवार र समस्त गाउँवासीप्रति विशेष धन्यवाद प्रकट गर्दछौं ।

यस अध्ययन कार्यमा सहजीकरण गरी साथ सहयोग गर्नुहुने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान प्राज्ञिक शाखाका अनुसन्धान अधिकृत सरीना गुरुङ र शाखा अधिकृत राम मादेन लगायत समस्त पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

दल बहादुर आङ्बुहाङ
मिन बहादुर राजी

विषय सूची

परिच्छेद १

परिचय १

१. राजी जातिको परिचय १

१.१ पुर्ख्यौली थातथलो ८

१.२ भौगोलिक क्षेत्र ८

१.३ जनसङ्ख्या ९

१.४ भाषिक-धार्मिक समूह १०

१.५ वर्तमानमा सघन बसोबास क्षेत्र १२

१.६ राजी आफूले आफैलाई चिनाउँदा १४

१.७ अरूका नजरमा राजी १५

परिच्छेद २

राजी इतिहास १७

२.१ राजी जातिको उत्पत्ति इतिहास १७

२.२ किंवदन्ती, परम्परागत विश्वास र लोकप्रिय जनश्रुतिहरू १९

२.३ आदिवासीवादी इतिहास २२

२.४ आदिवासी र हिन्दुसँग सम्बन्धित २३

२.५ भूमि र आदिवासीसँग सम्बन्धित इतिहास २४

२.६ बसाइँसराइको इतिहास २५

२.७ अन्य समुदायसँगको अन्तरसम्बन्ध, सम्मिश्रण र घुलमिलको इतिहास २५

२.८ भूमि र इतिहास २६

२.९ महत्त्वपूर्ण पुर्खाहरू २६

२.१० लिखित-अलिखित इतिहास २८

२.११ किंवदन्ती, परम्परागत विश्वास, लोकप्रिय जनश्रुतिहरूको विविधता र विवाद ३१

परिच्छेद ३

राजीका भूमि सम्बन्ध र भौगोलिक अवस्था ३३

३.१ पहिचान र भूगोल ३३

३.२ मूलथलो र साँध-सिमाना ३४

३.३ मूलथलो र त्यसका आदिवासी नामहरू ३४

३.४ बसाइँ सरेर बसोबास भएका ठाउँहरू ३५

३.५ मूलथलोसँग अन्योन्याश्रित सम्बन्ध ३६

३.६ महत्त्वपूर्ण भौगोलिक क्षेत्र तथा स्थानहरू ३७
३.७ जल, जमिन, जङ्गल, खानी, चरण र जैविक विविधता ३७
३.८ भूमिहरण र विस्थापनको इतिहास ३७

परिच्छेद ४

राजी वासस्थान ३९
४.१ राजीको वासस्थान ३९
४.१ वासस्थानका प्रकार ४०
४.२ बस्ती एक ठाउँमा वा छरिएको अवस्थामा ४०
४.३ घरहरूको बनोट र आकारप्रकार ४१
४.४ गाउँको जातीय पहिचान ४२
४.५ घरभित्र र बाहिरका स्थानहरू ४२

परिच्छेद ५

राजी सामाजिक संरचना ४५
५.१ राजी जातिको परिवार ४५
५.२ थर-उपथर र गोत्र ४६

परिच्छेद ६

राजीको धर्म, संस्कृति र चालचलन ५५
६.१ राजीको धर्म ५५
६.२ मूलभूत धार्मिक दर्शन र विश्वास ५५
६.३ परम्परागत धार्मिक संघसंस्थाहरू ५५
६.४ परम्परागत देवीदेवता, कुलदेवता र भूतप्रेत ५६
६.५ राजीका पुरोहित वा धार्मिक नेताहरू ६२
६.६ धामीझाँक्री परम्परा ६३
६.७ ऐतिहासिक महत्त्वका धार्मिक, सांस्कृतिक सम्पदा र वर्तमान स्थिति ६३
६.८ प्रमुख धार्मिक पूजाआजा, संस्कार र चाडपर्व ६४
६.९ घरभित्र गरिने पूजाहरू ६४
६.१० कूलदेवता, पूर्खा, भुमी र प्रकृति पूजा ६४
६.११ गाउँ र समुदायमा सामूहिक रूपमा गरिने पूजा ६४

परिच्छेद ७

राजीका जीवनचक्र र संस्कारहरू ६७
७.१ जन्म संस्कार ६७
७.३ मृत्यु संस्कार ७२

परिच्छेद ८

राजी धर्म-संस्कार र लैङ्गिक सम्बन्ध ७७

 ८.१ धर्म-संस्कार र लैङ्गिक पहिचान ७७

 ८.२ धर्म-संस्कार र चाडपर्वमा महिलापुरुषको नेतृत्वदायी भूमिका ७७

 ८.३ स्त्री शक्तिको अवधारणा ७८

 ८.४ आदिवासी धर्म-संस्कारमा चोखोजुठोको मान्यता ७९

 ८.५ आदिवासी धर्म-संस्कार र महिलापुरुष ८०

परिच्छेद ९

राजीको आर्थिक जीवन ८१

 ९.१ परम्परागत जीवीकोपार्जन पद्धति ८१

 ९.२ उत्पादनका साधन र उत्पादन सम्बन्ध ८३

 ९.३ सम्पत्तिको अवधारणा ८३

 ९.४ अतिरिक्त उत्पादन र वितरण प्रणाली ८३

 ९.५ राजी र भूमि सम्बन्ध ८४

 ९.६ परम्परागत रूपमा प्राकृतिक स्रोत-साधनको व्यवस्थापन प्रणाली ८५

 ९.७ खाद्य सुरक्षाका लागि आदिवासी प्रणाली र वर्तमान स्थिति ८५

 ९.८ परम्परागत ज्ञान, सीप र प्रविधि ८६

 ९.९ परम्परागत आर्थिक संस्था ८७

 ९.१० गैरपरम्परागत पेसा ८८

 ९.११ बँधुवा मजदुरी ८९

परिच्छेद १०

राजीको राजनैतिक प्रणाली ९१

 १०.१ राजी शासन प्रणाली र संगठन ९१

 १०.२. वर्तमान अवस्था ९२

 १०.३ राजी न्यायप्रणाली ९२

 १०.४ वर्तमान अवस्था ९२

 १०.५ राजीका सामाजिक संस्थाहरू ९३

 १०.६ वर्तमानका आधुनिक संस्था ९३

परिच्छेद ११

राजी भाषा ९५

 ११.१ राजी भाषा ९५

 ११.२ राजी भाषाको अवस्था ९६

 ११.३ राजी भाषाका वक्ताहरू ९७

११.४ लेख्य परम्पराको स्थिति ९७
११.६ लिपि, शब्द, सङ्ग्रह, शब्दकोश, व्याकरण, पाठ्यपुस्तक र साहित्य ९८
११.७ राजी भाषाको वर्णवैज्ञानिक अध्ययन ९८
११.८ राजी भाषामा शिक्षाको स्थिति १००
११.९ राजी भाषाका केही शब्दसूची १००

परिच्छेद १२

राजीको शैक्षिक अवस्था १०३
१२.१ आदिवासी शैक्षिक प्रणाली, संस्था र वर्तमान अवस्था १०३
१२.२ वर्तमान साक्षरता र शैक्षिक अवस्था १०५

परिच्छेद १३

राजीको स्वास्थ्य अवस्था १०७
१३.१ आदिवासी औषधोपचार पद्धति र वर्तमान अवस्था १०७
१३.२ आदिवासी वा परम्परागत स्वास्थ्यकर्मीहरू १०९
१३.३ परम्परागत औषधोपचार पद्धतिको अवस्था १०९
१३.४ विद्यमान औषधोपचारको विधि ११०

परिच्छेद १४

राजीको आधारभूत, चाडपर्व, खानपान र लोकवार्ता ११५
१४.१ राजीको आधारभूत, चाडपर्व र खानपान ११५
१४.२ राजीको चाडपर्व ११७
१४.३ राजीको खानपान ११८
१४.४ राजीको लोकवार्ता ११९

परिच्छेद १५

राजी जीवनशैलीमा निरन्तरता र परिवर्तन १२१
१६.१ राजी जीवनशैलीमा निरन्तरता १२१
१६.२ राजी जीवनशैलीमा परिवर्तन १२३
१६.३ अपेक्षित परिवर्तन १२४
१६.४ अनपेक्षित परिवर्तन १२५

सन्दर्भसूची १२८

तालिका सूचि

तालिका १. राजी जातिको जनसङ्ख्याको तुलनात्मक अध्ययन १०
तालिका २. राजीहरूको मुख्य बसोबास क्षेत्र र घरधुरी विवरण १३

तस्वीर सूचि

तस्वीर १ राजीले जङ्गलको च्याँगे सिमल र रुख नकाट्न भनी गराइएको सर्त र सिफारिस ३०
तस्वीर २. कैलाली जिल्लाको भजनी न.पा. वडा नं. ९ मा रहेको बाह्रबण्डाले राजी गाउँ ३९
तस्वीर ३. कैलाली जिल्ला भजनी न.पा. वडा नं. ९ मा रहेका नदी किनारका राजी गाउँ ४०
तस्वीर ४. कैलाली जिल्ला गौरीगंगा न.पा. ३ कुचैनी जङ्गल छेउमा रहेका राजीका पुराना र नयाँ घरहरू ४१
तस्वीर ५. कैलालीको गौरीगंगा न.पा. वडा नं. ३ को झिलगाउँमा रहेको एक पुरानो राजीघर ४१
तस्वीर ६. राजीको घरबाहिरको रहेको बिहान बेलुकी आगो ताप्ने ठाउँ ४२
तस्वीर ७. राजी जातिको घरभित्रको भित्री भाग धुरीखम्बा, अगेना र देवता पुज्ने ठाउँ ४३
तस्वीर ८. राजीको पितृ पूजास्थल घरको मूल वा धुरीखम्बा ५७
तस्वीर ९. नौकुले राजीले मान्ने बन्दाली राजीको अगुवा देवता 'माटोको ढिस्को' ६०
तस्वीर १०. राजीको घरछेउ आँगनमा भएको देउता पुज्ने घर ६२
तस्वीर ११. राजीका मौरीमह काढ्ने र माछा मार्ने सामग्री ८४
तस्वीर १२. कैलाली जिल्लाको भजनी न.पा. वडा नं. ९ स्थित् भुरुवाको सोनपाल आधारभूत विद्यालय १०५
तस्वीर १३. कैलीलीको सोनपाल आधारभूत विद्यायल प्राङ्गणमा खेल्दै गरेका विद्यार्थीहरू १०६
तस्वीर १४. राजी जातिले परम्परागत रूपमा हाड मड्किँदा वा भाँच्चिदा प्रयोग गर्ने औषधि 'हट्टाजोर' ११४
तस्वीर १५. राजी पुरुष-महिलाहरू परम्परागत वेषभूषामा ११६
तस्वीर १६. राजी महिलाले पहिरने गरगहना र उक्त पहिरनमा राजी महिला ११७

परिच्छेद १

परिचय

१. राजी जातिको परिचय

राजीहरू भन्छन्ः

“हामी राजीहरू त-

गिट्ठा टेगुनाको भात,

गुना बाँदरको साथ।”

गिट्ठा तरुलको भात खाने। कालो मुखहुने गुना बाँदरको साथ लाग्ने जाति हौं। त्यस्तै थिएछ राजीको जिन्दगी पनि गुना बाँदरको जीवनचर्या जस्तै। गुना बाँदर पनि कहिल्यै एकै ठाउँमा बस्दैनन्। त्यस्तै, जहाँ तरुल त्यहाँ राजी बस्दथे।

उहिले राजीका पुर्खाहरू महाकालीको महेन्द्रनगरदेखि कर्णालीसम्म जङ्गलै जङ्गल हिँड्थे रे। दक्खिनमा तल मोहना खोलासम्म पनि पुग्थे। यो मोहना नदी सुदूर-पश्चिम नेपालको दक्खिनमा नेपाल र भारतको सीमाना भई पश्चिम-पूर्व भई बग्ने सीमा नदी हो।

अहिले राजीहरू बसिरहेका ठाउँहरूमा पहिले कोही पनि पहाडी थिएनन्। केही समय बसेर पहाड गइहाल्थे। त्यहाँ बस्ने त राजी र राना थारूमात्र थिए। राजी र राना थारूको संस्कार-संस्कृति पनि धेरै मिल्छ। राना थारू र राजीको नाचगान पनि प्रायः मिल्छ। यो धेरै समय सँगै बसेका कारणले पनि होला। राजीको घुमफिर गर्ने इलाका महेन्द्रनगरदेखि कर्णाली नदीको चिसापानी घाटछाल (खोलाको छाल) सम्म सम्पूर्ण पूर्व-पश्चिमको भूभाग हो। दक्खिनमा तल भारतको सीमाना मोहनाखोलासम्म हो। उत्तरमा पहाडचाहिँ “हामीमाथि रारातालबाट बगेर आएकाले तेतासम्म हुनुपर्छ” (किसन बहादुर राजी, वर्ष ५९, गौरीगंगा नगरपालिका ३, भिलल राजीगाउँ, २०७६ फागुन १)।

राजी त राजा हुन्- ठूला राजा। तर जङ्गलका राजा। राजी जातिमा एउटा आहान छः

सुरुमा रुख जन्म्यो, रुखपछि राजी ।
राजीभन्दा पछि पानी, पानीपछि आगो ।
त्यसपछि मात्रै जन्मे रे- अरू जाति ।

राजीपछिको राजा चौधरी,
चौधरीपछिको राजाचाहिँ शाही ठकुरी ।
राजीलाई नै पछिबाट माझी पनि भने ।
माझी भन्दाभन्दै पछि राजी भने ।
(किसन बहादुर राजी वर्ष ५९, गौरीगंगा न.पा. ३, झिल, कैलाली)

एक राजाले भनेछन्- ''तपाइँ सत्ता चलाउनु सक्नु हुन्न । तपाइँहरू जङ्गलमा बस्नुहोस् । '' ''यसो भन्दा 'हुन्छ' भनी राजी भएकाले हामी राजी भनिएका हौं रे ।'' यो किसन राजी (वर्ष ५९, गौरीगंगा न.पा.३ झिल, कैलाली) को भनाइ हो । यस्तै एउटा आहान भारतको उत्तरप्रदेशस्थित् कुमाउको पिथौरागढमा बस्ने राजीहरूको पनि छ ।

राजीको अर्को पनि एउटा पुख्यौंली आहान छः

अरू जातिहरू भोकमरी लागे शहर पस्छन् ।
राजीहरू भोकमरी लागे जङ्गल पस्छन् ।

यसरी नै उनीहरू भोकमरीसँग जुध्न मानव निर्मित शहरभन्दा पनि प्रकृतिभित्र जङ्गलमै पसिगए ।

नेपालको सुदूरपश्चिम पहाडको मुगु जिल्लामा रारा ताल छ। उहिले एक समय, त्यो ताल फुट्यो। तालको मुन्तिर राजीहरूको गाउँ थियो। ताल फुट्दा राजीहरूको गाउँ नै बगायो। राजीहरू त्यहाँबाट बगे। बगेका राजीहरू कोही कर्णाली नदीहुँदै बगेर आए। कोही भेरी नदीहुँदै बगेर आए। कोहीलाई त तलै तराईसम्म पुऱ्यायो। ताल फुट्नु अगावै एक राजी बुढाले त सपनामा थाहा पाएका थिए। ताल फुट्दैछ भन्ने पैचान पाएका थिए। उनले गाउँले सबैलाई ''ताल फुट्दैछ हामी अन्यत्रै भागौं'' भनेका थिए। कतिले त पत्याउनै पत्याएनन्। पत्याउनेले पनि भाग्ने सल्लाह मात्र गरिरहे। ''सल्लाह गर्दागर्दै राजीको सात गाउँ नै बगायो।''

त्यै बगेका मान्छे दैलेख, सुर्खेत र छिन्चुमा पनि छन् । पहिले दैलेखमा थिए । पछि छिन्चुमा सरे ।

यसरी अझ तल बगेर आएपछि राजीहरू प्रायः सबै कैलालीको उत्तरवर्ती भित्री मधेस सुर्खेतमै बसे । कैलाली उत्तर सोल्टा, कुइने (सुर्खेतपारि), घाटगाउँ (सुर्खेत), जामु (सुर्खेत), बडीगाउँ लगायतका ठाउँहरूमा राजीहरू बसे । अर्थात् ताल फुटेर पानीले बगाउँदा जहाँ जहाँ तार लागे । त्यही त्यहीका बासिन्दा भए राजीहरू । यसरी बस्दै जाँदा राजीहरू बसाइँको हिसाबले दुई भागमा बाँडिए । ती दुई भागहरूमा माथिल्लो भेगमा बस्ने 'मल्ल टम्च्याल' भए । तल्लो भेगमा बस्ने 'तल्ल टम्च्याल' भए । त्यतिखेर तल्लो र माथिल्लो टम्च्याललाई छुट्याउने सीमास्तम्भका रूपमा एक सुनको खम्बा हालेका थिए रे । त्यो ठाउँलाई अहिले पनि ताम्चा भनिन्छ । ताम्चा पहिले कैलालीको सुँगुरखाल गा.वि.स.मा पर्थ्यो । अहिले मोहन्याल गाउँपालिकामा पर्छ । यसरी यायावर जीवन बिताउन बाध्य राजी समुदाय नेपालको एक लोपोन्मुख समुदाय हो (मेचे, २०७५) । यी घुमन्ते फिरन्ते जीवनबाट स्थायी बसोबास गर्न थालेका नेपालका एक पछिल्ला जाति हुन् । यसपछि, सायद अब राउटे जातिमात्र फिरन्ते जीवनबाट स्थायी बसोबास गर्न बाँकी छन् । राजी पश्चिम नेपाल र उत्तर भारतमा बस्ने एक जातिको नाम हो । यो 'राजा' भन्ने शब्दबाट बनेको हो । यसले कालान्तरमा राजनैतिक रूपमा उत्पीडनमा पारिएका एक राजसी घरानालाई जनाउँदछ (Fortier, 2009: 196) ।

राउटेसँग सांस्कृतिक र भाषिक सम्बन्ध रहेका राजी र वनराजी जातिहरू पश्चिम नेपाल भारतको सीमाक्षेत्रमा बस्दछन् । त्यहाँ करिब ७०० राउटे, २,५०० राजी र ३,००० जति वनराजीहरू छन् । 'राउटे' शब्द नेपाली शब्द 'राउत' बाट बनेको हो । यसको अर्थ मान-सम्मान गर्न योग्य असल मानिस भन्ने हुन्छ । यो 'राउत' भन्ने शब्द उच्च जातका परिवारले आफूलाई राजसी खानदानको देखाउन वा आफ्ना पुर्खाहरू राजा भएको देखाउन प्रयोग गर्दै आएका छन् । यसैगरी, 'राजी'को अर्थ 'सानो राजा' भन्ने हुन्छ । त्यसैले, राजीहरूले आफूलाई जातप्रथा मान्ने हिन्दु जातले राम्रो व्यवहार गर्नुपर्ने बताउँछन् । 'वनराजी'को अर्थ 'जङ्गलको सानो राजा' भन्ने हुन्छ । यसको कथा पनि राजीकै जस्तै जोडिन्छ । राउटे, राजी र वनराजीका केही फरक जातीय नाम भएपनि उनीहरूबीच नजिकको भाषिक तथा सांस्कृतिक सम्बन्ध छ । उनीहरू सबैले राउटे भाषाकै भाषिकाहरू बोल्दछन् । उनीहरूबीचको भाषा झण्डै ७० देखि ९० प्रतिशतसम्म

मिल्दछ। विगतमा उनीहरू सबै फिरन्ते जीवन बिताउँदथे। उनीहरू सबैले एकापसका उही नातेदारी व्यवस्थाजस्ता सांस्कृतिक विशेषताहरू अवलम्बन गर्दछन् (Fortier, Jana. 2009: 4)।

सम्भवतः राउटे अहिलेसम्म रहेको पछिल्लो फिरन्ते जाति हो। धेरै यस्ता फिरन्ते जातिले आफ्नो स्थिर बसोबासको जीवन सुरुवात गरेका छन्। तिनमा राजीहरू पनि पर्दछन् (Gurung 2036 V.S.)। राजी नेपालको भित्री तराइमा बस्ने एक लोपोन्मुख अल्पसङ्ख्यक जाति हो (Bhattachan 2008)। यसको मुख्य वासस्थान दाङ, देउखुरी र सुर्खेत हो। राजीहरू पनि फिरन्ता जाति नै थिए। तर हाल उनीहरू निश्चित स्थानमा बसोबास गर्न सुरु गरेका छन्। वि. सं. २०५८ सालको जनगणनामा राजीको सङ्ख्या २,३९९ देखाइएको थियो। हाल उनीहरूको जनसङ्ख्या ५,१२५ छ (CBS, 2021)। राजीमा पान्डाली, नौकुले र पूर्वीया थर छन्। उनीहरू भवानी, कालिका, कन्याकुमारी, भारी सेमाओ, सुनपाल, देउपाल, राजुवाली आदि देवीदेवताको पूजा गर्ने भएपनि निश्चित धर्म भने मान्दैनन् (शिवाकोटी, गोपाल २०६७: ११३५)।

राजीहरू नेपालमा मात्र नभएर भारतमा पनि छन्। राजीहरू हिमालय क्षेत्र भारतको उत्तर प्रदेश कुमाउको पिथौरागढ जिल्लाका विभिन्न ९ वटा गाउँमा करिब ४९६ जति बस्दछन्। तिनीहरू नेपालको सीमाक्षेत्रमा पनि पाइन्छन्। राजी गाउँहरू मुख्यगरी जङ्गल क्षेत्रमा छन्। उनीहरू खासगरी चम्पावत तेसिलको सुखी दाङ् क्षेत्रमा केन्द्रित भएर बसेका छन्। भारतको धार्चुला बजारको पूर्वतिरबाट काली नदी बग्दछ। यो नदीले नेपाल र भातरबीच प्राकृतिक सिमानाको काम गर्दछ। नेपालमा यो नदीको प्रवाह रहेको क्षेत्रलाई दार्चुला भनी चिनिन्छ। यही दार्चुलाकै उच्चारणको पृथकतामात्र धार्चुला हो (Krishan, 2001: 3430)। भारतमा राजीहरूलाई सेड्युल्ड ट्राइवका रूपमा सन् १९६७ मा पहिचान गरिएको थियो। सन् १९७५ मा भारत सरकारले पिटिजी (PTG) का रूपमा पहिचान दियो। तीनदेखि चार दशकअघिसम्म राजीहरू पूर्ण रूपले फिरन्ते जीवनमा थिए। त्यतिखेर उनीहरू सिकार गर्ने र खाने कुराको सङ्कलन गर्दथे। उनीहरू ओडार र अस्थायी छाप्रोहरूमा बस्दथे। यद्यपि, अहिले राजीहरू उत्तरखण्डको दुईवटा जिल्लाहरू पिथौरागढ र चम्पावतका जम्मा १२ गाउँमा छरिएर बसेका छन्। यी गाउँहरू करिब २०० वर्ग कि.मि.को क्षेत्रमा फैलिएका छन्। यी गाउँहरू समुद्र सतहबाट ९१४ देखि २२८६ मिटरसम्मको उचाइमा पर्दछन्। राजीका गाउँहरू जङ्गलका भित्री भागमा

अवस्थित छन् (Alam, Rawat, and & Harashawaradhana, et al. 2014)।

राजी यस क्षेत्रको एक पुराना जाति हो। उनीहरू 'राज्य किराँत'का सन्तानहरू भएको दाबी गर्दछन्। यो कुरा हिन्दहरूको एक पुरानो ग्रन्थ वारः संहिता (Warah Samhita)मा अभिलिखित छ। किराँतहरू भारत-मङ्गोलीयन (Indo-Mongoloid) जाति भएको मानिन्छ। यो आधारअनुसार राजीहरू पनि भारत-मङ्गोलियन जातिहरू हुन्। तर, राजीहरूको शारीरिक आकृति हेर्दा भने उनीहरू यो भारत-मङ्गोलियन जाति भएको जस्तो देखिन्नन्। शारीरिक रूपमा राजीहरू छोटा, कालो-खैरौ वा काला मानिसहरू हुन्। उनीहरूको थेप्चो नाक, सानो गोलो मुहार र कालो खुम्म्रिएको केश हुन्छ। आकृतिमा उनीहरू मङ्गोलभन्दा पनि बढी मुण्डा जातिजस्ता देखिन्छन्। उनीहरूको आफ्नै किंम्वदन्ती अनुसार पनि राजीहरू आस्कोट राजाको दरसन्तान भएको दाबी गर्दछन्। ती राजाले आफ्नै स्वेच्छाले फिरन्ते र सिकारी हुन चाहेका थिए। आस्कोट भारतको उत्तरप्रदेशस्थित् कुमाउको पिथौरागढ र धार्चुलाबीचमा रहेको एक सानो गाउँ हो। विगतमा राजीहरू घुमन्ते-फिरन्ते जीवन बिताउने जाति थिए। तर, अहिले राज्य सरकारको प्रयासले उनीहरूलाई पुनर्वास गराई बसाएको छ। विभिन्न गाउँमा खेतीयोग्य जग्गा समेत प्रदान गरेको छ।

राजीहरू काठको सामग्री बनाउनमा सिपालु हुन्छन्। विशेषतः रुखका मुढाबाट काठे आरी बनाउँदछन्। पहिले पहिले उनीहरूले बनाएको त्यो काठको आरी लिएर जङ्गलबाट केही घण्टा हिँडेर गाउँमा जान्थे। त्यो काठको आरी घरको बाहिर राखेर नजिकैको झाडीमा लुकेर बस्दथे। जब घरधनीले बिहानै घरको ढोका खोल्दथे, उसले त्यसरी राखिएको काठे आरी ढोका अगाडि पाउँदथ्यो। त्यो आरी घरभित्र लग्थ्यो। केही अन्न (चामल र मकै आदि) घरबाहिर राखेर फेरि ढोका बन्द गर्दथे। राजी झाडीबाट बाहिर आउँथे। राखेको अन्न लिएर जङ्गल फर्की हराउँदथे। यो खालको सट्टापट्टा प्रणालीमा आधारित व्यापारको आधारमा मानवशास्त्री डी.एन्. मजुम्दारले उनीहरूलाई अदृश्य ब्यापारी (The Invisible Traders) को नाम दिएका छन्। यो खालको बानीले राजीलाई एकदमै लजालु मानिसका रूपमा इङ्गित गर्दछ (Krishan, 2002)।

राजीहरूले जीवनयापनका लागि ठेकी, पाला र बाकस बनाएर नजिकका कुमानी

गाउँका मानिससँग अन्न र लुगा साट्दछन्। अहिले यसका लागि आवश्यक कच्चा पदार्थ वा काठ सरकारी वनको पकड र अभावले उनीहरूको परम्परागत पेशा सङ्कटमा परेको छ। अन्ततः राजीहरू मजदुरी काम गर्न बाध्य छन्। अझै पनि माछा मार्ने र दुम्सीको सिकार गर्नु उनीहरूको मनपर्दो काम हो। उनीहरूले पहिलेजस्तो अहिले जङ्गली कच्चा पदार्थ मालु रुखबाट बन्ने आफ्नो वस्त्र बनाउँदैनन्। त्यसको सट्टामा बजारबाट किन्न थालेका छन् (Rastogi, 2012: 12)।

राजी जाति कममात्र जानिएको आदिवासी हो। यो जातिलाई प्रागैतिहासिक किराँतहरूको वंशजका रूपमा लिइन्छ। उनीहरू भारतको उत्तराखण्डमा बस्ने अरू खस, नागा, आर्य र तिब्बतीमध्ये तुलनात्मक रूपमा पहिलेका थिए। तर, विभिन्न आदिवासी समूहको चढाइले किराँतहरू क्रमशः उत्तराखण्डबाट हराउँदै गए। अन्ततः उनीहरूका वंशजहरू कुमाउ र नेपालमा रहन पुगे। ती किराँतका वंशजहरूलाई कुमाउमा राजी भनिए। आज राजीहरू उनीहरूको प्रागैतिहासिक किराँत मूलबारे खासै सचेत छैनन्। उनीहरू आस्कोट राजाको सन्ततिका रूपमा दाबी गर्दछन्। तर, राजीहरूको जातीय जराबारे समाज-वैज्ञानिकहरू भने भिन्न मत राख्दछन्। राजीहरू आर्य-द्रविड र मङ्गोल जातिको सम्मिश्रण भएको बताइन्छ (Pandey, 2008: 389)। एता नेपालका राजीहरू आफूलाई क्षेत्री बाहुनभन्दा पनि ठूलो जातिका रूपमा दाबी गर्दछन्। उनीहरूभन्दा ठूलो जाति भएकैले ठूलो देवता मानेको पनि दाबी गर्दछन् (शेर बहादुर राजी, वर्ष ४४, गौरीगंगा नपा ३, कुचैनी, कैलाली)।

राजी नेपालको अर्ध-फिरन्ते जाति हो। मूलतः मध्यपश्चिम र सुदूरपश्चिमी भूभागका सुर्खेत, दाङ, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने लोपोन्मुख जाति हो। अल्पसङ्ख्यक यस जातिले तिब्बत-बर्मेली परिवारको आफ्नो छुट्टै भाषा बोल्दछ। नेपालका राजीले आफूले आफैलाई 'फान्' भनिएको र आफूहरूको भाषालाई 'फान् बोली' भनिएको पनि पाइन्छ (Rastogi, 2012)। राजी शब्दले जाति र भाषा दुवैको अभिव्यक्त गर्दछ। यो राजी वा रावती भाषा वनराजी, राजी, वनमनुष, वनरावत र राजबार जातिले बोल्दछन्। यी जातिहरू अहिले मध्य हिमालयको उत्तराखण्ड राज्यमा बस्दछन्। यिनीहरूलाई भारतमा राजी वा नेपालमा राउटे पनि भन्दछन्। भारतका राजीहरू आफूले आफैलाई बुल्ला भन्दछन्। यसको अर्थ राजी अरूले राखिदिएको नाम हो। उनीहरूको आफ्नै संस्कृति, विश्वास र संस्कारहरू छन्। परम्परागत शैलीको

जीवनयापन गर्ने उनीहरू माछा मार्न, जङ्गलका खाद्य पदार्थहरू सङ्कलन गर्न र जङ्गलमा सिकार गर्न रुचाउन (Maskey, 2007)। संयुक्त परिवारमा बस्ने यस जातिले भर्खरै मात्र कृषि पेसा अपनाएको छ। गिट्ठा, भ्याकुर खोजेर खाने र माछा मारी खाने प्रवृत्ति अझै छ। मङ्गोल मूलको यस जनजातिले धामी झाँक्रीमा विश्वास गर्दछ। यिनीहरूले जाँड, रक्सी र सुँगुरको मासु भोज भतेरमा चलाउँछन्। प्रकृतिपूजक राजीहरू सुनपाल, देउपाल र रजुवाली आदि निराकार देवताहरू मान्दछन् (उक्याव र अधिकारी, २०५७: ५४)।

राजीहरूले अरू हिमालयन जातिजस्तै आत्मा, भूतप्रेत र आत्मिक मार्गमा विश्वास गर्दछन्। उनीहरूको देवता इष्टदेवलाई डाँडे भन्दछन्। यो डाँडे देवतालाई बेवास्ता गर्नेलाई देवताले सजाय दिन्छ भन्ने विश्वास छ। भविष्यको बारेमा जोखना हेरी वाणी गर्ने सक्ने पुरोहितलाई 'ढुलो' भन्दछन्। विधि विधान जान्ने अग्रज पुरोहितलाई 'गान्ट पुच' र खराब आत्माहरूलाई निली पठाउने पुरोहितलाई 'झो झाम्पान' भन्दछन्। उनीहरूको मुख्य देवताका नामहरू चुर्मुल र चिप्लाकोट हुन्। आमाबुबु उनीहरूको विभिन्न प्राकृतिक प्रकोपजस्ता समस्या आइपर्दा समाधान गर्न साथ दिने देवता हुन्। समेजी खराब आत्मा भएको देवता हो, जसले उनीहरूलाई क्षति गराउँदछ। अहिले उनीहरूले देवताका थान पनि बनाउन थालेका छन्। तर, त्यो जहिले पनि बाहिरियाले नदेख्ने गरी लुकाएर राखेका हुन्छन्।

राजीहरूले बच्चाको जन्म हुनुलाई भगवानको कृपाका रूपमा बुझ्दछन्। तर, उनीहरूले ६ महिनाअघि बालकको नाम राख्ने खास कुनै संस्कार गर्दैनन्। यो सायद उच्च बालमृत्युदर भएकाले हुनसक्छ। शेर्रिङ ९क्जभचचष्लन, ज्ञढण्ट० का अनुसार सबै बच्चाका दुदुईवटा नाम हुन्छन्। एउटा हिन्दु र अर्को आफ्नै जातीय मातृभाषाको नाम हुन्छ। अहिले उनीहरूले हिन्दु संस्कार र नामहरू पनि ग्रहण गर्दै गएको देखिन्छ ९च्बकतयनष, द्दण्ज्ञद्द० । आफ्नै जातिभित्र मात्र विवाह हुने यस जातिका मानिसले मृतकको लासलाई गाड्ने गर्दछन्।

राजीहरू मानव सभ्यता विकासको सुरुदेखि नै घुमन्ते भइआएका जातिको निरन्तरता होइनन्। उनीहरू एक उच्च सभ्यतामा जिएर विशेष कारणले फेरि जङ्गलमा गएका वा धकेलिएका जातिहरू हुन्। यसको एउटा कारण प्राकृतिक प्रकोप (ताल

फुटेर बगाउनु) र अर्को राजनैतिक स्वार्थ र कलहका कारण उनीहरू जङ्गलमा प्रवेश गर्नुपरेको देखिन्छ ।

१.१ पुर्ख्यौली थातथलो

राजीहरूको संस्कार-संस्कृति, भाषा र शारीरिक आकृतिका हिसाबले उनीहरूलाई मङ्गोलियन मानव समूहअन्तर्गत समावेश गर्न सकिन्छ । यिनीहरूलाई चीन, तिब्बत र नेपाल वा हिमालयन जातिका रूपमा चिन्न सकिन्छ । हिमालय क्षेत्रका अरू जातिहरूजस्तै राजीहरू पनि विगतमा विभिन्न परिस्थितिबाट गुज्रँदै नेपाल र भारतको हिमालय क्षेत्रमा सबैभन्दा पहिले आइपुग्ने जातिहरूमध्ये एक हुनुपर्दछ । यसबारे थप अध्ययन आवश्यक छ । राजीहरूको पुर्ख्यौली थातथलो नेपालको सुदूरपश्चिम मुगु र भारतको उत्तरप्रदेश वा उत्तराखण्ड अन्तर्गत कुमाउको पिथोरागढ क्षेत्र हुन् । पछि, राजीहरू नेपालको हिमाली क्षेत्र मुगु र दैलेखहुँदै विशेष देवी प्रकोपका कारण कर्णाली र भेरी नदी पछ्याउँदै दक्खिनका पहाड र भित्री मधेसमा बसाइँ सरिआएका हुन् । नेपालका राजीहरूको पछिल्लो थातथलो सुर्खेत र कैलाली जिल्लाको उत्तरी भूभागहरू भएको देखिन्छ । यहीबाट क्रमशः राजीहरू भित्री मधेस र तराईका विभिन्न जिल्लाहरूमा बसाइँ सरेका हुन् ।

१.२ भौगोलिक क्षेत्र

राजीहरू विचरण गरेको भौगोलिक क्षेत्र नेपाल र भारतको हिमालय, पहाडी र भित्री मधेस तथा तराई क्षेत्र हो । नेपालको मध्यपश्चिम र सुदूरपश्चिम तथा भारतको उत्तराखण्ड वा उत्तरप्रदेशको कुमाउ क्षेत्र राजीहरूको भूगोल हो । राजीहरूको समग्र अध्ययनले के देखाउँछ भने, राजीहरू पहिले हालको नेपालको पश्चिमी भूभाग र भारतको उत्तरप्रदेशको कुमाउसम्म वारपार विचरण गर्दथे । पछि, नेपाल र भारतको राजनैतिक सिमानाले उनीहरूलाई दुई मुलुकमा छुट्यायो । फलस्वरूप, उनीहरू अलग अलग मुलुकका नागरिक हुन पुगे ।

नेपालका राजीहरू पहिले हाल मुगु जिल्लाको राराताल वा रारादह भएको इलाकामा बसेको बताउँदछन् । त्यहाँ उनीहरूको अरू जातिजस्तै व्यवस्थित र स्थायी

बसोबास नै थियो। तर अचानक उनीहरूको गाउँमाथि रहेको राराताल वा रारादह फुट्यो। फुटेको पानीले उनीहरूको गाउँ नै बगायो। आदिवासी राजीहरूले यो ताल फुट्दैछ भनेर थाहै नपाएका पनि होइनन्। एक राजी बुढाले राराताल फुट्दैछ भन्ने कुरा सपनामा चाल पाए। उनले गाउँलेहरूलाई, "राराताल फुट्दैछ र हामी बेलैमा अन्यत्र भागौं" भनेका पनि हुन्। तर, गाउँलेले उनको कुरै पत्याएनन्। पत्याउनेले भाग्ने कि भनेर सल्लाह गर्दा गर्दै उनीहरूको सात गाउँ नै पानीले बगायो। उनीहरू पनि त्यही बगेको गाउँसँगै बगे।

उहीहरू अझै भन्छन्ः

> राजीबै झोएँ खाइटः खाइटलः साठौं गमाङ् बरेवो।
>
> (राजीको सल्लाह गर्दागर्दै सात गाउँ बग्यो।)
>
> (रुइना राजी, वर्ष ७०, गौरीगंगा न.पा. ३, झिलगाउँ, कैलाली, २०७६ फागुन १)

राराताल फुटेर राजीहरूको गाउँ नै बगायो। कति मरे! कति बचे! बगेर बचेका राजी पुर्खाहरू पहिले त हाल डोटी जिल्लाको लिसरी भन्ने ठाउँमा आएर केही समय बसे। त्यसपछि, उनीहरू क्रमशः सुर्खेतको घाटछालतिर आए। त्यहीबाट अहिले राजीहरू आफ्नो फिरन्ते जीवन गुजार्दै भित्री मधेस र तराईका विभिन्न भूभागमा छरिएर स्थायी बसोबास गरी बसेका छन् (किसन बहादुर राजी, वर्ष ५९, गौरीगंगा न.पा. ३, झिल)। "केही राजी अग्रजहरूका अनुसार, सुरुमा राजीहरू रारातालको किनारा ढलोतिर एक गाउँमा बस्ने गर्दथे। राराताल विष्फोट भएर पानीले बगाई राजीहरू त्यहाँबाट खेदिएपछि उनीहरू नदीको किनारमा बस्न थाले" (Paudel, 2015)। त्यो नदीको किनार भेरी र कर्णाली नदीको किनार थियो। हालको सुर्खेत र कैलाली पनि त्यही कर्णाली नदीको किनार भएको भौगोलिक क्षेत्र हो।

१.३ जनसङ्ख्या

हालसम्म प्राप्त राजीको पुरानो तथ्याङ्क वि. सं. २००९-११ को जनगणना अनुसार राजीहरूको कुल जनसङ्ख्या १५१४ रहेको थियो। यसमा ३३४ जना पश्चिम र ११८० जना मध्यपश्चिम तथा सुदूरपश्चिमको तराई क्षेत्रमा रहेका थिए (Gautam and

Thapa Magar, 1994)। त्यसपछि, मनवज्र वज्राचार्य (वि.स. २०२८ सालमा) ले "नेपालको सुदूरपश्चिम भेगका अल्पसङ्ख्यक जातिका रूपमा २ हजार जति राजीहरू छन्" (वज्राचार्य २०२८: १७८) भनी उल्लेख गरेका छन्। यसरी वि.सं २०२८ सालमा २ हजार जति राजीहरूको सङ्ख्या भएको जानकारी पाइन्छ। यसैगरी, राजीहरूको जनसङ्ख्या वि.स. २०४८ (CBS, 1991) मा ३,२७४ र २०५८ साल (CBS, 2001) को राष्ट्रिय जनगणना अनुसार २३९९ रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ (CBS, 2011) अनुसार राजीहरूको कुल जनसङ्ख्या ४२३५ थियो। पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार राजनीहरूको जनसङ्ख्या हालसम्मकै सबैभन्दा धेरै ५,१२५ रहेको तथ्याङ्क छ (CBS, 2021)।

राष्ट्रिय जनगणना २०६८ (CBS, 2011) अनुसार राजीहरूको कुल जनसङ्ख्यामध्ये २१४ जना सहरी र ४०२१ जना ग्रामीण इलाकामा बस्दथे। यसैगरी, पर्यावरणीय क्षेत्र (Ecological Belt) का आधारमा हिमालमा ४, पहाडमा १३२१ र तराईमा २९१० जना बस्दछन्। क्षेत्रीय आधारमा मध्यपश्चिम र सुदूरपश्चिममै राजीहरूको बसोबास केन्द्रित रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार राजीहरूको सबैभन्दा धेरै जनसङ्ख्या मध्यपश्चिमाञ्चल पहाडी क्षेत्रमा १२७९, मध्यपश्चिम तराईमा ६२७ र सुदूरपश्चिम तराइमा २०३३ जना रहेको छ (Thapa, Dhakal, and Chaudhary, 2014)। बाँकी केही थोरै राजीहरू अन्य पूर्व क्षेत्रमा समेत बसेको तथ्याङ्क विवरण छ।

तालिका १ राजी जातिको जनसङ्ख्याको तुलनात्मक अध्ययन

वि. सं	२००९-११	२०२८	२०४८	२०५८	२०६८	२०७८
जनसङ्ख्या	१५१४	२०००	३२७४	२३९९	४२३५	५,१२५

१.४ भाषिक-धार्मिक समूह

भारतको कुमाउ र नेपालका जङ्गलहरूमा सिकारी सङ्कलक (Hunter Gatherers) का रूपमा पहिलेदेखि बसेका राउटे र राजीहरू सांस्कृतिक र भाषा-विज्ञानका आधारमा नजिकका जातिका रूपमा चिनिन्छन्। राउटेले बोल्ने भाषा 'खाम्ची' (Khaamci/Khamchi) र राजीले बोल्ने भाषा 'रावटी'

(Rawati) हो। शब्द सङ्ग्रहको तुलनात्मक भाषावैज्ञानिक अध्ययनमार्फत् तिनीहरूबीचमा नजिकको सम्बन्ध भएको तथ्य स्थापित भएको छ (Fortier & Rastogi, 2004)।

ऐतिहासिक (Diachronic) तथा क्षेत्रीय यथावस्था (Synchronic) अनुसार गरिएको भाषाशास्त्रीय तुलनात्मक अध्ययनले वास्तवमै राउटेको खाम्ची (Khaamci) र राजीको रावटी (Rawati) भाषाहरू नजिकको सम्बन्ध भएका भगिनी भाषाहरू भएको देखाउँदछ। यी भाषाहरू बीचमा पूर्व र पश्चिमका भौगोलिक क्षेत्रका बीचमा विविधता सुरु भएको सम्भवतः सय वर्ष जति मात्र भएको छ। यी भाषाहरूको ऐतिहासिक माउ वा जराभाषा एउटै भएको पुष्टी हुन्छ। हजारौं वर्षअघि यो भाषा कुनै एक सांस्कृतिक रूपमा समान वा एकता भएको समूहले बोलेका थिए। यी दुई भाषाहरूसँग तुलनात्मक रूपमा धेरै नजिक रहेको अर्को तिब्बत-बर्मी भाषा चेपाङ भाषा हो। यसपछि, मध्यहिमालय क्षेत्रका खाम र काइके मगर भाषा राजी र राउटे भाषासँग धेरै मिल्दछन्। यी नजिकका भाषाहरू राउटेको खाम्ची र राजीको रावटी वास्तवमै भिन्न तर नजिकका भाषा वा एउटै भाषाका दुई भाषिका हुन् भन्ने कुराचाहिँ विस्तृत शब्द-रूप शास्त्रीय (Morphological) र वैयाकरणीय (Grammatical) तुलनात्मक अध्ययबाट मात्र स्पष्ट हुनेछ। यो विस्तृत अध्ययन हुन बाँकी छ (Fortier & Rastogi, 2004)।

हाल नेपालमा रहेका राजीहरूको भाषा रावटी भाषा हो। तर, उनीहरूले आफ्नो भाषाको नाम रावटीभन्दा पनि राजी नै भनेको पाइन्छ। नेपालका राजीहरूको राजी वा रावटी भाषाका पनि विशेषतः ३ वटा भेद वा भाषिका भएको बुझिन्छ। भाषाका ती ३ वटा भेद वा भाषिका क्रमशः नौकुले (नौकल्या), बण्डाली (बन्दाली) र पन्ठे (पूर्वीया) भाषा हुन्। यी सामान्य भाषिक भेद वा भाषिकाहरूमा नौकुले भाषामा खस प्रभाव, बण्डाली भाषामा थारू प्रभाव र पण्ठे वा पूर्वीया भाषामा समेत हालको खस-नेपाली भाषाको प्रभाव पर्दै गएको बताइन्छ। तथापि, राजीहरू लोपोन्मुख अवस्थामा भएपनि उनीहरूको मातृभाषा आफ्नो घर, परिवार र समुदायमा व्यावहारिक रूपमै बोलेर बचाएका छन्।

राजीहरूको संस्कार-संस्कृति तथा धार्मिक विश्वास र अभ्यासको अध्ययन

गर्दा राजीहरू प्रकृतिपूजक आदिवासी देखिन्छन्। उनीहरूको आफ्नै विशिष्ट धार्मिक विश्वास र मूल्य-मान्यताहरू छन्। आफ्नै मौलिक कर्मकाण्डीय जीवन तथा मृत्यु संस्कार विधि र चाडपर्वहरू छन्। तथापि, उनीहरूका केही देवी देवताहरू खस जातिले मान्ने गरेका विभिन्न 'पाल' देवताहरू सुनपाल र रामपाल समेत छन्। उनीहरूका केही संस्कारहरूमा हिन्दूधर्म तथा खस-ब्राह्मण र थारू संस्कार-संस्कृतिको समेत प्रभाव परेको देखिन्छ।

१.५ वर्तमानमा सघन बसोबास क्षेत्र

नेपालका राजीहरूको सघन बसाइँ मुख्य गरी मध्यपश्चिम नेपालका तीन वटा जिल्लाहरू क्रमशः सुर्खेत, दाङ, र बर्दिया तथा सुदूरपश्चिमका दुई जिल्लाहरू कैलाली र कञ्चनपुरमा रहेको छ। सुर्खेत जिल्ला राजीहरूको मुख्य थातथलो हो। यो मध्य-महाडी क्षेत्र 28º 40' 26" N / 81º 35' 20" E मा अवस्थित छ। यसले २,४५१ वर्ग किलोमिटर ओगट्दछ भने कुल जनसङ्ख्या ७२,६६३ रहेको छ (CBS, 2011)। स्वेच्छाले घुमन्ते जीवन बाँचेका राजीहरूलाई अहिले उनीहरूले चाहेको ठाउँमा बस्न रोक लगाई सकिएको छ। पहिले उनीहरू वनजङ्गलमा भीरमौरी काड्दै, तरुल भ्याकुर खाँदै बाँचेका थिए। खोलानालामा नाउ चलाउँदै र माछा मार्दै बसेका थिए।

वर्तमानमा राजी जातिको सघन बस्ती रहेको अर्को क्षेत्र कैलाली कञ्चनपुर पनि हो। यस क्षेत्रमा पहिला पालवंशी राजाहरूले शासन गर्दथे। प्राचीन कालदेखि डोटी निवासीहरूले कैलाली कञ्चनपुरको बाटोबाट दक्षिणमा व्यापार गर्दथे। पश्चिमको व्यापार महाकाली नदीले बाधा पार्दथ्यो। तत्कालीन वाणिज्य केन्द्रका रूपमा धनगढी, चौमल्ला, हँसुलीया, भजनी लगायत विकसित भएका थिए। त्यहाँ डोटी, अछाम, बाजुरा, बझाङ, थलारा, जुम्ला धुलीकोट राज्यका बासिन्दाहरूले सामान किनबेच गर्दथे। उनीहरूले मह, घिउ, आँतर (चरेश), गाँजा, च्याखुरा, बाज, मृग, भेडा, बाख्रा, घोडा, याक, शिलाजित, फलफूल, जडीबुटीको खेलो गर्दथे (सुवेदी, सन् १९९५)।

राजी लोपोन्मुख अल्पसङ्ख्यक जाति हो। यसको पहिलेको मुख्य वासस्थान दाङ, देउखुरी र सुर्खेत हो (शिवाकोटी, २०६७)। अहिले सुदूरपश्चिम कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. ३ स्थित झिलगाउँमा बस्ने राजी पहिले

कैलालीकै भगवानपुरमा बस्दथे । त्यसपछि, क्रमशः कैलाशपुर, इन्द्रपुर, जरही, बच्छुरिया र बुटकौवाहुँदै अन्तमा अहिले कैलाली जिल्लाको गौरीगंगा न.पा. ३ झिलगाउँमा आइपुगेका हुन् । अहिले उनीहरू त्यही नै स्थायी बसोबास गर्न थालेका छन् । यिनै केही राजीहरू अहिले गौरीगंगा न.पा. ३ को कुचैनी गाउँमा समेत एउटा राजीगाउँ नै बनाई कुचैनी खोलाको किनार र जङ्गलको छेउमा बसेका छन्। ती सबै नौकल्या राजीहरू हुन् । कैलालीकै गौरीगंगा न.पा. वडा नं. ३ मा पर्ने पूर्वपश्चिम मुख्य राजमार्गमा एउटा राजीपुर भन्ने ठाउँ छ। अहिले यो एउटा राजमार्गमै रहेको बजार हो। यहाँ पहिले राजीहरू बसेकाले त्यो ठाउँको नाम नै राजीपुर रहन गएको हो । तर, अहिले त्यो ठाउँमा राजीहरू बसेका छैनन् । अन्यत्रै बसाइँ सरेर गइसकेका छन् । केवल नाउँमात्रै राजीपुर रहिरहेको छ ।

अहिले कैलालीको गौरीगंगा नपा ९ शङ्करपुर भन्ने ठाउँमा पनि ५-६ घरजति राजीहरू बसेका छन्। यो मूल राजमार्गभन्दा १ कि.मि. दक्खिनमा पर्दछ। यहाँ ६ घर नौकल्या राजीहरू बसेका छन् । यो राजीबस्ती पनि कतैनी खोलाको किनारमा छ। त्यस्तै कैलालीकै घोडाघोडी न.पा. ८ जरहीमा पनि १२ घर नौकल्या राजीहरू बसेका छन् । यो पूर्वपश्चिम राजमार्गको सुक्खड बजारदेखि दुई कि.मि. उत्तरमा पर्दछ। राजीहरूको अर्को एक ठूलो बस्ती कैलाली जिल्लाकै भजनी नगरपालिका वडा नं. ९ को भुरुवा भन्ने गाउँमा छ। भुरुवाको राजीगाउँमा जम्मा ५०० जति घरधुरी छन्। यिनीहरूको जनसङ्ख्या १ हजारभन्दा धेरै रहेको छ। यी सबै बाह्र बण्डाली राजीहरू हुन्।

तालिका २. राजीहरूको मुख्य बसोबास क्षेत्र र घरधुरी विवरण

क्र. सं.	जिल्ला	पालिका	वडा	गाउँ	घरधुरी	जनसङ्ख्या	कैफियत
१	कैलाली	गौरीगंगा	३	कुचैनी			नौकल्या
२	कैलाली	गौरीगंगा	३	झिल			नौकल्या
३	कैलाली	गौरीगंगा	९	शंकरपुर	६		नौकल्या
४	कैलाली	घोडाघोडी	८	जरही	१२		नौकल्या
५	कैलाली	भजनी	९	भुरुवा	४००	९९९	बण्डाली

क्र. सं.	जिल्ला	पालिका	वडा	गाउँ	घरधुरी	जनसङ्ख्या	कैफियत
६	कैलाली	भजनी	९	लाखायाँ	७०		बण्डाली
७	कैलाली	भजनी	७	चर्रा	२		बण्डाली
८	कैलाली	धनगढी		मनेरा	६		
९	कैलाली	धनगढी		भन्साररोड	१		
१०	कैलाली			सौल्टा क्यौरी			
११	कञ्चनपुर	दैजी			५		
१२	कञ्चनपुर	कृष्णपुर	५	सदसपुर	२०	८	
१३	कञ्चनपुर	बेलकोट		छेला	५		
१४	सुर्खेत	जामु		घाटगाउँ			
१५	बाँके						पूर्वीया
१६	बर्दिया						पूर्वीया
१७	दाङ						पूर्वीया

१.६ राजी आफूले आफैलाई चिनाउँदा

राजीहरू जे कुरामा पनि राजीखुशी भइजाने भएकाले राजी भनिएको भनी भन्दछन् । तथापि, राजीहरू आफूले आफैँलाई 'रैँ' र 'फन्' वा 'फान्' भन्दछन् । यसमा विशेषतः नौकल्या राजीले आफूले आफैँलाई 'रैँ' र बाह्रबण्डाली राजीले आफूले आफैलाई 'फान्' भन्दछन् । यो उनीहरूको भाषिक भेदअनुसार आफूले आफैलाई आफ्नै भाषामा 'राजी' भनेका हुन् । उनीहरू आफ्नो भाषालाई पनि 'रैँ' वा 'फन्/फान्' भाषा भन्दछन् । राजीले थारूलाई 'मोक्' वा 'भ्वा' भन्छन् । मगरलाई 'फगरक्' वा 'ग्रेङ्', गुरुङ्लाई 'गुरुङ्लै', क्षेत्रीलाई 'काचाङ' वा 'लाठाङ्' र बाहुनलाई बावन वा 'काचाङ् लाक्', पहाडीलाई 'कुचुङ्', मधेसीलाई 'देउकु' तथा दलितलाई 'दियक्' वा 'खानाङ्' भन्छन् ।

१.७ अरूका नजरमा राजी

दक्षिण एसियामा राउटे र राउटे नजिकका एकै भाषिका बोल्ने जातिहरूलाई विभिन्न नामहरू दिइएका छन्। तिनीहरू सानो राजा (राजी), राजाका दूत (रावत), वनमान्छे, वनखाने रावत र जङ्गली वा जङ्ग्याली आदि हुन् (Fortier, 2009)। अरूले राजीलाई 'राजी' नै भन्दछन्। राजीलाई छिमेकी खस-क्षेत्रीहरूले एक्दमै सोझा, इमान्दार, आत्मस्वावलम्बी जाति भएको कुरा गर्दछन्। राजीहरू आफूसँग जे छ, त्यो खाने। भरसक अरूलाई नमाग्ने। जहाँ बस्न पाए पनि बस्ने जाति भएको बताउँदछन्।

परिच्छेद २

राजी इतिहास

२.१ राजी जातिको उत्पत्ति इतिहास

हामी पहिले माटो थियौं ।
बाँदरहरू मान्छे थिए ।
बाँदरले माटो जोतखन गरे ।

हाम्रा हातका यी हस्तरेखा,
बाँदरले जोतेका धर्सा हुन् ।
हाम्रो औंलाका यी चक्र,
धर्ती जोतेका डोब हुन् ।

यी कुरा राजीका मिथक हुन् । राजीहरू यस्तै यस्तै टुक्रा टुक्री किंम्वदन्तीहरू मात्र भन्न सक्दछन् । उनीहरूलाई अरूको जस्तो आफ्ना लामा लामा कथा कुथुङ्ग्रीहरू थाहा छैन । अलि अलि सुनेको पनि बिर्सिसके । यसको अर्थ लगाउन सकिन्छ कि कुनै लोपोन्मुख जाति पूरै लोप हुनुअघि उसको मिथक वा कुथा कथुङ्ग्रीहरू लोप हुँदो रहेछ । अनि उसको भाषा, संस्कृति र जाति नै लोप हुने रहेछ ।

राजीहरू फेरि तेस्तै टुक्रे मिथकसम्म जोड्दछन्ः

एक दिन,
यो बनेको सृष्टि पनि भत्कियो रे ।
सृष्टि भत्किँदा राजीहरूचाहिँ तल दबे रे ।
राजी त्यो दबिएको ठाउँ खोलेर निस्केका रे ।
तेसको बातमा पानी निक्ल्यो रे ।
उसको बातमा वृक्ष उम्रियो रे ।

यी मिथक कथाले सायद राजीको सृष्टिप्रतिको धारणा व्यक्त गर्दछन् । उनीहरूको आफ्नो जीवन र जगतप्रतिको बुझाइ सङ्केत गर्दछन् । त्यसमा आफू दबिएर रहनु परेका

विगतहरू प्रतिविम्बित हुन्छन् । साथमा, प्रकृतिका अनुपम स्रोतहरू पानी र वृक्षप्रतिको अन्योन्याश्रित सम्बन्ध पनि झल्किएका छन् ।

पुनश्चः राजीहरू आफूले आफैलाई उत्प्रेरित र उद्धेलित गर्न भन्दै आएका छन्ः

हामी राजी त,
पानीभन्दा एक दिन जेठो,
रुखभन्दा दुई दिन जेठो ।
रुख नचढ्ने राजी हुँदैन ।
राजीले चढ्न नसक्नै रुखै हुँदैन ।
नाउँ नखियाउने राजी हुँदैन ।
राजीले नाउ नखियाउने ठावैँ हुँदैन ।

राजीको उत्पत्ति मिथकबारे राजीहरू केही सम्झेको कथा भन्छन्ः

देउताले पहिले त हामीलाई
सुनले बनाएका रे ।
बनाएर बोलाउँदा हामीलाई
हामी त बोलेनौं रे ।
पछि फेरि देउताले हामीलाई
माटोले पो बनाएका रे ।
त्यसरी बनाई हामीलाई
सुनपानीले छर्किए रे ।
अनि फेरि बोलाउँदा हामीलाई
त्यसपछि मात्र बोलेको रे ।
(राजीहरूमाझ गौरीगंगा ८, जरही छलफल २०७६ फागुन ३)

आफ्नो आगमन बारे राजीहरू भन्छन्-

हामी पहिले त खै कता हो-
पूर्वबाटै आएको रे ।
हिमालपूर्व कि कता ?

पूर्व मोरङ, चितवनतिरबाटै आएको रे ।
अनि,
सुर्खेतमा चाहिँ मुगु रारातालबाट आएको रे ।

यस प्रसङ्गले राजीहरूको बसाइँसराइबारे मधुरो इतिहासहरू बताउन खोजेको भान हुन्छ । उनीहरूको "पूर्वबाटै आएको" भन्ने कुराले यो हिमालय क्षेत्रमा पनि उत्तर-पूर्वबाट आएको सङ्केत गर्दछ । वा, "पूर्व मोरङ-चितवनबाट आएको" भन्नाले दक्षिण-पूर्व तराईको बाटो भई आएको भन्ने विशेष बसाइँसराईको मार्गको समेत इङ्गित गरेको हुन सक्दछ । यो आई??? हालको थातथलो सुर्खेतमा नभएर अलिक माथि मुगुमा सबैभन्दा पहिले आएको मार्गको दिशा पनि हुन सक्दछ । मुगुदेखि तल झरेर सुर्खेत सेरेफेरो वा वरपरि फिरन्ते जीवन विचरण गर्ने क्रममा कोही मानव जाति वा समुदायसँग केही मिलन वा मिश्रण भएको कुराको सङ्केत पनि हुन सक्दछ ।

राजीहरू आफै पनि भन्दछन्ः

हामी राजीहरू,
चारैतिरबाट आएका छौं ।
महाकालीदेखि चिसापानी, कर्णालीसम्म
चिसापानी कर्णालीहुँदै भित्री मधेससम्म
भीरमौरी काड्दै, माछा मार्दै आयौं ।
जडीबुटी निकाल्दै, नाउ खियाउँदै आयौं ।
(किसन बहादुर राजी, वर्ष ५९, गौरीगंगा न.पा. ३, झिल, कैलाली) ।

केही अध्येताहरूले राजीहरू कर्णाली नदीको दोभान सुर्खेतको छिन्चु अथवा जामुकुइने भन्ने ठाउँतिर उत्पत्ति भएको हो पनि भनेका छन् (लिम्बू २०५८, गुरुङ २०६४) ।

२.२ किंवदन्ती, परम्परागत विश्वास र लोकप्रिय जनश्रुतिहरू

भारतमा रहेका राजीहरूको अध्ययनअनुसार जब राजीहरूको संसार सुरु भयो, त्यहाँ दुई राजपुत दाजुभाइहरू थिए । तिनीहरूमध्ये जेठोचाहिँ सिकारी भई जङ्गलमा बस्दथ्यो भने कान्छोले जमिनमा खेती गऱ्यो र निश्चित वासस्थान बनायो । कान्छो भाइले संसारको

सरकार चलाउने जिम्मेवारी पायो अनि उसले आफ्नो दाजुलाई भन्यो, ‘‘यहाँ एकै देशमा दुई जना राजाहरू रहन सक्दैनन् ।’’ यसैले जेठो दाजुचाहिँ जङ्गलतिर पस्यो । उनकै सन्ततिहरू राजी भए, जसले न खेतीपाती गर्दछन् न त स्थायी रूपमा बसोबास नै गर्दछन् (Atkinson, 1884: 367) ।

नेपालका राजीहरूका अनुसार उनीहरू सुरुमा राराताल वा रारादह नजिकैको रारागाउँमा बस्दथे । त्यो राराताल फुटेर उनीहरूको रारागाउँ नै तालको पानीले बगायो । कोही राजीले उनीहरू बसेको रारागाउँमा अर्को तालको पानी फुटेर आई वा मूलफुटेर रारागाउँनै पछि रारातालमा परिणत भएको कुरा पनि गर्दछन् । यही राजीको भनाइसँग मिल्ने एउटा राजीइतर समाजमा भनिने किंवदन्ती पनि छ । यसले पनि सो ताल पहिले फुटेको वा त्यही ताल भएको ठाउँमा पहिले राजीको रारागाउँ भएको सङ्केत गर्दछः

> किंवदन्तीअनुसार यहाँ (रारातालमा) पहिले मानिसहरूको बस्ती थियो । एक दिन एक जना साध (साधु?) आई एउटा घरमा भिक्षा माग्न पुग्दा घरकी बुढीयाले भिक्षा दिन ढिलो गरेकोले ‘भिक्षा नदिए आफ्नो टाउको फोड्छु’ भनी कराउँदा बुढियाले रिसले ‘टाउको फोड्छौ भने फोड, मलाई के र’ भन्ने जवाफ दिएको कुरा सुन्दा त्यस साधुले आफ्नो खप्पर फोडेछ र सारा गाउँ नाश भई दहमा परिणत भयो (श्रेष्ठ २०४४: १३३) ।

मुगु कर्णाली नदीको किनारबाट चार घण्टाको ठाडो उकालो चढेपछि उत्तर लाटाज्यूजूर, पूर्व भदाली डाँडो, दक्षिण चुच्चेमारा र रिकदह तथा पश्चिम खिरौलेका गगनचुम्बी लेकहरू चारैतिर प्रतिबिम्वित भएको विशाल उपत्यकामा ‘रारादह’ छ । सुन्दर उपवनले सिँगारिएको यो दह समुद्रको सतहबाट अन्दाजी ३,०४९ मिटर (१०,००० फीट) को उचाइमा अवस्थित छ । यो तालको क्षेत्रफल चार वर्गमील (१०.४ वर्ग किलोमिटर) भएको अनुमान गरिन्छ । यसको गहिराइको हकमा ‘सातवटा राँगाको छालाको न्यान्द्रो बनाई टुप्पामा ढुङ्गा बाँधेर डुबाउँदा पनि यसको सतह फेला पार्न सकिएन’ भन्ने किंवदन्ती छ । तालको पानी बाह्रै महिना अत्यन्तै चिसो हुन्छ । तालको बसाइँ हेर्दा त यसको निकास नै छैन होलाजस्तो लाग्छ । यसको पूर्वी किनारा पश्चिमी किनाराको तुलनामा केही होचो छ । तर पानी भने पश्चिमी किनाराबाटै बाहिर निस्केको छ । किंवदन्तीअनुसार ‘ठाकुरजी छायानाथले तालको पूर्वी किनाराबाट बाण हानेर पश्चिममा

प्वाल पारेर पानी बाहिर पठाइदिएका हुन्' । ठाकुरजीले बाण हान्दा घुँडा टेकेर खोपिल्टो परेको भनिने ढुङ्गा तालको पूर्वी किनारामा छ। यस तालको पानीको स्रोत कता छ ? त्यो त देखिँदैन । तर तालबाट निस्केर गएको पानीबाट खत्याड खोलो बनेको छ। यसरी पश्चिम निकास भएकाले त्यस ताललाई कुनै प्रकारको तिर्थस्थल मानिएको छैन (श्रेष्ठ २०४४: १३३) ।

हर्क गुरुङ (सन् २००७: ४१-५२) को अध्ययनअनुसार रारादह र राराताल नाम फरक भनिए पनि यसले उही एकै राराताल र रारादहको दुईवटा नाम भएको बुझिन्छ। सम्भवतः यही रारागाउँबाट विस्थापित भएपछि राजीहरूको अर्को फिरन्ते जीवन सुरु भयो। उनीहरूको आफ्नो बस्ने जमिन भएन। खानाको खोजीमा लामो समयसम्म घुमन्ते जीवन बिताउन बाध्य भए। यसपछि उनीहरूको यायावर जीवन नेपालको हिमालय तथा पहाडीक्षेत्र मध्यपश्चिम र सुदूरपश्चिमहुँदै भारतको उत्तराखण्ड कुमाउको पिथौरागढसम्म वरपर आउजाउ भइरहयो। यसरी फिरन्ते जीवनयापन गरिहरहँदा उनीहरूको कुनै निश्चित बस्ने जग्गा थिएन ।

यसबेला उनीहरू विभिन्न राजाहरूसँग पनि भेट भइरहे । भेट भएका राजाहरूसँग पनि केही संवाद र अन्तर्क्रियाहरू भइरहयोः

राजाले हाम्रा पुर्खालाई कहाँ बस्ने भनेर सोध्दा-
'यही बस्छौं', 'यतिमै बस्छौं' भनेर बस्न 'राजी' भए रे ।
अनि राजी भइयो (किसन बहादुर राजी, वर्ष ५९, गौरीगंगा नपा ३, झिल,
कैलाली) ।

राजीहरूका केही किंवदन्तीहरूले उनीहरू पहिले विभिन्न जङ्गली जनावरहरूसँग बच्न पटकपटक जुध्नु परेको कथाहरू सम्झाउँदछः

पहिले मान्छे र बाघको लडाइँ भयो रे ।
मान्छे बाघसँग लड्दा लड्दा थाकेर बस्दा सुतेछ।
त्यतिखेर बाघले आएर बलियो मान्छेको नशा नशा थुतेर लगेछ।
अनि अहिले पनि हामीले नाडी कस्दा खोपिल्टो परेको हो ।
त्यो मान्छेको नाडीबाट बाघले नशा झिकेर लगेको खाली ठाउँको डोब हो ।

(सेरबहादुरा राजी, वर्ष ४४, कुचैनी गाउँ, गौरीगंगा न.पा. ३, कैलाली) ।

२.३ आदिवासीवादी इतिहास

भारतका राजीहरूलाई सर्वप्रथम सन् १८२३ मा कुमाउका कमिसनर जी. डब्ल्यु ट्राइल (G.W. Traill) ले लिखित रूपमा चर्चामा ल्याएका हुन् (Rastogi, 2015)। जर्ज भ्यान् ड्रिम् (Van Driem, 2001) ले राजीहरूलाई दक्षिण एसियाली मङ्गोलियन जातिका रूपमा लिएका छन् । अर्का अध्येता एड्विन एकिन्सन (Atkinson,1884: 365) ले राजीहरू पनि किराँत नै भएको दाबी गरेका छन् । उनका अनुसार किराँतहरू एक समय हाल राजी जातिहरूको बसोबास रहेको कालीको आस्कोट वरपर पूर्व-पश्चिमसम्म रहेका थिए । यो उत्तराखण्ड भारतको कुमाउमा पर्दछ । जातिशास्त्रीहरूबाट मिस्टर ट्राइल (Mr. Trail) को प्रतिवेदनमा उल्लेखित थोरै हरफका आधारमा सधैं राजीहरूलाई ख्याल गरिएको छ । त्यहाँ यो भनिएको छ कि राजीहरूः

> (राजीहरू) आफै कुमाउका भूमिपुत्र राजाको एक वंशजको रूपमा प्रतिनिधित्व गर्दछन् । ती राजा एक राज्य अपहरण गर्न खोज्ने राज्यापहारीको चेतावनी र क्षतिबाट फुत्किन आफ्ना परिवारसहित जङ्गल पसे । रावत वा राजीहरूले शाही मूलको हकमा प्राप्तहुने कुनै व्यक्तिगत पद र स्वाभाविक सम्मान त्यागे । (Atkinson, 1884: 365)
>
> उनी थप यो पनि भन्छन् त्यहाँ राजी र कुमाउनी बीचमा "एक पूरै भाषिक बेमेल वा विविधता छ।" डा. लाथान पनि उनको धारणा प्रकट गर्छन् कि राजीहरू नेपालका चेपाङ्सँग सामिप्य छन् (Atkinson, 1884: 366)।

नेपालका राजीहरूका बारे सुरुमा मनवज्र वज्राचार्य (२०२८ः १७८) ले "नेपालको सुदूरपश्चिम भेकका अल्पसङ्ख्यक जातिका रूपमा २ हजार जति राजीहरू छन्" भनी उल्लेख गरेका थिए । यस पश्चात् विदेशी जोहान रेइनहार्ड (Reinhard, 1976: 263) ले राजीहरूको धामीझाँक्री प्रथा (Shamanism) बारे अध्ययन गरे । त्यसपछि, राजेश गौतम र अशोक थापा मगर (सन् १९९४ मा) ले राजीहरूको जातिशास्त्रीय अध्ययन गरे । नेपालका राजी जातिको सुरुवाती अध्ययनका लागि यी अध्ययनहरू कोशेढुङ्गा नै सावित छन् । यस पश्चात राजीहरूको केही जातिशास्त्रीय र भाषाशास्त्रीय तथा

उनीहरूको परम्परागत औषधिज्ञान सम्बन्धी बढी अध्ययनहरू भएका छन् । पछिल्लो चरणमा भाषाशास्त्री दुबिनन्द ढकाल (सन् २०२३) बाट राजीको भाषाशास्त्रीय अध्ययन भएको छ । यी अध्ययनहरूले राजीहरूको आदिवासी इतिहासका लागि समेत आधारभूत ज्ञानहरू प्रदान गर्दछन् ।

राजीहरूको आदिवासीवादी इतिहासले उनीहरू नेपालको एक हिमाली जातिका रूपमा सङ्केत गर्दछ । जातीय हिसाबले उनीहरू राउटे, चेपाङ, मगर र नेवारसँग समीपको भाषिक तथा सांस्कृतिक सम्बन्ध राख्दछन् । उनीहरूको सांस्कृतिक अध्ययनले राजीहरू दक्षिण-पूर्वी एसियाको याङ्सी (Yangtze) सभ्यताको एक अंशजस्ता लाग्दछन् । यसमा थप अध्ययन आवश्यक छ ।

२.४ आदिवासी र हिन्दुसँग सम्बन्धित

राजीहरूको प्राचीन इतिहासका बारेमा थप जानकारी क्याप्टेन एच. स्ट्रेचीको गाज्जीघाटको दैनिकी टिपोटबाट प्राप्त हुन्छ । त्यहाँ कुमाउका स्थानीयसँग आस्कोट जङ्गलमा पुगेर सूचना लिई उल्लेख गरेको कुरा यसप्रकार छः

> ‘राजबारी कारिन्दाले चिपुलाका दुई जना वन मानिसहरू मेरो निरीक्षणका लागि समाते । मैले उनीहरूको मुहारमा भय र मुर्खताको अभिव्यक्ति बाहेक खास उल्लेख्य केही देखिनँ । सायद तिनीहरू औषतका कुमाउनी पहारीभन्दा अलिक काला र अझ आवलमा बस्ने हिन्दुस्तानी जस्ता थिए । (Atkinson, 1884: 366)

यस अध्ययनले भारतको उत्तराखण्ड कुमाउस्थित पिथौरागढमा रहेका राजीहरूको हिन्दू वा हिन्दूस्तानीसँगको सम्बन्धबारे केही सङ्केत गर्दछ ।

नेपालका राजीहरूको बारेमा अकिन्सन थप (Atkinson1884: 367) भन्दछन्ः

> नेपालमा राजीहरू सुदूरपश्चिम जिल्ला डोटी प्रदेशको तल्लो पहाडी भेग वरपर रहेका छन् । यसले उनीहरूलाई हज्सनले भनेको चेपाङ्हरू बसेको नेपालको ठूलो उपत्यकाभन्दा पश्चिमको जङ्गल क्षेत्रमा ल्याउँदछ । यसकाकरण राजीहरू किराँती र खसियाको माझमा पर्दछन् । उनीहरूको

> भाषाबाट यो देखिन्छ कि तिनीहरू किराँतीजस्तै भूमिपुत्रका मुख्य वंश हुन् । पुराणको राज्य किराँतसँग उनीहरूलाई परिचित गराउनु पनि यही कारण हुनसक्दछ । (Atkinson, 1884: 367)

यस अध्ययनअनुसार राजीहरू हिन्दुग्रन्थ पुराणमा समेत उल्लेख हुनुले उनीहरू यहाँ हिन्दुहरू आउनुपूर्व वा हिन्दुहरूसँगै आएको वा रहेको तथ्यसमेत सङ्केत मिल्दछ ।

नेपालका अरू जातिहरूजस्तै राजीहरूमा पनि केही जातीय मिश्रणको आभास हुन्छ । आफ्नै मङ्गोलियन जातिका साथै राजीहरू खस जातिहरूसँग समेत जातीय मिश्रण तथा सांस्कृतिक प्रभाव परेको भेटिन्छ । यो कुरो उनीहरूमध्ये केहीको मुखाकृति, धार्मिक विश्वास, भाषा र संस्कारगत पक्षहरूले सङ्केत गर्दछ ।

२.५ भूमि र आदिवासीसँग सम्बन्धित इतिहास

राजीहरूको आफ्नै अनौठा देवताहरू भएको मानिन्छ । तर उनीहरूले हिन्दुका देवीदेवताहरूको पनि पूजा गर्दछन् । कुमाउका मानिस तथा वास्तवमा समग्र हिमालय क्षेत्रकै जस्तो उनीहरू स्थानीय देवीदेवता, आत्माहरू, भूतप्रेत र विशेष शक्ति प्राप्त मानिसहरूबाट शक्ति प्राप्त गर्दछन् । (Atkinson, 1884: 367)

नेपालका राजीहरूको नाउ खियाउने तथा माछा मारिखाने प्रचलनले उनीहरूको पानी र नदीसँगको अन्योन्याश्रित सम्बन्धलाई झल्काउँदछ । उनीहरूमा नदीनाला र खोलानाला बारे गहिरो ज्ञान छ । उनीहरू नदीमा नाउ खियाउन सिपालु छन् । पौडिन र खोला तर्न विशेष दक्षता राख्दछन् । यसका साथै राजीहरूले धेरै माछाका नामहरू आफ्नै भाषामा भन्न सक्दछन् । उनीहरूलाई धेरै माछाका प्रकार र विशेषताहरू राम्ररी थाहा छ । जङ्गल त राजीहरूको मुख्य आश्रयस्थल नै हो । उनीहरूलाई जङ्गलमा भएका विभिन्न औषधिजन्य जडीबुटीहरूको राम्रो ज्ञान छ । उनीहरू यही ज्ञानका आधारमा विभिन्न रोग र जङ्गली जनावरहरूसँग लड्दै जुध्दै आए ।

राजीहरूको थातथलो सुर्खेत र कैलालीको उत्तरक्षेत्रमा उनीहरूको विभिन्न देवस्थलहरू छन् । सो ठाउँमा अहिले राजीहरू नभएको ठाउँमा पनि त्यहाँ बस्ने गैर-राजी जातिहरूले राजीका देवताहरू मानिआएका छन् । कतिपय देवस्थल (जस्तै, सुर्खेतमा

रहेको देउती बज्यैको थान)मा अझै पनि राजी नै पुरोहित छन्। अरू ठाउँमा विशेष पूजाआज गर्नुपर्दा अझै राजीहरूलाई नै बोलाएर पूजा गर्ने-गराउने गरिन्छ। यसले राजीहरूको पुख्र्यौली थातथलो वा भूमिसँगको अन्योन्याश्रित सम्बन्धलाई प्रतिविम्बित गर्दछ।

२.६ बसाइँसराइको इतिहास

आधुनिक नेपाल राज्यको विस्तार हुनुपूर्व राजीहरू मुगुको रारागाउँ हुँदै भेरी-कर्णाली नदीको बाटो भएर दैलेख र सुर्खेत तथा कैलालीको उत्तर-पूर्व क्षेत्रमा रहेका थिए। त्यहाँ पनि अरू जातिको चाप र राज्यको नीतिले गर्दा राजीहरू बस्ने अवस्था नभई घुमन्ते फिरन्ते जीवन जिउँदै अन्यत्र लागेका थिए। राजीहरू पूर्वमा दैलेख, सुर्खेत र दाङ्देखि पश्चिममा कञ्चनपुर र महेन्द्रनगर महाकालीसम्म विचरण गरेका थिए। त्यसै बखत उनीहरूको एक हाँगो भारतको उत्तराखण्ड, कुमाउ पिथौरागढसम्म पुगी त्यही रहेको देखिन्छ। आधुनिक नेपाल राज्यको विस्तारले नेपालको पश्चिमी सिमाना महाकाली नदी निर्धारण भएपछि भारत र नेपालका राजीहरूको सम्बन्ध पातलिँदै टुटेको हो। अहिले थोरै जानकार नेपाली राजीलाई मात्र भारतको उत्तराखण्डमा पनि आफूजस्तै राजीहरू छन् भन्ने कुरा थाहा छ।

अहिले कैलाली जिल्लाको गौरीगंगा नगरपाललिका वडा नं. ३ स्थिति कुचैनी गाउँमा स्थायी बसोबास गरिरहेका मिन राजी (वर्ष ३५) का बुबा छत्रबहादुर 'बहादुरे' राजीहरू बाजेको पालामा माथि सुर्खेतमै थिए। उनीहरू बाबुको पालामा यहाँ कुचैनीसम्म बग्दै आएको बताउँछन्।

२.७ अन्य समुदायसँगको अन्तरसम्बन्ध, सम्मिश्रण र घुलमिलको इतिहास

पहिले राजीलाई पहाडमा माझी भन्दथे। तर नाउ खियाएकैले अरूले माझी भनेका मात्र हुन्। खासमा राजीहरू माझी नभई राजी नै हुन्। राजी र माझीको भाषिक तथा सांस्कृतिक सम्बन्ध त्यति नजिकको देखिँदैन। सुन्दा राजी र माझी एउटै नजिकका जातिहरू हुन् कि भन्ने लागे पनि उनीहरूको विशेषतः भाषिक अध्ययनले उनीहरू एकै नभएको स्पष्ट हुन्छ। राजीले बोल्ने भाषा तिब्बत-बर्मी भाषा हो भने "माझीले बोल्ने

भाषा भारोपेली भाषा परिवारको एक भाषा हो। भाषाशास्त्रीय अध्ययनले राजीसँग नजिकको भाषा वा जाति राउटे र चेपाङ् भएको देखिन्छ। यसपछि खाम र काइके मगरसँग पनि राजीको भाषा धेरै नजिक भएको पाइएको छ (माझी, २०७२)।

राजीहरू पहिले कर्णाली नदीबाट सुन निकाल्ने भएकाले उनीहरूलाई भन्नका लागि त 'सोनाहा' पनि भन्दछन्। तर राजीहरू खासमा सोनाहा पनि होइनन्। राजी नै हुन्। समग्रमा राजीहरू नेवार, मगर, चेपाङ र राउटे, थारू, किरात र खसजातिसँग नजिक छन्। यिनीहरूको अन्तरसम्बन्ध र घुलमिल पनि यिनै जातिहरूसँग भएको पाइन्छ।

२.८ भूमि र इतिहास

आदिवासी राजीहरूको सन्दर्भमा पनि उनीहरूको भूमिको पृथक इतिहास छ। आदिवासीहरू कसैको भूमिलाई अतिक्रमण नगरी आफैँले आफ्नो भूमि बनाएर बस्दछन्। राजीहरू पहिले मुगुको रारागाउँमा रहँदा आफैले पहिलो पटक ढालफाँड गरेको भूमिमा बसेका थिए। त्यहाँबाट विस्थापित भई दैलेख, सुर्खेत र कैलालीमा आउँदा पनि उनीहरू आफैले पहिलो पटक वनजड जमिन ढालफाँड गरेर बस्ने भूमि बनाई बसे। अहिले राजीहरू स्थायी बसोबास गरिरहेका विभिन्न ठाउँमा पनि राजीहरू पहिलै अरूले ढालफाँड गरेर बसेको जमिनभन्दा पनि खोला वा जङ्गलको किनारमा पहिलोपटक आफैले बस्नयोग्न जमिन बनाउँदै आफ्नै भूमिमा बस्दै आएका छन्।

२.९ महत्त्वपूर्ण पुर्खाहरू

२.९.१ सपना देख्ने राजी बुढा

राजीका एक स्मरणीय पुर्खा सपना देख्ने बुढा हुन्। राजीहरू पहिले मुगुको रारागाउँमा स्थायी रूपमा बसोबास गर्दथे। उनीहरूको गाउँमाथि हिमाल थियो। जहाँ हिमतालहरू पनि थिए। एक दिन अब राराताल फुट्दैछ भन्ने कुरा ती सपना देख्ने बुढाले सपनामार्फत चाल पाए। रारागाउँमा पानीको मूल फुटेर सिङ्गो गाउँलाई नै डुबाउँदै वा बगाउँदैछ भन्ने कुरा सबैलाई जानकारी दिँदै ती शक्तिशाली बुढाले गाउँका राजीहरूलाई भने, "अब हामी यो गाउँ छोडेर चाँडै यहाँबाट अन्यत्र भागौं। यहाँ ताल वा मूल फुट्दैछ।" धेरै राजीले त ती बुढाको कुरा पत्याउँदै पत्याएनन्। केही पत्याउनेले पनि गाउँबाट भाग्ने

सल्लाह गर्दागर्दै राजीको सात गाउँ नै बगायो ।

> राजीबै झोएँ खाइटः खाइटलः साठौं गमाङ् बरेवो ।
> (राजीको सल्लाह गर्दागर्दै सात गाउँ बग्यो ।)
> (रुइना राजी, वर्ष ७०, गौरीगंगा न.पा. ३, झिलगाउँ, कैलाली, २०७६ फागुन १)

२.९.२ *भाइ राजा र दाइ राजी*

भारतको उत्तरखण्ड कुमाउका राजीहरूको भनाइअनुसार, पहिले दुई राजी पुर्खा राजपुत राजीहरू थिए । उनीहरूमा भाइ राजा भए । दाइ पनि राजी हुन खोजे । पहिले राजा भएका भाइ राजाले दाइ राजीलाई भने, 'एकै ठाउँमा दुईजना राजा हुनु हुँदैन'' । यो कुरा सुनेर दाइ राजी जङ्गल पसे । उनी जङ्गलका राजा 'राजी' भए (Gautam and Thapa Magar. 1994: 194) ।

२.९.३ *बलुवा राजी अर्थात् ''बलुवा बाजे''*

बलुवा राजी राजीका एक पुर्खा हुन् । उनी हिँडेर नै कर्णाली नदी तर्दथे । नदी तर्दा उनी हातमा बत्तिने रसी बाट्दै जान्थे । नदी तरी पारिपुग्दा ४० हात रसी पनि बाटी सक्थे ।

बलुवा राजीबारे थप कथाः

> पहिले एता तल रेलको बाटो थियो रे । त्यतिखेर माथि कर्णालीबाट काठको तख्ता बगाएर ल्याउँथे रे । ती काठको तख्ता बगाई ल्याउने मान्छेले माथिका स्थानीय राजी महिलाहरूलाई केही नराम्रो शब्द भनेछन् । भरे घरमा आएर ''आज काठको तख्ता कर्णालीमा बगाउने देशीले एसो भने'' भनी बलुवा बाजेलाई भनेछन् । अनि त्यसरी फलेक बगाई ल्याउनेलाई बग्दै आएको फलेकसहित त्यही नदीको बीच भागमै रोकी दिए रे ।
>
> त्यो फलेक बगाउनेमा पनि केही जान्ने मान्छे रहेछन् । अनि उनीहरूले ''राजीको परिवारलाई केही भन्यौं'' भन्दा 'हो' भने रे । अनि बुझ्दा राजी महिलालाई नराम्रो शब्द भनेको थाहा भयो । अनि दण्ड सजाय भयो । त्यतिखेर १-१ रूपैयाँ दण्ड गरे रे । पैसा टोपीमा थापे रे । त्यसरी, पैसामात्र थापेपछि त आपुसे आप् ती बीचमै अल्झिएका फलेकहरू छुटेर उही नदीमा बगेर गए रे ।

ती बुढा बाघमा पनि चढेर हिँड्थे रे। (किसन बहादुर राजी, वर्ष ५९, गौरीगंगा न.पा. ३, झिलगाउँ, कैलाली)

२.९.४ *एउटी धमिनी बजै*

एक राजी बजै धमिनी थिइन् रे। उनको पनि धेरै शक्ति थियो। बाघमा चढ्ने र खोलामा हिँड्ने शक्ति उनमा पनि थियो रे। उनी बलुवा बाजेका सासू थिइन्।

२.९.५ *शक्तिशाली गुजे राजी*

अर्को शक्तिशाली राजी गुजे राजी हुन्। यिनलाई बङ्गाली पनि भन्दथे। उनी १२ वर्ष बङ्गला देशमा बसेर आएका थिए। उनले धेरै चमत्कार गर्थे रे। उनलाई मासु खान मन लागे बँदेल ल्याउने। मह चाहिए मह ल्याउने गर्थे रे। राजाले ती गुजेलाई थुनी दिएछन्। उनले राजालाई मलाई 'कुन बन्दुक दिने' भनेछन्। यसरी बन्दुक मागेपछि त अझ धेरै सजाय दिएछन्। अन्तमा पक्की कुवा (इनार) मा लगेर हालेछन्। फेरि पनि उनले 'मलाई कुन बन्दुक दिने' भन्न छोडेन छन्। अब पराल थुपारी भित्र राखेर बाहिरबाट आगो लगाई दिएछन्। फेरि पनि, "मलाई कुन बन्दुक दिने ?" भन्न छोडेन छन्। अब त सारै भएन भनेर उनलाई राजाले एउटा बन्दुक दिएर पठाए रे। पछि उनको बड्डी (श्रीमती) मरिछन्। उनी एक्लैले खाडल खनेर लाएछन्। उनले गाँजा खान्थे। गाँजाचाहिँ श्रीमतीको पटुकीमा बाँधेर गाडेछन्। पछि सम्झेर गाँजा खाडलबाट निकाल्न खोज्दा ऐरा (गोठाला) ले आएर 'के गरेको ?' भनी सोधेछन्। उनले आफूले गरेको देखाउँदै "यसै गरेको" भनेछन्। के हो भन्दा मरेकी श्रीमतीको टाउको निकालेर हल्लाएछन्। मरेको मान्छेको टाउको पछाडि गाँजा थियो। अब ती ऐराहरू राजी आयो भन्दै भाग्दा सातो हराएर मरेछन्। त्यो ठाउँ अमियासोता हो। यो अमियासोता फाँट भएको ठाउँ अहिले कैलाली जिल्लाको गोदावरी गाउँपालिकामा पर्दछ (सेरबहादुर राजी, वर्ष ४४, झिलगाउँ)।

२.१० लिखित–अलिखित इतिहास

"पहिले लडाइँ हुँदा राजीहरू घरको धुरीबाट निस्केर भागे रे" भन्ने कुरा राजीहरू गर्दछन्। यसले पहिलेको राजीको घर अहिले स्थायी बसोबास गर्नअघिको छाप्रोभन्दा ठूलो धुरी भएको रहेछ भन्ने कुरो प्रस्ट पार्दछ।

किसन बहादुर राजी (वर्ष ५९, झिलगाउँ) थप भन्छन्ः

> यो सात सालभन्दा अघिको लडाइँ हो। यो कालाको पालाको कुरा हो। यो ब्रिटिसको पालाको कुरा हो। त्यतिखेर लडाइँ हुँदा राजीहरू कर्णालीको ठूलो खोँचमा नाउबाट तरेर गई गुफामा बसेका रे। यो सुर्खेतको कर्णाली नदीमा पर्छ। कर्णालीवारि कैलाली र पारि सुर्खेत हो। त्यो ठाउँमा केही चिज बगेर आए २-३ महिनासम्म त्यही नदीको घुमाउँनेमा घुमेर बस्छ।

कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नं. ८, जरही बस्ने ८५ वर्षका एक नौकल्या राजी विहारीलाल राजीसँग भएको मिति २०५६ फागुन १३ गते रोज ६ मा ‘‘सिफारिस गरिएको’’ भनी नेपाली कागजमा हातले लेखेर राजीहरूलाई एक कागजात दिइएको पाइएको छ। यस कागजमा राजीहरू केही हिन्दु देवीदेवताहरू श्री रामचन्द्र, माता सीता र लक्ष्मणको आशिषले श्री गंगाजी पारगर्दा बाँचेको भनी अब उनीहरूले सुनपाल र मोहन्यालको पूजा गर्दै अब आइन्दा उनीहरूले कैलालीको साँडेपानी गाविसको जङ्गलको च्याँगे सिमल तथा त्यस ठाउँको कुनै रुख नकाटी केवल कन्दमुल खोजी खाँदै, माछा मार्दै र महमात्र काडी खाँदै बस्नुपर्ने सर्त गराई उनीहरूको सो संस्कारलाई बचाई राख्न सहयोग गर्न भनी कुनै अमुक....सँग सिफारिस गरिएको व्यहोराको पत्र छ।

यसमा कार्यालयको सरकारी छापसहित-
जिल्ला कैलाली, साँडेपानी नमुना गा.वि.स. का अध्यक्ष श्री देवबहादुर मल्ल
जिल्ला कैलाली, साँडेपानी नमुना गा.वि.स. का उपाध्यक्ष श्री नवराज न्यूरे
जिल्ला कैलाली, साँडेपानी नमुना गा.वि.स. वडा नं. ७ का वडाध्यक्ष श्री भवानी तिवारी-
को हस्ताक्षर छ।
यसमा अन्य बुद्धिजीवीहरू भनी-
साँडेपानी गा.वि.स. वडा नं. ६ बस्ने दिनराज भण्डारी
साँडेपानी गा.वि.स. वडा नं. ६ बस्ने लोकबहादुर मल्ल
साँडेपानी गा.वि.स. वडा नं. ७ बस्ने गोविन्दराज जोशी-
ले हस्ताक्षर गरेका छन् (हे. अनुसूची- १)।

तस्वीर १ राजीले जङ्गलको च्याँगे सिमल र रुख नकाट्न भनी गराइएको सर्त र सिफारिस



दस्तावेज स्रोत: विहारीलाल राजी (वर्ष ८५) घोडाघोडी न.पा. वडा नं. ८, जरही राजीगाउँ, कैलाली

२.११ किंवदन्ती, परम्परागत विश्वास, लोकप्रिय जनश्रुतिहरूको विविधता र विवाद

राजीहरूले आफ्नै जीवनमा भोगेका र प्राप्त गरेका अनुभवबाहेक त्यति धेरै किंवदन्ती र जनश्रुतिहरू बताउन सकेका छैनन् । उनीहरू केही किंवदन्तीहरूमा आफ्ना पुर्खाका दुःख, सङ्घर्ष, वीरता र केही गौरवका छनकहरू पाइन्छन् । उनीहरूको परम्परागत विश्वास आफ्ना पितृ देवता, पछि मान्दै आएका खस देवता र आफ्नै भूमिसँग सम्बद्ध देवता एवम् पूजाआजासँग सम्बद्ध छन् । उनीहरूको जनश्रुतिहरू आफूले मान्दै आएका केही देवताहरू जस्तै चिवार र माछा देवतासँग सम्बद्ध छन् ।

राजीहरूमा मुख्य तीन थरी नौकल्या, बाह्रबण्डाली र अट्ठार पण्ठे (पूर्वीया) बीच केही सांस्कृतिक तथा भाषिक विविधता समेत छन् । यिनमा नौकल्या राजीका संस्कारमा केही खस हिन्दु प्रभाव देखिन्छ । यसै गरी बाह्र बण्डालीमा राना थारू प्रभाव पाइन्छ भने अठार पण्ठे वा पूर्वीया बढी ब्राह्मण तथा आधुनिकताको प्रभाव भएको भनी मौलिक पहिचानका लागि केही वादविवाद समेत रहेको पाइन्छ ।

परिच्छेद ३

राजीका भूमि सम्बन्ध र भौगोलिक अवस्था

३.१ पहिचान र भूगोल

हाल राजी जातिको एउटा पहिचान नेपालको एक लोपोन्मुख आदिवासी जाति हो। राजी जातिको आफ्नै विशिष्ट भाषा, संस्कृति, धार्मिक विश्वास, भूमि र भूगोल पनि छ। यद्यपि उनीहरू अहिले सबै आफ्नो थातथलोमै एकाकार भएर बसेका छैनन्। उनीहरू आफ्नै नियति र समयमै राज्यको उचित संरक्षण तथा संवर्द्धनको अभावले लामो समयसम्म जङ्गलमै बस्ने घुमन्ते-फिरन्ते जीवन बिताउन बाध्य हुनुपर्‍यो। उनीहरू धेरै पछिमात्र स्थायी बसोबास गर्ने अवस्थामा आइपुगे। धेरै राजीहरू अर्काको हलिया तथा कमैयाको रूपमा रहन बाध्य भए। उनीहरूको परम्परागत भूमिक्षेत्र जङ्गलहरू एकतर्फी राष्ट्रियकरण भएसँगै उनीहरूलाई स्वतन्त्र रूपमा जङ्गलमा घुमफिर गरी जीवन धान्न कठिन हुँदै गयो। उनीहरूको नाउ खियाउने पेसा पनि पुलपुलेसो निर्माण र सडक विस्तारसँगै सङ्कटमा पर्दै गयो। पछि उनीहरू बसेको भित्री मधेसी भूभागमा पहाडीयाहरूको जनसङ्ख्याको चापसँगै खोलामा माछा र जङ्गलमा तरुल भ्याकुर पनि पाउन छोडे। यसले गर्दा पनि उनीहरू अझ यायावर जीवन बिताउन बाध्य भए। पछिल्लो चरणमा त उनीहरू अस्थायी रूपमा बस्ने गरेको जङ्गलको छेउ वा खोला-नदीको किनारमा बनाएको टहरा र छाप्रोसमेत अरू स्थानीयले भत्काएर आगो लगाइदिन थाले।

नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनसँगै आदिवासी जनजातिहरूको आन्दोलनले ल्याएको आंशिक अवसरले राजीहरूको पहिचान भयो। उनीहरूको अवस्थाअनुसार राजीहरूलाई नेपालका एक लोपोन्मुख आदिवासी जनजातिको रूपमा सूचीकरण गरियो। यसपछि सरकारी तथा गैरसरकारी पहलका साथै आफ्नै दुःखजिलोले राजीहरू क्रमशः घुमन्ते जीवनबाट स्थायी बसोबास गर्न थालेका छन्।

राजी जातिको भूगोल नेपालदेखि भारतसम्म छ। उनीहरू हिमालय क्षेत्रका आदिवासी जनजाति हुन्। राजीहरूको भूगोल हाल तराईक्षेत्र नेपालको पूर्वमा सुर्खेत,

बाँके र दाङ्सम्म हो। उत्तरमा हिमालय क्षेत्रको मुगु र दैलेखसम्म हो। दक्खिनमा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्म रहेको छ। पश्चिममा कञ्चनपुर, महेन्द्रनगर-महाकाली नदीहुँदै भारतको उत्तराखण्डस्थित कुमाउको पिथौरागढसम्म हो। हाल राजीहरूको घनाबस्ती नेपालको सुर्खेत, कैलाली र बर्दियामा रहेको छ।

३.२ मूलथलो र साँध-सिमाना

राजीहरूको मूल थातथलो सुर्खेत र कैलालीका उत्तरी क्षेत्रका राजी गाउँहरू हुन्। योभन्दा पहिले उनीहरू मुगुको रारागाउँ र दैलेखमा समेत बसेका थिए। पछिल्लो अवस्थामा राजीहरू भित्री मधेस र तराई क्षेत्रका सुर्खेत, कैलाली, बर्दिया, बाँके, दाङ् र कञ्चनपुरमा बसेका छन्। नेपालको कथित एकीकरणअघि राजीहरूको साँध-सिमाना नेपालहुँदै भारतको उत्तराखण्ड कुमाउँको पिथौरागढसम्म रहेको थियो। पछि, नेपाल र भारतको राजनैतिक सीमाका कारण राजीहरू दुई मुलुकमा विभाजित भए।

३.३ मूलथलो र त्यसका आदिवासी नामहरू

राजीहरूको मूलथलो सुर्खेत 'सुर' र 'क्षेत्र' मिली बनेको भनिन्छ। 'सुर' शब्दले 'देवता'लाई र 'क्षेत्र' शब्दले 'भूमि'लाई बुझाउँछ। प्राचीन संस्कृत नाम 'सुरक्षेत्र'को अपभ्रंश भई नेपालीमा 'सुर' शब्दलाई यथावतै राखी 'क्षेत्र' शब्दलाई मात्र 'खेत' भन्ने रूपान्तर गरी देवभूमिकै अर्थ बुझाउने यस क्षेत्रलाई 'सुर्खेत' भन्ने नाम दिइएको हो। यसलाई 'शूर' अर्थात् 'साहसी वीरहरू'को 'क्षेत्र अर्थात् 'मैदान' भन्ने अर्थमा 'शूरक्षेत्र भन्ने नाउ रहेको र त्यसैबाट सुर्खेत हुन गएको हो (श्रेष्ठ, २०४४: १६५-१६६) पनि भनिन्छ।

दक्षिण चुरे शृङ्खला र उत्तरमा महाभारत लेकको बीचमा रहेको ९५४ वर्गमाइल फैलिएको सुर्खेत जिल्लालाई दुईतिरबाट भेरी नदीले घेरेको छ। यसको दक्षिणी सिमाना बबै नदी हो। यसदेखि बाहेक झुप्राखोला र चिङ्गाड खोलाहरूले यस उपत्यकालाई शोभायमान पारेका छन्। यसको बीचमा पश्चिमबाट पूर्वतिर उठ्दै गएको लाटीकोइली डाँडा विराजमान रहेको छ। त्यसैमा काँक्रेविहार भग्नावशेषको रूपमा छ। काँक्रेविहारमा अहिले पनि दुइवटा मूर्तिहरू छन्, जुन बुद्धका मूर्ति हुन्। एउटा स्पष्ट देखिन्छ भने अर्को

चाहिँ भित्रतिर पल्टेको प्रस्तरको स्तम्भमा नियालेर हेर्नुपर्दछ। माथिबाट टुटेफुटेका अन्य प्रस्तर स्तम्भहरूले त्यो मूर्ति छोपिएको छ। काँक्रेविहारको सन्निकट कालीमाटी भन्ने स्थानमा विशाल स्तम्भसहितका दर्शन ढुङ्गाको एउटा ठूलो देवल छ, किन्तु देवलभित्र कुनै मूर्ति छैन। उक्त देवलमा कुँदिएको शिलालेखमा १,६५१ साल भनेर उल्लेख गरेको पाइन्छ। चौहानचौर जङ्गलको किनारमा गढी नामक स्थानमा पोखरीको बिचमा अवस्थित् एउटा मन्दिरको भग्नावशेष देखिएको छ र एउटा ठूलो (चार फुटको) मायादेवीको मूर्तिजस्तो पनि पाइएको छ। यहाँ बाह्रौंदेखि सोह्रौं शताब्दीसम्म जैनवाद र बौद्ध सभ्यताको निकै विकास भएको बुझिन्छ। यहाँ बुद्धधर्मको व्यापक प्रचार हुँदा शङ्कराचार्यले बुद्धधर्मको खण्डन गर्दै वैदिक धर्मको स्थापना गरेका थिए भन्ने किंवदन्दी पनि छ। लाटीकोइलीमा शिवको मन्दिर पनि छ। त्यहाँको शिलालेखमा अठार सय सालमा स्थापना भएको भन्ने अङ्कित छ। तापिन त्यो कतैबाट भग्नावशेष प्राप्त गरेर स्थापना गरेको होला भन्ने अनुमान हुन्छ (श्रेष्ठ, २०४४ः १६५)।

सुर्खेत र कैलालीको उत्तरी क्षेत्रमा राजीका मौलिक नाम भएका गाउँहरू अझै छन्। यिनीहरू मौरीमान (सुर्खेत), तलगाउँ (कैलाली), गोब्रा (कर्णाली किनार, कैलाली), ढडुवार, छिन्चु, घाटगाउँ, जामुकुइनी, तानापानी, कुनाथरी, कुतापचाङ र बौचौर (सुर्खेत) आदि हुन्। यी विशेषतः नौकल्या राजीका पुर्ख्यौली थातथलोहरू हुन्। यसैगरी, बाह्रबण्डाली राजीका थातथलोका नामहरू साल्टा, डुङ्ग्री, रहप्नी, मड्डीगाउँ, कुइनी, कन्चोलिङ, डामाकान्टार, राघा र कुमालगाउँ आदि हुन्। धेरैजसो राजीका थरहरू पनि यिनै ठाउँका नामबाट बनेका छन्। हाल कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. ३ अन्तर्गत पूर्व-पश्चिम राजमार्गमै पर्ने 'राजीपुर' गाउँबाहेक तराईमा अरू राजीकै नाम र भाषाबाट बनेका ठाउँहरू खासै पाइएका छैनन्। केही भएका राजीका मौलिक नामहरू पनि खसकरण भइसकेको पाइन्छ।

३.४ बसाइँ सरेर बसोबास भएका ठाउँहरू

नेपालका राजी सुरुमा मुगुको रारागाउँमा बसेका थिए। राराताल फुटेर रारागाउँ बगायो। राजीहरू पनि बगेर गए। त्यसपछि राजीहरू पनि कर्णाली-भेरीहुँदै बगे। केही राजीहरू केही समय दैलेखमा पनि बसे। पछि धेरै राजीहरू कैलालीको उत्तरी कर्णाली छाल र सुर्खेतमा आएर बसे। त्यहीँबाट राजीहरू अहिले बसेको विभिन्न जिल्ला र ठाउँमा

छरिएका हुन् । राजीहरू कैलालीमा गोदावरी नगरपालिकको खुतियादेखि पूर्वमा जोशीपुर, बर्तगोरिया नगरपालिकासम्म बस्दै आएका छन् । राजीहरू कैलालीको उत्तरमा अहिले तलागाउँ, ताम्चा, खार्कादी, तरेवा र कोलतरीसम्म बसेका छन् भने दक्षिणमा भजनीसम्म नै बसेका छन् ।

राजीहरूको कैलालीको सुँगुरखालको सोल्टा, पथरिया, टिकापुर, लालबोझी, खैलाद, मसुरिया, गौरीगंगा नगरपालिकाको कुचैनी, झिल र शंकरपुरमा नौकल्या राजीहरू बस्दछन् । यसै गरी कैलालीकै घोडाघोडी नगरपालिकाको जरहीमा पनि नौकल्या राजीहरू बसेका छन् । कैलालीकै भजनी नगरपालिकाको भुरुवा, लाख्वाँया र चर्रामा पनि राजीहरू बसेका छन् । यसैगरी, कैलालीकै धनगढी र साँडेपानीमा पनि राजीहरू बस्दछन् । कैलालीको खैलादको शिविर गाउँमा २७८ भन्दा बढी राजी घरधुरीहरू रहेका छन् । सुर्खेतको घाटगाउँ, तातापानी, विधापुर, बबियाचौर, पोखरीदह, कुनाथरी, तरङ्गा, हरिहरपुर, उत्तरगंगा, लाटीकोइली, कल्यान, छिन्चु, रामघाट, धगाचौर, मेल्कुना, मालारानी र मैनताडामा राजीहरू बस्दछन् । यसै गरी, बर्दियाको सानोश्री राराताल, राझेना, पतेपुर, र कोलपुरमा पनि राजीहरू बस्दछन् (Gurung, Rawal, and Thapa 2014) । यसै गरी बाँके र दाङमा पनि केही राजीहरू बसोबास गर्दछन् ।

३.५ मूलथलोसँग अन्योन्याश्रित सम्बन्ध

राजीहरूको सुरुको मूलथलो मुगुको रारागाउँ हो । त्यसैले प्रायः सबै राजीहरूले आफूहरू मुगुको राराताल फुटेर बगिआएको कुरा गर्दछन् । त्यसपछि कर्णाली र भेरी नदीको छालहुँदै दैलेख, सुर्खेत र कैलालीको उत्तरी भेगमा आएर बसेको कुरा गर्दछन् । यही ठाउँको भूमिसँग राजीहरूको अन्योन्याश्रित ऐतिहासिक सम्बन्ध रहेको छ। ती ठाउँमा अहिले राजीहरू नभए पनि त्यहाँ गैरराजी बासिन्दाहरूलाई राजीको देवता लाग्ने गर्दछ । त्यसलाई मन्साउन प्रत्येक वर्ष कोही न कोही राजीहरू त्यहाँका गैरराजी बासिन्दाले बोलाउँछन् । ती राजीका देवताहरूको पूजा राजीले नै गरिदिनु पर्ने चलन रहेको छ ।

राजीहरू विशेषतः साल अर्थात् राजी भाषामा 'साल्मा'को रुख भएको ठाउँमा बसे । प्रत्येक वर्षको उँभौली याममा नयाँ अन्न छरपोख गर्नअघि राजीहरू आफ्नो गाउँको चारतिर सालको लिङ्गो रोपेर आफ्नो गाउँलाई बाँधी पूजा गर्दछन् ।

३.६ महत्त्वपूर्ण भौगोलिक क्षेत्र तथा स्थानहरू

राजीहरूको महत्त्वपूर्ण भौगोलिक क्षेत्र मुगुको राराताल क्षेत्र नै हो । उनीहरू अझै पनि त्यस क्षेत्रलाई पवित्र स्थलको रूपमा सम्झन्छन् । राजीका नेतृत्वहरू राराताल र पहिले रारागाउँ रहेको क्षेत्रमा जान चाहन्छन् । यसका साथै, राजीहरू कर्णाली नदीको छाल क्षेत्रलाई आफ्नो महत्त्वपूर्ण पुर्ख्यौली क्षेत्र वा स्थानका रूपमा मान्दछन् । ती क्षेत्रमा राजीका विभिन्न देवताका थानहरू रहेका छन् । ती क्षेत्रसँग राजीका अविष्मरणीय घट्ना, कथा र देवताहरू जोडिएका छन् । राजीहरू अझै पनि सुर्खेत र कैलालीको उत्तरी क्षेत्रका गाउँहरू विभिन्न प्रसङ्ग र कथाजस्ता घट्नाहरूमा सम्झिन्छन् । बाध्यतावश ती ठाउँहरू छोडेर हिँड्न परेका कुराहरू गर्दछन् । राजीहरूको एक महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा सुर्खेतको घाटगाउँमा देउती बज्यैको मन्दिर रहेको छ ।

३.७ जल, जमिन, जङ्गल, खानी, चरण र जैविक विविधता

राजीहरू जहिले पनि कुनै खोला वा नदीको किनारमा बस्न रुचाउँछन् । पहिले राजीहरू कुनै खोला वा नदीकै किनारमा बस्दै आए । अहिले पनि राजीहरू चाहेर वा नचाहेर कुनै खोला वा नदीकै किनारतिर बसेका छन् । उनीहरू पहिले नदीमा नाउ चलाउँथे र माछा मार्दथे । तर अहिले ती दुवै पेशा राजीहरूले अपनाउने अवस्था छैन । अहिले राजीहरूसँग खेतीपाती गर्नका लागि पर्याप्त जमिन छैन । केहीले थोरै खेती गर्ने त धेरैको भने केवल आफ्नो छाप्रो घरमात्र भएको जग्गामा बस्दै आएका छन् ।

राजीहरू पहिले वन-जङ्गलकै बासिन्दा भएकाले उनीहरूको हरेक जीवनयापन वनसँग सम्बद्ध हुन्थ्यो । उनीहरूले वनमै गएर मह काढ्थे, काठको सामग्री बनाउँथे र जडीबुटीहरू सङ्कलन गरी केही व्यापार पनि गर्दथे । तर अहिले सामुदायिक वनको अवधारणा र अभ्याससँगै राजीहरूको वन-जङ्गलसँगको सम्बन्ध र जीवनयापन टुट्दै गएको छ ।

३.८ भूमिहरण र विस्थापनको इतिहास

पहिले सुर्खेत र कैलालीको उत्तरी गाउँहरू नै राजीहरूको भूमि थियो । घुमन्ते-फिरन्ते जीवन बिताइरहने उनीहरूका ती भूमि अरूले नै हत्याए । त्यसको प्रतिरोध गरी फिर्ता

गर्ने अवस्था रहेन। आखिर ती ठाउँहरू पनि छोडेर हिँड्नु पर्‍यो। राजीहरू अहिले बसिरहेको ठाउँमा पनि उनीहरूको जमिन खोला वा जङ्गलतिरको छेउमा रहेको छ। ती जग्गाहरू पनि छिमेकी र बीचको सँधियारले मिच्दै खोला र जङ्गलकै किनारसम्म पुऱ्याइदिएका घट्नाहरू पनि छन्। ती जमिनदारहरूले राजीहरूलाई विशेषतः जङ्गली जनावर छेक्न र बाँदर रुँग्न तथा छेउमा बारको रूपमा रहनमात्र सो जग्गा दिएर पाएको कुरा गर्दछन् (मिनबहादुर राजी, वर्ष ३५, गौरीगंगा नगरपालिका ३, कुचैनी, कैलाली)।

परिच्छेद ४

राजी वासस्थान

४.१ राजीको वासस्थान

नौकल्या राजीहरू घरलाई 'नाम्', गाउँलाई 'गमाङ्' र वनलाई 'बनाङ्' भन्दछन् । राजी जातिको विभिन्न मिथक, किंवदन्ती र इतिहासअनुसार पनि उनीहरूको गाउँ विशेषतः पानी भएको ताल वा खोलानालाको छेउमै रहेको बुझिन्छ। राजीहरू मुगुमा रहँदा रारातालको मुनि बसे । कर्णाली भेरीहुँदै उँधो सरेर आउँदा पनि उनीहरूले कर्णाली नदी किनारलाई छोडेनन् । बरु त्यही नाउ वा घाट चलाउँदै र माछा मार्दै खाँदै जीवनयापन गरे । अहिले राजीहरू बसोबास गरेका ठाउँहरू पनि उनीहरूले चाहेर वा नचाहेर कुनै न कुनै खोलानाला वा वनजङ्गलको छेउछाउ नै देखिन्छन्। राजीहरू जङ्गलको छेउमा बसेर वन्यजन्तुको सिकार गर्ने, मह काढ्ने, जडीबुटी सङ्कलन गर्ने र काठका सामग्रीहरू बनाई जीवनयापन गर्दथे। तर अहिले उनीहरूको यो पेसा बद्लिँदै गएर खेतीपाती, पशुपालन र मजदुरीतर्फ उन्मुख हुँदै गएको छ । अहिले राजीहरूको गाउँ वन-जङ्गलको छेउ वा खोलानालाको किनारमा रहेको पाइन्छ। उनीहरूको गाउँघर जहाँ भएपनि भरसक कुनै न कुनै रुखको फेदमा भएको भेटिन्छ। उनीहरूको घर रुखहरूको फेदमा भएर अहिले पनि कुनै जङ्गलकै बीचमा भएको जस्तो देखिन्छ। राजी गाउँमा राजीका घरहरू एक ठाउँमा लस्करै हुँदैनन् । तर झुरुप्पै हुन्छन् ।

तस्वीर २. कैलाली जिल्लाको भजनी न.पा. वडा नं. ९ मा रहेको बाह्रबण्डाले राजी गाउँ

४.१ वासस्थानका प्रकार

राजीहरूको गाउँघर कि त जङ्गलको छेउमा या त खोलाको किनारमा हुन्छ। जङ्गल र खोला दुवैको छेउ र किनारमै धेरै राजीका घरहरू भएको भेटिन्छ। तर राजीका घरहरू जङ्गल र खोलाबाट क्रमशः टाढा हुँदै पनि गएका छन्।

तस्वीर ३. कैलाली जिल्ला भजनी न.पा. वडा नं. ९ मा रहेका नदी किनारका राजी गाउँ

४.२ बस्ती एक ठाउँमा वा छरिएको अवस्थामा

भारतको कुमाउमा राजीहरूको बसोबास क्षेत्रको गाउँका बस्ती र छाप्रोहरू एकै लस्कर र तहमा रहेको पाइन्न। गाउँका बस्तीहरू तलमाथि वा वरपर छरिएका हुन्छन्। गाउँका छाप्रोहरू एकापसमा जोडिएका हुँदैनन्। तिनीहरूका घरहरू सानो क्षेत्रमा पनि विभिन्न गरागरामा यत्रतत्र छरिएर रहेका हुन्छन् (Pandey, 2016: 7)। नेपालमा पनि राजीका पुराना छाप्रोहरू लस्करै बनाएको पाइन्न। यत्रतत्र छरिएको अवस्थामा बनाएको घेटिन्छ। तर अहिले आएर सहरी विकास परियोजनाको सहयोगमा बनाइएका घरहरू भने केही लस्करै बनाइएको भेटिन्छ।

तस्वीर ४. कैलाली जिल्ला गौरीगंगा न.पा. ३ कुचैनी जङ्गल छेउमा रहेका राजीका पुराना र नयाँ घरहरू

४.३ घरहरूको बनोट र आकारप्रकार

राजीहरूको घरलाई आफ्नो भाषामा 'नाम्' भन्दछन् । उनीहरूको घरको आकारप्रकार जस्तो भएपनि पूर्व फर्किएको हुन्छ । राजीका घरहरू प्रायः एकतले हुन्छन् । उनीहरूको घर पहिले फुस वा खरले छाएका हुन्थे । अहिले धेरैजसो स्लेटले छाएका छन् ।

तस्वीर ५. कैलालीको गौरीगंगा न.पा. वडा नं. ३ को झिलगाउँमा रहेको एक पुरानो राजीघर

४.४ गाउँको जातीय पहिचान

राजी गाउँको जातीय पहिचान अलिक टाढाबाट हेर्दा रुख वा जङ्गल र खोलानालाले झल्काउँदछ। राजीका घरहरू जङ्गलको छेउ वा बीचमै नभए पनि प्रायः कुनै न रुखको फेदमा हुन्छ। राजी गाउँ प्रायः कुनै न कुनै खोलाको किनारमा हुन्छ। राजीगाउँ अलिक नजिक पुग्दा हिउँदमा भए गाउँको बीचभाग वा चोकमा ठुलठूला मुढाहरू राखेर आगो बालिएको हुन्छ। यो हिउँदमा साँझ र बिहान सामूहिक रूपमा आगो ताप्ने ठाउँ हो। अझ नजिक पुग्दा राजीको आँगनको छेउमा सानो छाप्रोको देवता बस्ने थान वा मन्दिर हुन्छ। आँगन वा धाराको छेउमा काठको मुढा ठाडो गाडेकोमा वा माटोको ढिस्कामा अलिक ठूलो ढुङ्गाको सिलौटो अनिवार्य हुन्छ। हिउँदको बेला प्रायः प्रत्येक राजीको आँगनमा आगो बाली ताप्ने ठाउँ बनाएको हुन्छ।

तस्वीर ६. राजीको घरबाहिरको रहेको बिहान बेलुकी आगो ताप्ने ठाउँ

४.५ घरभित्र र बाहिरका स्थानहरू

राजीहरूको घरको केन्द्र धुरीखम्बा हुन्छ। धुरीखम्बाले राजीको घरलाई भित्र र बाहिर गरी दुई भागमा विभाजन गर्दछ। राजीको घरको अगाडिपट्टि सिकुवा हुँदैन।

धुरीखम्बादेखि उत्तरतिर आधा भाग बारिएको हुन्छ। त्यहाँ बारिएको भाग घरको पूर्वतर्फ बाहिरबाट देखिन्छ। उनीहरूको घरको मूल ढोका पूर्व-उत्तरतर्फ हुन्छ। धुरीखम्बा अगाडिको पूर्व-दक्खिनतर्फ तथा मूल ढोकाभन्दा दक्खिनतर्फको भाग राजीहरूको सुत्ने तथा बस्ने ठाउँ हो। त्यस ठाउँमा प्रायः खाट (खटा) राखिएको हुन्छ। धुरीखम्बाको दक्खिनतर्फ आधाभाग खुला भई घरको मूलभित्रतर्फ पस्न सकिन्छ। यो घरको पश्चिमतर्फको पूरै आधा भाग महत्त्वपूर्ण भाग हो। यसको दक्खिन-पश्चिमतर्फ मूल ढोकाभन्दा अलिक सानो सहायक ढोका हुन्छ। धुरीखम्बाभन्दा सीधा पश्चिमपट्टि बीचमा चुला हुन्छ। चुलाको उत्तरतर्फ वा उत्तरपश्चिमतर्फ काठकै सिँढी वा चाङ बनाएर माथि देवताको थान तथा देवतालाई चढाइएका सामग्री तथा चिजबिजहरू देख्न सकिन्छ। सिँढी वा चाङ्को मुनिबाट पश्चिमतर्फ पानी राख्ने र धन्दापात गरी पानी बाहिर बगेर जाने ठाउँ हुन्छ।

तस्वीर ७. राजी जातिको घरभित्रको भित्री भाग धुरीखम्बा, अगेना र देवता पुज्ने ठाउँ

परिच्छेद ५

राजी सामाजिक संरचना

५.१ राजी जातिको परिवार

सामाजिक संरचनाले समाजका विभिन्न समूह वा जातिहरू कस्ता हिसाबले एकअर्कासँग स्पष्ट सम्बन्धहरूभित्र आबद्ध छन् ? उनीहरूको भाषा, मूल्य एवम् मान्यताहरू जस्ता संस्कृतिलाई प्रतिनिधित्व गर्ने समाजका मूल तत्वहरू कस्ता तरिका र प्रक्रियाहरूद्वारा सञ्चालित छन् भन्ने स्पष्ट पार्दछ (सुब्बा, २०५६)। राजीहरूभित्र आफै कुनै जातभातको व्यवस्था छैन। सबै राजीहरू समान हुन्। उनीहरूले सबैले सबैलाई समान स्तरमा मानसम्मान गर्दछन्। यद्यपि साइनो र कुटुम्बेरी नाताले ठूलाहरूको विशेष मानसम्मान गर्दछन्। राजी जातिको परिवारको अवधारणा सामूहिक तथा संयुक्त परिवारमा आधारित भएको बुझिन्छ। तर अहिले राजीहरू स्थायी बसोबास गर्न थालेसँगै उनीहरू एकल पारिवारिक जीवन पनि अपनाउन थालेका छन्। राजी जातिको सामाजिक जीवनलाई कुनै वर्ग र जातमा स्तरीकरण नभएको वैयक्तिक र कुनै पनि केन्द्रीकृत जातीय अधिकारी वा व्यक्तिको हातमा नभएको स्वतन्त्र समाजको रूपमा भएको पाइन्छ। राजीहरूको सामाजिक संस्था नातेदारी र क्षेत्रीय एकाइ दुवैमा आधारित छन्। अहिले भर्खरमात्र केही सामुदायिक आधुनिक संस्थाहरूको सिर्जना गर्न थालेका छन् (Alam, Rawat and Harashawaradhana, et al., 2014)।

५.१.१ परिवारको अवधारणा

राजी परिवारमा घरका सदस्यहरू सबै परिवारका सदस्य हुन्। तर राजीका छोरीले विवाह गरेर देवतासँग विदा मागी छुट्टिएर गएपछि ती राजीका परिवारको सदस्य हुँदैनन्। विवाह गरेर गएपछि राजीका छोरी राजीको घरको भित्री भाग देवताको थान भएको ठाउँमा कहिल्यै जान पाउँदैनन्। तर विवाह भएर आएकी बुहारीलाई भने विधिवत प्रवेशपछि देवताको थानमा जाने हक हुन्छ। मतलव विवाह गरेर गएपछि माइतीघरबाट उनको सदस्यता खारेज भई विवाह गरेको घरमा नयाँ सदस्यता कायम हुन्छ।

५.१.२ पारिवारिक संरचना

राजीको घर तथा गृहस्थी व्यवस्थाको मूली घरमूली महिला नै हुन्छिन् । बाह्य काम जस्तै व्यापार व्यावसायको काम भने मूल पुरुषको नेतृत्वमा हुन्छ । तर आर्थिक नेतृत्व वा पैसा राख्ने जिम्मेवारी भने घरको मुली महिलाकै हुन्छ । घरका अग्रज बाजेबोजुले परिवारको सामाजिक तथा सांस्कृतिक नेतृत्व गर्दछन् ।

५.२ थर–उपथर र गोत्र

भारतका राजीमा राजीका वंशगत थरहरू पाल, चन्द, विष्ट र राजबार आदि छन् । यी स्थानीय राजनैतिक नेतृत्वहरूको नाम थियो । पछि तिनै नामलाई उनीहरूले थरको रूपमा लिँदै गए । आस्कोट क्षेत्रका मुख्य राजीहरूले आफूलाई राजबार भन्दछन् । उनीहरूको थरहरू ठाउँ विशेषका आधारमा पनि रहेका हुन्छन् । यसका आधारमा राजीका निम्न ७ उपसमूह र थरहरू छन्ः

> (१) दयाकोटी (पाल), भारत; (२) पाँचपैया (काइतुरा चन्द), नेपाल; (३) रकाल (स्वारारी चन्द) भारत; (४) बारपाली (बम), नेपाल; (५) गल्दयार (कौर), भारत; (६) बराइत (गोर्गिला), नेपाल; र (७) राडी/पट्याल (विष्ट), भारत । यसका साथै, राजीका इष्टदेवता सल्लाग-मल्लागमा आधारित अरू ४ वटा थरहरू डोटी, पाल, चन्द र राजबार पनि पाइएका छन् (Rastogi, 2012: 13) ।

नेपालका राजीहरू पहिले सबै एकै थिए । पछि उनीहरूको मूल थातथलो सुर्खेत र कैलालीको उत्तरीक्षेत्रबाट विशेषतः तीन उप-समूह नौकल्या, बाह्रबण्डाली र अट्ठार पन्ठे तथा पूर्वीया भई करिब त्यतिनै नौ, बाह्र र अठार उपथरहरू लिई छुट्टिए । राजीमा गोत्रको अवधारणा छैन ।

५.२.१ राजीका वंश र थर विभाजन

राजीका मूल थरहरू निम्न तीन प्रकारका छन्ः

(क) नौकल्या

(ख) बाह्र बन्दाली

(ग) अठार पन्ठे (पूर्वीया)

५.२.२ राजीका उप-थरहरू

(क) नौकल्या राजीका उपथरहरू

नौकल्या राजीका उपथरहरू निम्न छन्ः

(१) मौऱ्याल (सुर्खेतमा एक मौरीमान भन्ने ठाउँ छ। त्यहाँबाट आउने नौकुल्या राजी मौऱ्याल भए)

(२) टमूच्वाल

(३) रङ्ग्वाल

(४) तालागाइँ/तलगाइँ (कैलाली कर्णालीको छालमा एक तलागाउँ भन्ने ठाउँ छ। त्यहाँबाट आउने राजी तलगाइँ भएका हुन्)

(५) सुक्नाल

(६) मोराउ

(७) नऱ्याल

(८) नैन्याल

(९) महातानौ

(१०) गोब्राल (कर्णाली किनारमै गोब्रा भन्ने ठाउँ छ। त्यहाँबाट आउने राजी गोब्राल भए)

यसरी उनीहरू अब जहाँ जाँदा पनि आफ्नो पुर्ख्यौली थातथलोको नाम र सम्झना लिएरै जाने भए।

यी नौकल्या राजीहरू हाल गौरीगंगा नगरपालिक ३ को कुचैनी र झिलगाउँ तथा घोडाघोडी नगरपालिकाको जरही भन्ने ठाउँमा मात्र बस्दछन्। कैलालीको घोडाघोडी नगरपालिका ८ स्थित जरही गाउँमा तलगाइँ, माहातनौं, नैन्याल, नर्ग्याल, तामूच्याल र मोहऱ्याल गरी जम्मा ९ मा ६ थरी नौकल्या राजीहरू रहेका छन्। जरहीमा यी राजीहरू

बसेको ४ पुस्ताभन्दा धेरै भएको छ।

(ख) बाह्र बन्दाली राजीका उपथरहरू

(१) सुल्त्याल (सोल्टा गाउँबाट आएका)

(२) डुङ्ग्रयाल (डुङ्ग्रीमा बसेका)

(३) रहप्ती (घाटगाउँको रहप्नीमा बसेका)

(४) मुढ्याल (घाटगाउँबाट मुड्डीगाउँ भएर आए)

(५) ग्रान्वाल/कुइन्याल (कुइनीमा बसेका राजी)

(६) भट्क्वा (बडीगाउँ बसेका)

(७) जबुङ्का (जामुगाउँ बसेका)

(८) कान्चोल्या (कन्चोलिङ बस्ने)

(९) डाम्वाल (डामाकान्टारबाट आएका)

(१०) राघ्याल (राधा गाउँ बसेका)

(११) कुमूल्याल (कुमाल गाउँ बसेका)

(१२) कुइन्याल (कुइने बसेका)

बाह्र बन्दाली राजीहरू विशेषगरी कैलालीको भजनीमा बस्दछन् (भुरुवा, भजनी, कैलाली छलफल अनुसार)।

(ख) अठार पण्ठे वा पूर्वीया राजीका उपथरहरू

(१) छन्त्याल
(२) दौत्याल
(३) तोल्याल
(४) समज्याल
(५) खोर्याल
(६) केलाने
(७) दुल्याल

(८) नौहारी
(९) गोथ्याल
(१०) भुसूक्याल
(११) बाग्दुल्याल
(१२) घाट्याल
(१३) कुमूल्याल
(१४) मन्कापन्या
(१५) दिग्या
(१६) बुड्क्याल
(१७) थौर्याल
(१८) केन्ट्याल
(१९) लोछ्याल
(२०) सिक्माक्या
(२१) डोल्याल

यी अठार पन्ठे राजीहरू बर्दियाको सानोश्री, ताराताल, ढडुवार, भैषासुर र सुर्खेतको छिन्चु, घाटगाउँ, जामुकुइनी, तानापानी, कुनाथरी, कुताचपाङ र बौचौरमा बस्दछन् -Gurung, Rawal, and Thapa, 2014) । राजीका यी उपथरहरू उनीहरू पहिले बसेको ठाउँ, गरेको काम तथा पुर्खाका नामबाट बनेका छन् ।

५.२.३ उपथरसँग सम्बन्धित विश्वास, किंवदन्तीहरू, र वंशावली मान्ने पद्धति

राजीहरू आफ्नो मूल थर वा उपथरभित्रका सदस्यहरूलाई गोट्यार भन्दछन् । यस बाहेकका अरूलाई इष्ट भन्दछन् । उनीहरूले हरेक सामाजिक तथा सांस्कृतिक कार्यकलापमा गोट्यार र इष्टलाई फरक फरक र विशिष्ट व्यवहार गर्दछन् । राजीहरूको मृत्यु संस्कारमा सम्बद्ध गोट्यारहरूलाई इष्ट वा कुटुम्बहरूले आई चोख्याउनु पर्दछ । राजीहरूमा अहिलेसम्म आफ्नो वंशावली लेखनको अभ्यास भएको पाइँदैन । उनीहरूले आफ्नो केही पुस्तासम्म पुर्खाहरू सम्झन्छन् । उनीहरूले आफ्नो परिचय बताउँदा उपथरभन्दा पनि आफ्नो जाति नाम 'राजी' वा मूल थर नै जस्तै 'नौकल्या राजी' भन्ने गर्दछन् ।

मिन बहादुर राजी (वर्ष ३५) ले सम्झन र भन्न सकेको आफ्नो वंशावलीः

बाजे जगना राजी

बाबुहरू चार भाइः

(१) जेठो तङ्ग्रा

(२) माइलो कालुसिङ्

(३) साइँलो भाबु

(४) कान्छो छत्रबहादुर राजी

४.१ जेठो छोरा मिन बहादुर राजी (२०४२)

४.२ कान्छो छोरा सुवास राजी (२०४९)

५.२.४ थर-उपथरको संगठनात्मक स्वरूप र व्यवहारहरू

राजीहरूको थरको संगठनात्मक स्वरूप उनीहरूको मूल तीन थर (नौकल्या, बाह्रबण्डाली र अठार पन्ठे)भित्रका उपथरहरू नै हुन् । मुख्य तीन मूलथर भएका राजीहरूको मूल पुर्खा वा विगतको थातथलो तथा बसाइँसराइको सामूहिकता एकै हुन्छ। यिनीहरूका भाषिक वा भाषाको क्षेत्रीय भेद एउटै हुन्छ। साथै यिनीहरूको देवताहरू पनि एउटै हुन्छन् । यिनीहरू मर्दापर्दा एकै गोट्यार भई सहभाव राखेर सहकार्य गर्दछन् ।

५.२.५ थर-उपथरमा वर्गीकरणको महत्त्व

राजीहरू मुख्य तीन थर (नौकल्या, बाह्रबण्डाली र अठार पण्ठे वा पूर्वीया) मा वर्गीकृत छन् । यिनीहरूका उपथरहरू ४० भन्दा बढी छन् । उनीहरूको थरको वर्गीकरणले प्रथमतः उनीहरूको पुर्ख्यौली इतिहासको जरा पकड्ने काममा सहयोग गर्दछ । दोस्रो, यो वर्गीकरणले उनीहरूबीच आपसमा कुटुम्बेरी नाता र साइनोका लागि महत्त्व राख्दछ । तेस्रो, यो थर तथा उपथरको वर्गीकरणले उनीहरूबीचमा मर्दापर्दा चोखिन साथ दिने गोट्यार वा चोख्याउने इष्ट तथा कुटुम्बको रूपमा समेत विशेष महत्त्व राख्दछ ।

५.३ नाता-कुटुम्ब

राजीहरूको नाता-कुटुम्ब प्रणाली बाबुतिरको हाडनाता सम्बन्ध -Consanguineous Relations), आमातिर वैवाहिक सम्बन्ध (Alliacen or Affinal Relations) र

मितेरी नातामा पर्ने सम्बन्ध (Fictive Relations) मा आधारित छ।

५.३.१ नातासम्बन्धहरू छुट्याउने सैद्धान्तिक आधारहरू

राजीहरूको नातासम्बन्ध छुट्याउने मूलभूत आधारहरूमा पनि बुबातिरको हाडनाता सम्बन्ध, आमातिरको वैवाहिक सम्बन्ध र मितेरी नातामा वैवाहिक तथा यौन सम्बन्धको वर्जनामा आधारित छ। यी बाहेकका कुटुम्बहरूसँग मात्र उनीहरूको वैवाहिक सम्बन्ध हुनुपर्ने मान्यता छ।

५.३.२ बाबुतिरबाट (रगतको/वंश)को आधारमा हाडनाता

राजीहरू बाबुतिरको रगतको सम्बन्धलाई यौनिक कार्यकलाप तथा वैवाहिक सम्बन्धले तोड्नु नहुने नातासम्बन्धको रूपमा मान्दछन्। राजीमा आफ्नो वंश वा थरभित्रको विवाहलाई मान्यता दिइँदैन। उनीहरू आफ्नो जातिभित्र विवाह गर्ने र आफ्नो थरभित्र विवाह नगर्ने चलनको अभ्यास गर्दछन् (Rastogi, 2012)।

५.३.३ आमातिरबाट (वैवाहिक सम्बन्ध)को आधारमा गुन्युनाता

राजीहरू आमातिरको दूध वा वैवाहिक सम्बन्धलाई पनि यौनिक कार्यकलाप तथा वैवाहिक सम्बन्धले तोड्नु नहुने नातासम्बन्धको रूपमा मान्दछन्।

५.३.४ मितेरी नाता

राजीहरूमा यदाकदा मितेरी साइनोको सम्बन्ध पनि रहेको पाइन्छ। यसलाई पनि यौनिक कार्यकलाप तथा वैवाहिक सम्बन्धले तोड्नु नहुने नातासम्बन्धको रूपमा मान्दछन्।

५.३.५ विशिष्ट नाता सम्बन्धहरू

राजीहरूले अहिले एकल विवाहको अभ्यास गरे पनि अरू हिमालयन जातिजस्तै पहिले उनीहरूमा पनि बहुपति विवाह प्रचलनमा थियो (Rastogi, 2012: 13)। उनीहरूको सांस्कृतिक सम्बन्ध नेपालका आदिवासी मगरहरूसँग पनि केही मिल्दो छ। सायद त्यसैका प्रभावले होला अहिले पनि कैलालीको गौरीगंगा नगरपालिका ३ भिल गाउँमा राजीमा केही मामाचेला फुपूचेलाको सम्बन्धमा विवाह भएको केही घट्नाहरू पनि

छन् ।

५.३.६ नाताकुटुम्बको महत्त्व

राजीहरूमा विद्यमान उपरोक्त नाताकुटुम्ब प्रणालीले राजीहरूलाई आफ्नो हाडनाता भएको थरभित्र एकाकार भइरहन र अरू साइनो नलाग्ने थरहरूसित कुटुम्बेरी साइनो गाँसेर एकअर्कामा एकतावद्ध भई 'हामी' भावना विकास गर्न सकेका छन्। उनीहरू हाडानाता, वैवाहिक र मितेरी सम्बन्धले राजीभित्र र बाहिर पनि गाँसिएका हुन्छन् ।

५.३.७ नातासम्बन्धलाई क्रियाशील बनाउने संस्कार र व्यवहारहरू

राजीहरू नातासम्बन्धलाई क्रियाशील बनाउने संस्कार र व्यवहारहरूमा जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कार हुन् । यसका साथै विभिन्न चाडपर्वहरू मान्ने क्रममा पनि उनीहरूको नातासम्बन्धहरू क्रियाशील हुन्छन् । नवजात शिशुको जन्म हुँदा राजीका गोट्यारहरू सबै जम्मा भई साथ सहयोग गर्दछन्। आफ्नो संस्कारअनुसार भेला भई नाम राखेर चोखिन्छन्। जन्मको गीत गाउँछन र रमाइलो गर्दछन्। यसै गरी विवाह संस्कारमा त झन गोट्यार, कुटुम्ब र इष्टसमेत क्रियाशील हुन्छन्। मृत्यु संस्कारमा राजीलाई कुटुम्बले चोख्याउनु पर्दछ । इष्टले मृतकको गोट्यारलाई दुःखको संस्कारबाट उतार्नु पर्दछ। आफ्नो विशेष चाडपर्वका बेलामा राजीहरू आफ्नो नातासम्बन्धका मानिसहरूलाई घरमा बोलाउँछन्। जम्मा भएर चाडबाड मान्ने गर्दछन्। छरछिमेकमा भएका गोट्यार तथा इष्टहरूलाई पकाएको तरुल र पाकेको अन्न तथा मारेको सिकार बाँड्दछन्। उनीहरूले मितेरी साइनोमार्फत् सबै जातजातिसँग समेत अन्तर्क्रिया गरी आफ्नो नातासम्बन्धलाई क्रियाशील बनाई राख्दछन् ।

५.३.८ नाताकुटुम्ब र कोसेली प्रणाली

राजीहरू आफ्नो नाताकुटुम्बमा आउँदाजाँदा वा मर्दापर्दा कोसेली पातहरू आदानप्रदान गर्दछन् । उनीहरूको कोसेली तरुल, सिकार र पेय पदार्थ आदि हुन्छ। विवाहको बेला विशेष बोकाको आदानप्रदान गर्नुपर्दछ । यसको अनुष्ठानिक महत्त्व र सम्बन्ध हुन्छ ।

५.३.९ राजी नातासम्बन्ध सम्बन्धी शब्दावली

नेपाली	**नोकल्या**	**बण्डाली**	**अठार पण्ठे (पूर्वीया)**
आमा	आमा	आमा	आमा
बुबा	आबा	आबा	आवा
बाजे	कोकै	कोको	कोको
बजै	पियै	आपि	बजै
काका	काका	कःका	कका
काकी	चिमै	काक्की	काकी
फुपू	निनि	निनि	बर्जिउ
मामा	मामा	मामा	-
माइजू	निनि	निनि	-
दाजु	बो	बो	दगा
दिदी	दिदी	जिःग	दिदी
बहिनी	भैनी	बैना	बएनाङ्
छोरा	बाल्यौ	चाङ/चाःग	चाङ्/चुङ्
छोरी	ध्रेम (मजचय)	ग्रोमङ	गोरोमाङ्
सासु	जिउलाकला	बराज्युहुँ/मुसि	मिच्छा बाराजिउ
ससुरा	जिउलाकला बदौला	बराज्युहुँ/मुसि	बराजिउ

परिच्छेद ६

राजीको धर्म, संस्कृति र चालचलन

६.१ राजीको धर्म

राजीहरू खासमा आफूहरू धर्म नमान्ने जाति बताउँदछन्। उनीहरूको खास धर्म त प्रकृति धर्म वा बुद्धिष्ट धर्म हुनुपर्ने धारणा राख्दछन्। तर, राज्यको नीति र त्यसको प्रभावले उनीहरूका केही धार्मिक क्रियाकलापहरू हिन्दूधर्म माने जस्तो पनि देखिन्छ। कतिपयले "राजीहरू हिन्दू धर्म मान्ने भएको पनि बताउँदछन्" (Pandey, 2008; Alam, Rawat, & Harashawaradhana,et al., 2014)।

६.२ मूलभूत धार्मिक दर्शन र विश्वास

मङ्गोल मूलका राजीहरू धामीझाँक्री प्रथा (Shamanism) मा विश्वास गर्दछन् (Reinhard, 1976)। उनीहरू मौलिक हिसाबले प्रकृतिको पूजा गर्दछन्। "राजी जनजाति धामीझाँक्रीमा विश्वास गर्दछन्। प्रकृतिपूजक राजीहरू सुनपाल, देउपाल, रजुवाली आदि निराकार देवताहरू मान्दछन्" (उक्याव र अधिकारी, २०५७: ५४)। राजीहरूको धार्मिक दर्शन प्रकृतिसँग एकाकार भई प्रकृतिसँगै बाँच्नु हो।

६.३ परम्परागत धार्मिक संघसंस्थाहरू

राजीका परम्परागत धार्मिक संस्थाहरू धामीभाँक्री तथा गुराउ वा गुरुवाहरू हुन् (Reinhard, 1976)। राजीहरूका भद्रगण जोल्याहरूले धार्मिक, सांस्कृतिक संस्थाको भूमिका खेल्दछन्। यसैगरी राजीका विभिन्न सामाजिक तथा सांस्कृतिक अनुष्ठानहरूमा गीत गाउने अग्रज महिलाहरू पनि राजी परम्परागत संस्थाका नेतृत्वहरू हुन्। राजीहरूले आफ्नो देवताको पूजाआजा आफ्नै घरका मुली आफैँले गर्दछन्। यसर्थमा प्रत्येक घरका अग्रज मुख्य व्यक्तिहरू पनि परम्परागत धार्मिक संस्था वा तिनका नेतृत्व हुन्।

६.४ परम्परागत देवीदेवता, कुलदेवता र भूतप्रेत

भारतमा रहेका राजीहरूको अनौठा देवताहरू भएको मानिन्छ। तर अहिले उनीहरू कुमाउनी हिन्दुले मान्ने देवताहरू पनि पुज्दछन्। राजीहरू समग्र हिमाली जातिले मानेजस्तै स्थानीय देवीदेवता, आत्मा, भूतप्रेत र पुज्यनीय व्यक्तिहरू पनि पुज्दछन्। उनीहरूका मुख्य देवताहरू चुर्मुल, मलेनाथ, नानानाथ र खालिया आदि हुन्। यसका साथै हिन्द देवीदेवताहरू महादेव, पार्वती र गंगालाई पुज्दछन्। यसरी अहिले राजीको धर्म उनीहरूको परम्परागत विश्वास र स्थानीय हिन्दु धर्मको मिश्रित रूपको छ (Pandey, 2008)। नेपालका राजीहरूका आफ्नै मौलिक पितृ देवताहरू छन्। यसका साथै अगुवा देवता, विभिन्न चिवार देवता, सेमाओ र राजुवाली देउता आदि उनीहरूका प्रमुख देवताहरू हुन्। उनीहरूले उँभौली र उँधौली तथा नयाँ अन्नबाली चरपोख गर्ने याम र अन्नबाली उठाउने बेलामा विशेष अनुष्ठानसहित आफ्ना देवताका साथ प्रकृतिको पूजा अनुष्ठान गर्दछन्। राजीहरू भूतप्रेत तथा जङ्गली देवतामा पनि विश्वास गर्दछन् (Pandey, 2008)। ती भूतप्रेतहरूलाई घरगाउँको चारकिल्लामा विशेष पूजा गरी छेकेर आफ्नो गाउँघरलाई सुरक्षित राख्न बाँध्ने गर्दछन् (Reinhard, 1976)। यसका साथै उनीहरूले फिरन्ते जीवनयापन गर्दा अँगालेका केही खस हिन्दु 'पाल' देवीदेवताहरूको पनि पूजाआजा गर्दछन्।

६.४.१ *राजीका पितृ देवता*

राजीका पितृ देवता उनीहरूकै पितृ वा पुर्खाहरू हुन्। यी पितृ देवताहरूको पूजा घरको मूल वा धुरीखम्बामा गर्ने गरिन्छ। यसका लागि मूल खम्बामा ध्वजा टाँग्नु पर्दछ। अरू बेला पनि कुनै समस्या पर्दा यो खम्बामा ध्वजा टाँग्ने गरिन्छ। यी पितृ देवताको शक्ति र अस्तित्वबारे राजीहरू भन्छन्ः

> पहिले घरभित्र बाखा पस्दा यी पितृ देवताले बाखालाई पिटिदिन्थ्यो रे। ती देवताले मरेको मान्छेलाई पनि ब्यूँताउँथ्यो रे। हामी राजीसँग कसैले झगडा गरी अन्याय गऱ्यो भने त्यो पितृ देवतालाई सम्झनु पर्दछ। यसरी सम्झ्यो भने ती झगडियालाई देवता लागी हाल्छ भन्ने विश्वास पनि छ (कर्णबहादुर राजी, वर्ष ७०, गौरीगंगा न.पा. ३, झिल, कैलाली)।

तस्वीर ८. राजीको पितृ पूजास्थल घरको मूल वा धुरीखम्बा

६.४.२ *राजीका चिवार देवताहरू*

राजीका आ-आफ्ना थरैपिच्छे फरक फरक देवताहरू पनि हुन्छन् । राजीहरू भन्छन्, 'देवताले हामीलाई छुट्र्याएको हो' ।

६.४.२.१ *बाइसपाटे चिवार देवता*

राजीले घरबाहिर कुनै खोलामा थपना गरी पुज्ने देवतालाई बायसपाटे चिवार देवता भन्दछन् । यी देवताको पूजाका लागि एउटा बोका र दुई वटा भाले चाहिन्छ। थान बनाउँदा ढुङ्गाको देवता, बाँस वा खडियाको लिङ्गो र त्यसमा ध्वजा बाँध्नु पर्दछ। एउटा ढुङ्गा देवताका रूपमा गाड्नु पर्दछ। साथमा अक्षता र ल्वाङ चाहिन्छ। धुप पनि बाल्नु पर्दछ। पूजाका लागि थान बनाउँदा खोलाको दुई धार छुट्टिएर उँधो गएको बीचभाग बगरमा थान बनाई माथि मुहानतिर फर्केर पूजा गर्नु पर्दछ। पूजा गर्दा राजी भाषामै फलाक्नु पर्दछ। फलाक्दा, "लौ हामी त केही पनि जान्दैनौं। हामी नाशवान हौं। हामीले जे जसरी दिए पनि लिनुहोस् । दुःख नमान्नु होस्" भनेर भोग दिनु पर्दछ।

६.४.२.२ *लाटे चिवार वा औंलाकाटे चिवार देवता*

लाटे चिवार र बाइसपाटे चिवार देवता दाइभाइ हुन् । बाइसपाटे चाहिँ जेठो हुन् । लाटे चिवार देवताचाहिँ कान्छो भाइ हुन् । यिनलाई औंलाकाटे चिवार देवता पनि भनिन्छ। यी दुई दाइ र भाइ देवताको पूजा सँगसँगै गर्दछन् । एउटै थानमा दायाँ र बायाँ फरक फरक ठाउँमा धुप बाली बलि दिएर पूजा गर्नु पर्दछ। यसका लागि मूल देवता ढुङ्गा एउटा गाडेर धुपचाहिँ फरक फरक ठाउँ फप्लेटो ढुङ्गामा बाल्नु पर्दछ। यसरी थान बनाउँदा जेठो बाइसपाटे चिवार देवतालाई पुजारीको दायाँतिर र कान्छो लाटे चिवार देवतालाई माथितिर फर्केको पुजारीको बायाँतिर थान बनाई पुकार्नु पर्दछ। मूलथान ढुङ्गाको दायाँबायाँ लिङ्गो गाडेर ध्वजा पनि टाँग्नु पर्दछ। थान बनाउँदा उँधो बगेको खोलाको दुई धारको बीचभाग बगरमा माथितिर देवताको थान बनाई माथि खोलाको मुहानतिरै फर्केर पूजा गर्नु पर्दछ। यसरी देवतालाई चढाएको खाने कुरा घरमा ल्याएर खान मिल्छ। बलि दिएको जीवको टाउको चाहिँ छोरीचेलीलाई दिनु हुँदैन भनिन्छ। यो टाउको देवताको भाग भएकाले हो । यो पूजा मङ्सिर पूर्णिमामा गर्ने गरिन्छ।

६.४.३ राजीको अगुवा देवता

अगुवा देवता बन्दाली र नौकल्या राजीको देवता हुन्। यी देवताको पूजा घरको आँगनमा गरिन्छ। बन्दाली र नौकल्याले माछा मारेर बाँड्दा झगडा पऱ्यो। बन्दालीले दुई भाग लाने भए। नौकुलेलाई एक भागमात्र दिए। यसरी भाग नमिलेर झगडा भयो। अनि देवताहरू साटासाट जस्तो भए। बन्दालेको देवता नौकुलेमा आयो। नौकुलेको देवता बन्दाले राजीमा गयो। अहिले नौकुले राजीको आँगनमा बसेको माछाजस्तो माटोको ढिस्को बनाई राखिएको अगुवा (बन्दाले) देवता नौकुले राजीले प्रत्येक मङ्सिर पूर्णिमामा पुज्छन्। यसरी नै बन्दालेले पनि नौकुलेको देवता पुज्छन्। बन्दाले राजीको देवतामा नौकुले राजीको देवता आएर दुःख बिमार गराएपछि कारण खेज्न थाले। गुरुवालाई हेराउँदा त्यो बन्दाले देवता आएर त्यसो गरेको थाहा भई थानमान दिएर पुज्न थालिएको हो। यस देवताबारे किसन बहादुर राजी (वर्ष ५९ गौरीगंगा न.पा. ३ भिल, कैलाली) भन्छन्ः

> यो देवताले नौकुले राजीमा आएर विभिन्न लीला गऱ्यो। गाईवस्तुहरू खेदाउँदा पहिलेकै ठाउँमा आएर बस्ने। कतैबाट गाईवस्तु ल्यायो फेरि पहिले भएको ठाउँमै पुग्ने। यसरी यो देवतालाई कहाँ बस्ने त भन्दा घरको मूल दैलोको अगाडि आँगनमा बस्ने भन्यो रे। अनि ती अगुवा देवतालाई पुरोहितले त्यही बसाए रे। ती देवतालाई के खान्छौ त भन्दा सुँगुरको पाठो वा कुखुराको भाले खान्छु भन्यो रे। सोही अनुसार वर्षेनी प्रत्येक मङ्सिरे पूर्णिमामा पुज्ने चलन भइआएको छ।

यो देवताको प्रतिरूप माछाको आकारमा राजीको घरको आँगनमा उत्तरतर्फ फर्केर बसेको माटोको ढिस्कोजस्तो हुन्छ।

तस्वीर ९. नौकुले राजीले मान्ने बन्दाली राजीको अगुवा देवता 'माटोको ढिस्को'

६.४.४ *राजीका समग्र देवताहरू*

राजीका देवता भएको ठाउँ सबै राजी गाउँहरू हो। डोटीको लिसरी र बनवार चुरेगाउँमा पनि राजीको देवताका थान छन्। यो पहिले खैराला गा.वि.स.मा पर्दथ्यो। त्यो पनि राजीको गाउँ हो।

राजीका देवता र तिनको थान भएको ठाउँको विवरणः

(१) देवती बजै
यो ठूलो कुल देवता सुर्खेतमा छ।

(२) सुनपाल देवता
यी देवताहरू नारघाटी सुनपाल, धरती फुटे सुनपाल र मुर्कुटा सनुपाल लगायत हुन्। यी देवताको मूल थान ताम्चामा छ।

(३) वैजनाथ देवता
यो कञ्चनपुरमा छ।

(४) चिवार देवता

यसलाई बाइसपाटे र लट्या देवता पनि भनिन्छ ।

(५) अगुवा देवता

अगुवा देवता नौकुल्या राजीका देवता हुन् । यी देवता कुचैनी र भिल गाउँका नौकुल्या राजीले मान्दछन् ।

(६) भैरौंबाबा देवता

भैरौंबाबा देवता कुचैनीका नौकुल्या राजीले मान्छन् । यी भैरौंबाबा र कालिका बाबा देवताको पूजा गर्दा १० वटा कुखुरा, एउटा पठेक्री बाख्रा र एउटा बोको चाहिन्छ। ती नभए कुभिण्डोलाई पनि बोका बनाएर र जाइफलले पनि बुझाइन्छ। बोका र पाठी नभए कुभिण्डो र जाइफलले बुझाउने हो ।

(७) कालिका देवता

कालिका देवता कुचैनीका नौकुल्या राजीले मान्छन् ।

(८) नाग देवता वा विषहरी देवता

(९) पस्यापो देवता

(१०) समैजी देवता

(११) रावन्ने देवता

(१२) भवानी

(१३) कालिका

(१४) कन्याकुमारी

राजीहरू यी देवताको पूजा आफै गर्दछन् । पूजा गर्न बाहिरका पुरोहित ल्याउँदैनन् । उनीहरू ती देवतालाई फलाक्दा पनि आफ्नै राजी भाषामै फलाक्छन्। बाहिरको देवतालाई बाहिरको भाषा र आफ्नो देवतालाई आफ्नै भाषामा फलाक्छन्। राजीहरू साउन र चैत्र महिनामा केही पूजाआजा गर्दैनन्। उनीहरू साउन कालो र चैत्र रित्तो महिना भएको विश्वास गर्दछन्। पूजापाठ र लेनदेन पनि यी दुई महिनाबाहेक अरू महिनामा गर्दछन्। राजीका देवतालाई पैसा चढाउनु पर्दैन। अक्षता, घिउ र ल्वाङमात्र चढाउँछन् ।

राजीका अगुवा वा गुरुवाको पूजा गर्ने थलो माटोको ढिस्को उठाएको घरभित्र हुन्छ। यस्तो कैलालीको गौरीगंगा ३ स्थित् कुचैनीको खोलापारि र भिmल गाउँमा पनि छ। तलागाउँ र चिसापानीमा यस्ता पूजा गर्ने ठाउँ रुख र पिपलको बुटामा बनाइएको छ। त्यहाँ घाट (घण्टी) र त्रिशूल राखेको हुन्छ। कुचैनी गाउँका मिनबहादुर राजी (वर्ष ३५) थप भन्छन्, “हामीले खास त्यहाँ गएर पूजा गर्नुपर्ने हुन्छ। यो ठाउँ कुचैनीबाट १५० किलोमिटर पूर्व उत्तरमा पर्छ। यो सुर्खेतको नजिकमा छ।” राजीहरूका अनुसार राजीका कुनै देवताको थान अझै जङ्गलमै पनि छ। सालभरको बाचा गरेर देउतालाई त्यही राख्दछन्। उनीहरू त्यही बाचाअनुसार वर्षेनी ती देवता भएको थानमा गई मान्ने पुज्ने गर्दछन्। राजीहरू खास कुनै मन्दिर बनाउँदैनन् (Pandey 2008)। तर प्रत्येक राजीको घरको आँगनका छेउमा सानो छाप्रोजस्तो घर बनाई देवताको थान बनाइएको हुन्छ। यसमा उनीहरू प्रत्येक असोज-कार्तिक महिनामा दशैंको छेकपारी पूजाआजा गर्दछन्।

तस्वीर १०. राजीको घरछेउ आँगनमा भएको देउता पुज्ने घर

६.५ राजीका पुरोहित वा धार्मिक नेताहरू

राजीहरूको परम्परागत पुरोहित वा धार्मिक नेता ‘गुराउ’ वा ‘गुरुवा’ नै हुन्। राजीहरू पटक पटक भन्ने गर्दछन् कि ‘यदि गुराउ नभएको भए हामी सबै मरिसक्ने थियौं’ (Reinhard,

1976)) । गुराउ वा गुरुवाको शक्ति भन्नु नै पितृ वा कुल देवता उनीहरूको आङ्मा चढेर देवशक्ति प्राप्त गरी आत्मिक वा देवताको संसारमा विचरण गर्नसक्नु हो । राजीमा यस्ता गुराउ वा गुरुवा जो कोही हुन सक्दैनन् । जसलाई देवताले रोज्दछ वा जसले देवताको पुकार गर्न सक्दछ ती मात्र गुराउ हुन सक्दछन् । राजीमा यस्ता गुरुवाहरू पुरुष र महिला दुवै भएको पाइन्छ । पुर्खाहरू बलुवा बाजे, धमिनी बजै र गुजे राजी यी गुरुवा र गुराउका केही उदाहरणीय पुर्खा हुन् । अहिले आएर यसरी यति शक्तिशाली गुराउ वा गुरुवा उत्रने परम्परा खस्किँदै गएको छ । योसँगै राजीको मौलिक धार्मिक पहिचान नै गुम्ने खतरा पनि छ ।

६.६ धामीझाँक्री परम्परा

राजीहरूमा पहिले एकदमै सशक्त धामीझाँक्री परम्परा थियो । राजीका मौलिक धामीझाँक्रीहरू गुराउ वा गुरुवा हुन् । यस्ता गुरुवा वा धामीझाँक्रीहरूले राजीहरूलाई विभिन्न भूतप्रेत, दैवी प्रकोप र रोगव्याधीबाट बचाउने अनुष्ठानिक कार्यहरू गर्दथे । पहिले "राजी जातिमा पश्चिमतिर एक यस्ता सशक्त गुराउ थिए जसलाई राज गुराउँ भनिन्थ्यो । उनको शक्ति धेरै शक्तिशाली भएको चर्चा पछिसम्म भयो" (Reinhard, 1976: 267) । यी गुराउले नै राजी गाउँ र समाजलाई नराम्रा भूतप्रेतहरूबाट बचाउन सो गाउँ र समाजको चारकिल्ला बाँधेर संरक्षण गर्ने प्रचलन छ ।

६.७ ऐतिहासिक महत्त्वका धार्मिक, सांस्कृतिक सम्पदा र वर्तमान स्थिति

राजी जातिका ऐतिहासिक धार्मिक-सांस्कृतिक सम्पदाहरूमध्ये एक उनीहरूमा भएको नाउ वा डुङ्गा बनाउने र चलाउने ज्ञान हो । तर यो ज्ञान कतै दस्तावेजीकरण र हस्तान्तरण नभई लोप हुनै लागेको छ । दोस्रो ज्ञान उनीहरूको खोलानाला र माछाप्रतिको ज्ञान र मार्ने कला हो । यो पनि कतै दस्तावेजीकरण र हस्तान्तरण नभई हराउने अवस्थामा छ । राजीको तेस्रो सांस्कृतिक ज्ञान भनेको उनीहरूको मौरीप्रतिको ज्ञान महकाड्ने कला हो । यो ज्ञान र कला पनि कतै दस्तावेजीकरण हस्तान्तरण नभई हराउने अवस्थामा छ । यसैगरी अर्को चौंथो ज्ञान भनेको राजीहरूको जङ्गल, वनस्पति र औषधिजन्य जडीबुटी चिन्ने र औषधि बनाई विभिन्न बिमार र रोगको उपचार गर्नसक्ने कला र क्षमता हो । यो कला पनि कतै दस्तावेजीकरण र हस्तान्तरण नभई हराउने अवस्थामा

छ । राजीको अर्को सांस्कृतिक ज्ञान भनेको काठका घरेलु सामग्री आरी, बाकस र ओख्लीजस्ता सामग्रीहरू निर्माण गर्ने सीप हो । यो सीप पनि कतै दस्तावेजीकरण र हस्तान्तरण नभई लोप हुने अवस्थामा छ ।

६.८ प्रमुख धार्मिक पूजाआजा, संस्कार र चाडपर्व

राजीका प्रमुख धार्मिक पूजाआजा कुल वा पितृपूजा तथा प्रकृतिको पूजा हो । यसका साथमा उनीहरूले विभिन्न देवीदेवताहरूको पूजा गर्दछन् । राजीहरूले वर्षको दुई पटक नयाँ अन्नबाली चरपोख गर्ने बेला (भुयाँरी पूजा) र ती पाकेपछि उठाउने बेलामा विशेष भूमि र अन्नको पूजा गर्दछन् । त्यो नै राजीको प्रमुख र मौलिक चाड पनि हो । यसका अलावा राजीहरूले तिहार, माघी तिवार र होलीसमेत मान्दछन् । उनीहरूले माघी तिवारलाई नयाँ वर्षको रूपमा समेत मान्दछन् ।

६.९ घरभित्र गरिने पूजाहरू

राजीले घरभित्र गर्ने प्रमुख पूजा पितृ-पितृनीको पूजा हो । यही नै उनीहरूको कुल पूजा पनि हो । राजीहरूका लागि मृतक पितृ वा पुर्खाहरू नै मूल देवताहरू पनि हुन् । उनीहरूले ती पितृहरूलाई घरभित्रको धुरीखाँबो वा मूल खाम्बा र चुलामा पूजा गर्दछन् ।

६.१० कूलदेवता, पूर्खा, भुमी र प्रकृति पूजा

राजीको कुल देवता उनीहरूका मृतक पुर्खाहरू हुन् । उनीहरूले नयाँ अन्नबाली छरपोख गर्नअघि गाउँले सबै मिलेर गाउँलाई चारैसुर बाँधी भूतप्रेत छेकेर आफ्नो गाउँ र भूमिको संरक्षण गर्ने पूजा गर्दछन् । यसलाई 'भुँयारी' पूजा पनि भनिन्छ । यसका अलवा उनीहरूले जङ्गल र खोलानालामा पनि पूजा गर्दछन् ।

६.११ गाउँ र समुदायमा सामूहिक रूपमा गरिने पूजा

६.११.१ धुरिया पूजा

राजी बस्तीमा वर्षको दुई पटक गाउँका देवताहरूका लागि पूजा गरिन्छ । एक पटक खेती

लाउनअघि बैशाख (मे-जुन); र अर्को पटक धान पाकेको बेला मङ्सिर (नोभेम्बर-डिसेम्बर) मा यी पूजाहरू गर्ने गर्दछन्। यो पहिलो उत्सव पूजालाई 'धुरिया' भनिन्छ। यसको पूजा गाउँको थानमा हुन्छ। प्रत्येक घरधुरीले चढाउनु पर्ने चिजबिज एक वा दुई वटा कुखुरा (चल्ला) सहित एक जना प्रतिनिधि सो पूजामा पठाउँछन्। जब गाउँका पुजारीले ती कुखुराहरूको भोग चढाउँछन् तब मूल पुजारी गुराउले बीचको थानमा आफ्नो काम सुरु गर्दछन्। उनको इष्ट देवतालाई भोग चढाएपछि उनले एउटा काठको खुटी लिन्छन् र केही समय देवता चढेर काँप्छन्। उनी भूईँलाई हिर्काउँछन् र तुरुन्तै उनको देवताले जीउ छोड्छ। सहयोगीहरूले काठको खुटी (किलो) ले थानको नजिकै भएको सालको रुखमा हान्छन्। यो प्रक्रियालाई दोहोऱ्याउँदै धेरैवटा काठका खुटी (किलो) ले पटक पटक सालको रुखमा हान्छन्। ती काठका खुटी वा किलाहरूलाई दुई बराबर लहरहरू हुनेगरी गाड्छन्। अनि यसमा धागोले सात फन्को बेरी पूजा अनुष्ठान सम्पन्न गर्दछन् (Reinhard, 1976: 284)।

६.११.२ लवाङ्गी पूजा

राजीले गर्ने दोस्रो पूजा 'लवाङ्गी' हो। यो एक मुख्य अन्न फलाउने वा दाइँ गर्ने ठाउँमा गरिन्छ। यो पूजा पनि धुरिया पूजाको विधिजस्तै गरिन्छ। तर यसमा अपवाद बाहेक काठको किलाहरू हान्ने संस्कार चाहिँ गरिँदैन। भुयार राजीहरूले गाउँका सबै देवीदेवतालाई बुझाउन प्रयोग गर्ने सामूहिक शब्द हो। यद्यपि केही राजीहरू भुयार स्वयम्लाई पनि एक देवता नै ठान्दछन्। यी पूजाहरू मुख्यतः अन्नको उब्जाउ वा सहसँग सम्बद्ध हुन्छन्। साथै यो पूजा गाउँका देवताहरूबाट हुनसक्ने दुष्प्रभावबाट बच्नका लागि गर्ने गर्दछन् (Reinhard, 1976: 284)।

६.११.३ धारबाँदी पूजा

राजीहरूले एउटा अनुष्ठान 'धारबान्दी' (शाब्दिक अर्थमा सीमा बाँध्ने) वर्षको एक पटक बैशाख (मार्च-अप्रिल) महिनातिर गर्ने गर्दछन्। यो पूजा खराब आत्मा वा भूतप्रेतहरूबाट गाउँलाई बाँध्न गरिन्छ। पुजारी गुराउ र उनका सहयोगीहरू गाउँको वरिपरि घेरा हुनेगरी चार ठाउँमा जान्छन्। त्यो प्रत्येक ठाउँमा गाउँको पूर्वदिशाबाट सुरु गरेर सालका लिङ्गोहरू चारतिर (चारठाउँमा) जमिनमा गाड्दछन्। ती गाडिएका सालका लिङ्गोहरूले

चारैतिरबाट गाउँलाई संरक्षण गर्न पहरा दिन्छन् भन्ने विश्वास गरिन्छ। चिनी घोलेको पानी र खारेको घिउ वा पानीमा मिसाइएको पत्ताहरू (Azidirachta indica) एउटा बाँसको टोक्रीमा हालेर त्यसलाई एउटा सेतो वा रातो कपडाको टालोसित (देवता रहने दिशाअनुसार) सालको टुप्पामा झुण्ड्याइन्छ। यसको फेदमा एउटा सानो घोडाको आकृतिको मूर्ति र पानी भएको खोपिल्टो बनाएर राखिन्छ। अनि धूप बाली चोखो पानीले पर्साइन्छ। पुरोहित गुराउले मन्त्र गरी सकेर एउटा काठको घोचा (Acacia catechu) जमिनमा गाड्छन्। यस्तै प्रक्रिया अर्को ठाउँमा पनि दोहोऱ्याइन्छ। कथम् कदाचित यो संरक्षित घेरामा एक खुल्ला ठाउँ बन्यो भने पनि यो समयमा त्यहाँ उपस्थित कोही पनि घर फर्कनु हुँदैन। यसो गर्नुको कारण भूतप्रेतहरू चढाएको चिजबिज र बास्नादार खुटीमा आकर्षित होऊन् भन्ने हो। त्यसपछि त्यसलाई त्यहाँभन्दा अघि बढ्ने बाटो थुन्ने गर्दछन् (Reinhard, 1976: 287)।

६.१२ शुभ कार्यमा साथ दिने र दुःख दिने देवताहरू

राजीका शुभ कार्यमा साथ दिने र दुःख दिने देवताहरू पितृ वा कुलदेवता बाहेक अरू देवताहरू हुन्। राजीका अगुवा, चिवार देवताहरू मन्साई पुगेर खुशी हुँदा साथ दिने तथा कुनै अवहेलना भई मानसम्मान नपुग्दा दुःख दिने देवताहरू हुन्। यस्तै अरू 'पाल' र सोमैजी देवताहरू पनि यही विशेषताका देवताहरू हुन्।

परिच्छेद ७

राजीका जीवनचक्र र संस्कारहरू

७.१ जन्म संस्कार

भारत कुमाउका राजीहरूले बच्चाको जन्म हुनुलाई भगवानको आशीर्वादका रूपमा लिन्छन्। तर उनीहरूले ६ महिना पुग्नअघि बच्चाको नाम राख्दैनन्। सायद यो उच्च बालमृत्युदर हुनुले हो। शेर्रिङ् (Sherring 1906) का अनुसार प्रायः सबै बच्चाका एउटा हिन्दु र अर्को आफ्नै मौलिक भाषाको गरी दुई वटा नामहरू हुन्छन् (Rastogi, 2002)। नेपालका राजीहरूले जन्मेको बच्चाको नाभी खसेपछि न्वारान 'न्वारठोप्के' गरी नाम राख्दछन्। बच्चाको नाम सुँडेनी 'झिरौडी' ले नै पनि राख्ने गर्दछन्। कसैले बच्चाको जन्मसंस्कार ९ वा १० दिनमा सकिने त कसैले पूरै जन्मसंस्कार सकिन डेढ महिना नै लाग्ने कुरा गर्दछन्। बच्चाको नाभी खसेपछि सुत्केरीको कपडा तातोपानीमा खरानी हाली त्यसमा चोबलेर धुने चलन छ। न्वारानको दिन नुहाइधुवाई गरी तेल, बेसार र सुनपानीमा तामाको पैसा चोबलेर सुनपानीले चोखिने चलन छ। यो सुनपानी हातमा लिएर पिउने र शिरमा लगाएर चोखिने गरिन्छ। सुत्केरी आफैँले त्यसो गरेर चोखिन्छिन्। सुत्केरी र झिरौडी आफैँले आफैँलाई चोख्याउँछन्। पछि आएर राजीको जन्मसंस्कारमा पनि केही हिन्दु प्रभाव पर्न थालेको देखिन्छ। राजीहरूमा जन्मदा जन्मको गीत गाउने चलन पनि छ। यस बखत महिलाहरूले 'खेल' भन्ने गीत गाउने गर्दछन्। यो गीतको भाव बच्चा जन्मेको खुशीमा आशीर्वाद दिँदै रमाइलो गरौं भन्ने हुन्छः

खे...ल..
छुमु छुमु खेल...
केलाजस्तो गाँजिनू
दूबोजस्तो फैलिनू
केलाजस्तो गाँजिनू
बर-पिपलको हाँगा फैलिएजस्तै फैलिनू।
(रतीदेवी राजी, वर्ष ११७, गौरीगंगा न.पा. ३, झिल, कैलाली)।

७.१.१ जीवनको सुरुवात सम्बन्धी अवधारणा

राजीहरूमा जन्म संसकारपछि विवाह संस्कार अघिसम्म खासै तेस्तो व्यक्तिगत जीवन संस्कारहरू पास्नी, छेवार र गुन्युचोलो फेर्नेजस्ता संस्कारहरू गर्ने गरेको पाइन्न । भारतीय राजीमा भने "बच्चा जन्मेको छ वर्षसम्म मात्र परिवार वा बुबाको हेरचाहमा हुन्छन् । त्यसपछि भने बच्चालाई आफै स्वावलम्बी भई कर्म गर्न प्रेरित गर्ने संस्कार रहेको पाइन्छ" (Rastogi, 2012) ।

७.१.२ सुतक बार्ने चलन

राजीमा जन्मँदा र मृत्युहुँदा सुतक बार्ने चलन छ । साथै, कैलालीका नौकल्या राजीहरूमा भने रजस्वला समेत बार्ने चलन रहेको छ । यसरी बारेन भने 'पाल' देवताहरू रिसाउँछन् भन्ने मान्यता छ । यी राजीहरूमा सुत्केरी भएको र रजस्वला भएको महिला उनीहरूको घरको अगाडि हिँडेमा देवताले मुख, हात र खुट्टा नै बङ्ग्याई दिने गर्दछ भन्ने विश्वास छ । यो खस संस्कारको प्रभाव हुन सक्दछ । तर ती महिलाले खसहरूजस्तै घर बाहिर बस्नु भने पर्दैन । उनीहरू घरभित्रै बस्दछन् । तर कैलालीकै भजनी नगरपालिकाको भुरुवामा बस्ने बाह्र बण्डाली राजीहरूमा भने यस्तो रजस्वला बार्ने चलन नै छैन । उनीहरू सुत्केरी हुँदा मात्र नचोखेसम्म सुतक बार्दछन् । राजीहरूले यसरी सुतक बार्दा रातलाई मात्र गणना गर्ने गर्दछन् ।

७.२ राजीको परम्परागत विवाह

राजीमा मागेर र चोरेर वा भागेर पनि विवाह गर्ने चलन छ । तर राजीको परम्परागत विवाह प्रणाली भने मागी विवाह नै हो । विवाह गर्न पहिले एक 'जोल्या' राजीका प्रतिनिधि कुटुनी केटी माग्न जान्छन् । केटी माग्दा हल्दी र धागो पनि चाहिन्छ । विधिपूर्वक कुरा छिनाउँछन् । सर्तअनुसार फेरि केटी लिन जान्छन् । केटीको घरमा पनि केही विवाह संस्कार हुन्छ । विवाहका लागि घ्यु, भाले, पोथी कुखुरा र बोका लगायत अन्य सामग्री चाहिन्छ ।

राजीको विवाह आफ्नै जातिभित्र मात्र हुन्छ । अहिले नयाँ पुस्ताले अरू जातिसँग पनि विवाह गर्न थालेका छन् । तर यस्तो संस्कार उनीहरूको समाजमा त्यति सजिलै

स्वीकार्य हुन्न । यो विवाह संस्कार अरू जातभन्दा केही फरक हुन्छ । उनीहरूको मागी विवाहमा दुलाहाको अभिभावकले दुलहीको अभिभावकलाई सगुन बुझाएर विवाहका लागि प्रस्ताव गर्दछन् । विवाहको कुरा छिन्ने अवसरलाई उनीहरूले 'धर्म जोख्ने' परम्पराका रूपमा लिन्छन् । यसमा केटीका बुबाले एउटा लामो सेतो कपडाको लट्ठामा दह्रो गाँठो पार्दछन् । यो केटाका बुबालाई दिइन्छ । केटाका बुबाले पनि अर्को यस्तो दह्रो गाँठो बनाई केटीका बुबालाई दिन्छन् । यो एक नयाँ सम्बन्धको प्रतिवद्धता हो (गुरुङ, २०६४) । यसैलाई धर्म जोख्ने चलन भनिन्छ । अब उनीहरूले विवाहको दिन निश्चय गर्दछन् । विवाह उत्सव सामान्यतः फागुन महिनामा गर्ने गर्दछन् (Paudel, 2015) । विवाहभन्दा एक दिनअघि केटाको घरमा 'पाथरा' भन्ने संस्कार गरिन्छ । 'पाथरा' एक मानिस हुन् जसले विवाहका लागि पात टिप्दछन् । पाथराले जङ्गलमा गई बर, पिपल र बेलका सात-सातवटा पात टिप्छन् । यसरी टिपेका पातलाई उनेर चौध मुठा पार्छन् । विवाहको समयमा उनीहरूले पञ्चे बाजा पनि लान्छन् । यससँगै त्यहाँ एउटा काठको मुङ्ग्रो पनि चाहिन्छ । ती पातका मुठाहरू घरमा लगी पाथरा केटीको घरमा ती बाजा गाजासहित जान्छन् (Paudel, 2015: 27) । उनीहरूले केटीको घरलाई सात फन्का परिक्रमा गर्दछन् । यो प्रक्रियालाई 'भाउर घुमेनाङ्' भन्दछन् । यसपछि उनीहरू सजाइएको प्रवेशद्वार हुँदै घरमा प्रवेश गर्दछन् र त्यहीँ ठाउँमा घरका मान्छेले उनीहरूलाई रोक्दछन् । केटीको घरमा केटाको केश खौरने काम हुन्छ । उसको खौरेको कपाललाई केटाको बहिनीले एक टपरामा राख्छन् । उनलाई नजिकको खोला वा नदीमा लग्छन् र त्यहाँ उनले नुहाएर सेता जामा, पगरी र नाडीमा कातरी लगाउँछन् । विवाह संस्कार विहान सबेरै गरिन्छ । यस अवसरमा केटीको घरको पश्चिमतिर केटाको तर्फबाट एउटा बोका राखिन्छ । घरभित्रको एउटा दुलोबाट एउटा पाइपजस्तो चिज छिराएर त्यो बोकाको कानमा छुनेगरी राखिन्छ । त्यो पाइपबाट पानी हाली बोकाको कानमा पठाइन्छ । जब त्यस बोकाले टाउको हल्लाएर सो पानी छर्कन्छ, तब अघि बोकी ल्याएको मुङ्ग्राले बोकाको टाउकोमा हिर्काई मारिन्छ । त्यस बोकाको मासु दुवै परिवारजनलाई बाँडिन्छ । यस संस्कारलाई 'वास्यापाक्' भनिन्छ । यो कर्म बिहान गरिन्छ । यो 'वास्यापाक्' र भोजपछि पाथरा घरमा फर्कन्छन् (Paudel, 2015: 27) ।

राजीको विवाहमा गीत पनि गाउने चलन छ । यो गीत प्रायः महिलाहरूले गाउने गर्दछन्ः

विवाहमा गीत गाउने एउटी महिला गायिका 'माङ्लिआर्नी' ले गीतका भाकाहरू गाउँछिन्। यसमा एक देवतालाई आफ्नै ठाउँमा रहन भनिन्छ। यो गीतको भाकाको अन्तमा एउटा डोरीले गाग्रोको घाँटीमा बाँध्छन् र सहभागीहरूले यसमा अछेताले हान्छन्। घरका प्रतिनिधि, पुरोहित गुराउ र गाउँका पुरोहितहरूको जिम्मेवारी ती देवताहरूलाई नाम लगाइदिने हुन्छ। (Reinhard, Johan. 1976: 287)

राजीले विशेषगरी मङ्गलबारको दिन घरमा केटी भित्र्याउने गर्दछन्। केटी घरमा ल्याउँदा घरमा महिलाहरूले दुलही "हारेर ल्यायौ कि जितेर ल्यायौ" भन्ने भावको गीत गाउँछन्। जवाफमा अर्को पक्षले "जितेरै ल्यायौं" भन्छन्।

बेहुलीको घरमा गाउने गीतको भावः

अब म घर छोडी गएपछि

बुबा आमा नरुनु होला।

म छोरी पराई घर जानै पर्ने।

म छोरी हारेको जातले।

पराई घर जानै पर्ने।

म आमा बाबाको घरमा बस्न नसुहाउने।

समाजले पनि माइतमै बसेको राम्रो नमान्ने।

यसरी नै विवाहको भात भान्सामा गाउने गीतको भावः

विवाहको भात भान्सा राम्रोसँग पकाउनु,
इष्टमित्रलाई राम्रसँग मान मर्यादा राख्दै
खानपान खुवाउनु, पिलाउनु।
खानाखाने बेलामा राम्रोसँग स्वागत गर्नु,
माली गाईको घ्यूसित राम्ररी खुवाउनु।
घरमा भएका जेजस्ता खानेकुरा पकाएर
मान-मर्यादा सहित दिएर खुवाउनु।
भात भान्सामा कोही पनि नछुटुन्।

हात्तीमा बेहुला सवारी गर्दैछन् ।
बेहुला सवारी हुँदैछन् ।

अर्को गीतको भावमा भान्जोले सुनको धनुकाँड माग्छ। मामाले भन्छ, ‘‘खाने चिज त जति पनि छ। त्यो दिन्छु। तर धुनुकाँड दिन सक्दिनँ। मेरो सिकार खेल्ने साधन त्यही एउटा छ।’’

भान्जोले फेरि गुलेली माग्छ। मामाले भन्छ, ‘‘अरू खानहुने चिज सबै लैजाऊ। तर सिकार खेल्ने गुलेली चाहिँ दिन सक्दिनँ।’’ यसो भन्दै मामाले भान्जोलाई गुलेली पनि दिँदैन।

यी गीत गाउँदा गाउँदै गायिका ११७ वर्षीया रतीदेवती विरक्तिएर खुई...गरी लामो श्वास फेर्छिन्। उनको चिन्ता छ, ‘‘म मरेपछि यी गीत कसले गाउने होला ?’’ यस्ता मागाल गीत पहिलैदेखि पुर्खाले गाउने गरेको कुरा रतीदेवी राजीले बताइन्। यद्यपि यी मागाल गीतमा केही खस संस्कारको प्रभाव परेको आभास हुन्छ।

°°°राजीहरूको विवाह आफ्नै जातिभित्र हुने गर्दछ। जाँड, रक्सी र सुँगुरको मासु भोज भतेरमा चलाइन्छ (उक्याव र अधिकारी, २०५७: ५४)। साथै राजीको विवाहमा गाउँका अग्रज भद्रगण उपस्थित भई कचेरी बस्ने चलन समेत छ। ‘‘भारतको कुमाउ पिथौरागढ र नेपालमा रहेका राजीहरूको अवस्था समान छैन। नेपालका राजी र भारतका राजीबीच अन्तरविवाह हुन्छ। तर भारतका राजीहरूले आफूलाई माथिल्लो जाति सम्झन्छन्’’ (Pandey, 2016) .

७.२.१ विवाहका किसिम र सांस्कृतिक नियमहरू

राजी विवाहमा हाडनाता र वैवाहिक सम्बन्धले बनाउने नातामा विवाह वर्जित मानिन्छ। भारतका राजीहरूको भाषावैज्ञानिक अध्येता कविता रास्तोगी (Rastogi, 2012) का अनुसार राजीहरूले अहिले एकल विवाहको अभ्यास गरे पनि अरू हिमालयन जातिजस्तै पहिले उनीहरूमा पनि बहुपति विवाह प्रचलनमा थियो। बहुपति विवाहमा परिवारको जेठो सदस्यको विवाहसँगै अरू सबै भाइको विवाह हुन्छ। ती जेठो दाजुकी पत्नी सबै भाइहरूको साझा पत्नी हुन्छिन् (Levine, 1988)। राजीमा साटी विवाह समेत भएको पाइन्छ। यसको अर्थ कुटम्बको सोल्टा-सोल्टीबीचमा बेहुली साटासाट गर्नुजस्तो हो

(Gautam and Thapa Magar, 1994)। राजीहरूमा फुपूचेली-मामाचेला विवाह गर्न हुँदैन। तर राजी बसेको एक गाउँमा यस्तो विवाह समेत भएको बताइन्छ।

७.३ मृत्यु संस्कार

पहिले राजीहरूमा अनौठो किसिम्को मृत्यु संस्कार विधि थियो। उनीहरूले मृतकको लासलाई न जलाउँथे न त पुर्थे नै। लासलाई जङ्गलमै वन्यजन्तुले खाने गरी छोड्दथे (Rastogi, 2012: 13)। यसरी राजीले पहिले मृतकलाई त्यतिकै जङ्गल छाडिराख्ने वा फाल्ने गर्दथे। वर्तमान समयमा राजी जातिका मानिसको मृत्यु भएपछि मृतकको लासलाई जमिनमा गाड्दछन् (उक्याव र अधिकारी, २०५७, गुरुङ २०६४)। यही नै उनीहरूको मृत्यु संस्कार भएको मानिन्छ। अहिले उनीहरूले लासलाई जलाउन पनि थालेका छन्। उनीहरूले किरिया १३ दिनसम्म बार्दछन्। मृत्यु भएको दशदिन पछिसम्म उनीहरूले प्रत्येक साँझ मृतकलाई खाना र पानीको पिण्ड चढाउँदछन् (Atkinson, 1884: 367)। यस समयमा आफन्तहरूले नुन र मासु बार्दछन्। उनीहरूले प्रत्येक दिन नुहाई दिनको एक पटक मात्र खाना खाने गर्दछन् (Paudel, 2015: 27)।

भारतमा रहेका कुमाउनी राजीहरू एकदमै परम्परावादी छन्। परिवारको एक सदस्य वा सानो बच्चाको मृत्यु भएपनि उनीहरू परिवारै गाउँ छोडेर अर्को ठाउँमा बस्न जान्छन्। सो परिवार त्यो मूल गाउँमा केही वर्षपछि मात्र फर्कन्छन्। तर स्थायी जग्गा जमिनको व्यवस्थाले गर्दा अहिले विस्तारै यो परम्परा हराउँदै गएको छ (Pandey, 2008: 384)। राजीहरूमा मृत्युहुँदा पनि मृतकलाई गीत गाएर विलौना गर्दै सम्झाइबुझाई विदाइ गर्ने चलन पनि छ। मृत्यु गीतको भाव हुन्छः

मरी हाल्यौ।
भेट नहुने भो।
कहिल्यै नफर्किने भयौ।
सपनामा देख्नचाहिँ पाइने होला।
पिपनामा भेटचाहिँ कहिले नहुने भो!
(रतीदेवी राजी, वर्ष ११७, गौरीगंगा न.पा. ३, झिल, कैलाली)।

७.३.१ मृत्यु संस्कार र मृत्युपछिको जीवनसम्बन्धी विश्वास

(क) दाह संस्कार

राजीहरू बिरामी हुँदा बाँचियोस् भनेर आफ्नै परम्परागत ज्ञानमा आधारित जुडिबुटीको औषधोपचार गर्दछन्। साथमा गुराउ वा गुरुवा धामीझाँक्रीलाई पनि उपकार गर्न लगाउँदछन्। त्यति उपचार गर्दा पनि उपकार नलागेर मृत्यु भए सास गएको मृतकको लासलाई घरभित्रै जहाँ सास गयो त्यही राख्दछन्। मृतकको लासलाई नुहाएर तेल लगाइदिन्छन्। मृतकलाई त्यही दिनै गाड्नु पर्छ भन्ने छैन। नातेदार नआएसम्म पर्खने चलन छ। लास बोक्ने स्ट्रेचर 'ताःत्र' बनाउँछन्। यो काँचो बाँसको बनाउनु पर्दछ। पुरुष मृतकका लागि सेतो कपडाको कात्रो बनाउँछन्। महिलाका लागि चाहिँ रातो वा छिटको कफन बनाउने चलन छ।

लासलाई घरबाट निकाल्दा लासको खुट्टा अगाडि पारिन्छ। लाससँगै कफनकै चिर्कोटको झण्डाजस्तो बनाई 'योम्त्री' ध्वजा २ वटा बोक्नु पर्दछ। एकै जनाले यो दुई वटै ध्वजा बोक्ने हो। त्यही मान्छेले टपरीमा 'काज' (लाही) धान र मुसुरोको दाल छर्दै जान्छन्। मुर्दालाई बोकेर हिँडाउनुभन्दा अगाडि महिलाहरूले मरेको मान्छेलाई तेल र चामलको टीका लगाई दिन्छन्। लास उठाउँदा लासमा महिलाले अक्षेता छर्कन्छन्। राजीहरू मुर्दालाई नदीपारि तार्दैनन्। तराउनु हुन्न। तर कुनै ठूलै रोग लागेर मरेको हो भने चाहिँ नदीपारि पनि लाने चलन छ। लासलाई चिहानघारीमा लैजाँदा बाटोमा लाही छर्दै जान्छन्। दफन गर्ने ठाउँलाई राजी भाषामा मर्गट्टी भनिन्छ। मुर्दालाई 'माराः' भन्दछन्। मर्दा गाड्ने खाडल खन्नुभन्दा पहिले त्यही लाही चामल छर्छन्। अनि तामाको सिक्का राखेर माटो किन्ने गर्दछन्। माटो किनेको सिक्का भूइँमा राखी त्यो सहित खन्न थाल्दछन्। त्यो माटो र सिक्कालाई मरेको मान्छेको छातीमा राख्दछन्। उनीहरूले खाडल कमरसम्म आउने गरी खन्छन्। पहाडकाले ढुङ्गाको बाकसजस्तो खाडल बनाउँछन र ढुङ्गैले छोप्छन्। तर तराईमा ढुङ्गा नहुँदा मृतकको कपडा ओछ्याई लासलाई तेतिकै पुर्नुपर्ने बाध्यता छ। लासलाई खाडलमा राख्नुभन्दा पहिले मुख र हात धोई सबैले दर्शन गर्दछन्। लासलाई पुर्दा पहिले इष्टले माटो हाल्छन्। अनिमात्र गोत्यारले माटो लगाउँछन्।

मृतकलाई पुरिसकेपछि त्यही बाचा दिनुपर्छ। त्यहाँ "सम्झी बुझी बस्नु। घरमा धक्का नगर्नु। यति दिनमा तिम्रो काज किरिया गरौंला" भनेर बाचा गरिराख्नु पर्छ। जेठमा मऱ्यो भने बर्खमा काजकिरिया हुँदैन। कार्तिक मङ्सिर मात्र चाडवाड मान्नुभन्दा पहिले गर्नुपर्छ। यसरी दफन गरेर मलामी फर्कन्छन्। अनि फरवा खन्ने औजारको बिँड बराबरको काठको डण्डा बनाउँछन्। त्यसलाई तोडेर टाङ्बाट छिराएर फरुवा बोक्नेले नदीमा नुहाउन जाँदा फाली दिनु पर्दछ। घरमा फर्की आएर सादा तेल र सुनपानीले इष्टलाई चोख्याउने गरिन्छ। गोत्यारलाई काँचो हल्दीको रस तेलमा मिसाएर टाउको र हातमा लगाएर चोखिनु पर्दछ। साथै सुनपानीले पनि चोखिनु पर्दछ। यसपछि इष्टहरू आ-आफ्ना घर जान्छन्। घर पुगेपछि आफ्नो घरमा इष्टहरूले सुनपानीले छर्केर चोखिन्छन्।

(ख) काजकिरिया

राजीहरूमा जति दिनमा जहिले सक्यो तहिले मृतकको काजकिरिया गर्ने चलन छ। काजकिरिया गर्ने दिन निश्चय भएपछि सबैलाई गोत्यार, आफन्त, कुटुम्ब र इष्टलाई खबर गर्दछन्। काजकिरियामा आउनेले चामल, तरकारी जस्ता चिजहरू सघाउनी लिएर आउँछन्। घरकाले फेरि मरेको मान्छेको कुशको मूर्ति बनाउँछन्। फेरि मुर्दाजस्तो लुगा लगाएर सजाएर घरमा पहिले मुर्दा राखेकै ठाउँमा राख्दछन्। मुर्दालाई जस्तो दही चामलको टीका (तेल र चामलको) लगाउँछन्। मुर्दा बोकेजस्तै बच्चाहरूले बोकेर नदीमा लैजान्छन्। त्यसलाई नदीमा लगेर जलाउँछन्। पहिल्यै कुशको मुर्दामा घरबाट जलाउने काठ पनि हाली लगिएको हुन्छ। कुशको लासलाई जलाई सकेर सबै गोत्यार दाजुभाइले कपाल खौरन्छन्। इष्टको कपाल नमुनाका रूपमा काटेजस्तो गर्छन्। नुहाइधुवाई गरेर भान्सा भोजभतेर हुन्छ। त्यो भोज नदीको छेउमै हुन्छ। त्यही सुनपानी बनाएर आफू चोखिन्छन्। इष्टहरू र चेलीबेटीले माइतीलाई चोख्याउँछन्। चेलीले महिला चोख्याउँछन्। ज्वाइँले सुसुराहरूलाई चोख्याउँछन्।

टाउको खौरेकालाई नुहाइधुवाई गरेर चामल र दाल पानीमा भिजाई मूर्ति जलाएको ठाउँमा मालुको पातमा पकाउँछन्। मान्छेको घेरा लगाएर डोरी घुमाउँछन्। तीनपटक भएपछि पुग्यो भन्छन्। मूर्ति हेर्छन्। छात्ती जलेन भने माना पुगेन भन्छन्। काजकिरियाको भान्सा नजिकै खरको मुठामा आगो लगाउँछन्। त्यहाँ आगोमाथि खैरको काँडा राखेको

हुन्छ। गोत्यार जतिले त्यो आगोलाई नाघेर आउँछन्। अनि सुनपानी, हल्दी र तेलले चोखिन्छन्। एक ठाउँमा राखेर इष्टले गोत्यारलाई कोभिन्डोको काँचै टुक्रा हल्दी लगाएर दिई चोख्याउँछन्। इष्टले नै पाकेको खाना मरेको मान्छेको नाममा किरिया बसेको मान्छेलाई दिन्छन्। अब सबैलाई खानपिन दिन्छन्। खाइसकेपछि घरमा आउँछन्। बचेको जति खाना इष्टले लिन्छन्। राजीमा नुन बार्ने चलन छैन। पहिले थिएन। किरिया बस्दा पहिले मासु कहिल्यै चाहिँदैनथ्यो। माछा पनि सुकेको मात्र चलाउँथे (भुरुवा, भजनी, कैलालीमा गरेको मिति २०७६ फागुन ५ को सामूहिक छलफल अनुसार)।

(ग) मृत्युपछिको जीवनसम्बन्धी विश्वास

राजीहरूमा मृत्युपछि मृतकहरू पुर्खा वा पितृ हुन्छन् भन्ने विश्वास गर्दछन्। ती पितृहरूलाई राजीहरूले बेलाबखत सम्झेर मान मनितो गरिरहनु पर्दछ। यदि तेसो नगरे उनीहरू रिसाएर दुःख बिमार गराई पुनः मराउपराउ हुन्छ भन्ने विश्वास गर्दछन्।

परिच्छेद ८

राजी धर्म-संस्कार र लैङ्गिक सम्बन्ध

८.१ धर्म–संस्कार र लैङ्गिक पहिचान

राजीका धर्म-संस्कारहरू पुरुष र महिला दुवैले सम्पन्न गर्दछन् । जन्म, विवाह र मृत्यु संस्कारमा व्यवस्थापकीय कार्यहरू राजी पुरुषले गर्दछन् भने त्यससम्बद्ध सौन्दर्य शास्त्रीय कार्यहरू जस्तै सो अनुष्ठानको गीत गाउने र अक्षता जस्तो पवित्र चिज पर्साउने काम महिलाहरूले गर्दछन् । राजीका प्रमुख पुजारी गुरुवा र गराउ पुरुष र महिला दुवै हुन्छन् । राजी भाषामा लैङ्गिकता शब्दमा मात्र हुन्छ । यो क्रियामा प्रतिविम्बित हुँदैन । यसको अर्थ राजी भाषामा लिङ्गले वाक्य तहमा प्रभाव पार्दैन । यो भाषामा लिङ्ग तटस्थ रहन्छ (Krishan, 2002: 458) । यस भाषिक आधारले पनि राजीमा लैङ्गिक विभेद् हुने खालका मौलिक परम्पराहरू छैनन् । तर पछि आएर विशेषतः खस भाषा र संस्कारको प्रभावले राजीमा केही लैङ्गिक विभेदका सङ्केतहरू पनि देखिन थालेका छन् ।

८.२ धर्म–संस्कार र चाडपर्वमा महिलापुरुषको नेतृत्वदायी भूमिका

धर्म-संस्कार र चाडपर्वमा विशेषतः राजी महिलाले गीत गाएर सो अनुष्ठानको महिमा गाउँदछन् । यसको अर्थ राजी जातिको मौलिक धार्मिक तथा सांस्कृतिक ज्ञान महिलामै निहित भएको सङ्केत हो ।

पहिले सुर्खेतको बबै उपत्यकामा करिब ६० प्रतिशत विवाहित महिलामा तन्त्रमन्त्रको ज्ञान रहेको विश्वास गरिन्थ्यो । तिनमा केवल १५ प्रतिशत जतिमात्र शक्तिशाली ज्ञान भएका मानिन्थे । यस्ता महिलाहरूलाई राजी समाजमा बोक्सी भनी आरोप पनि लगाइन्थ्यो । ती देवता चढेर बिरामी भए या बक्न थाले भने उनीहरूलाई बोक्सी भएको आरोप लगाइन्थ्यो (Reinhard, 1976: 280) । राजी समुदायमा बोक्सी वा तान्त्रिकहरूले गोप्य रूपमा अरूलाई हानी पुऱ्याउने कर्म गर्दछन् भन्ने विश्वास पनि गरिन्छ । यसमा सामान्यतः विवाहित महिलाहरू नै यस्ता कर्म गर्ने बोक्सी हुन्छन् भन्ने

पनि मान्यता राखिन्छ। बोक्सीहरू गुराउ जस्तो प्रक्रियागत रूपले शक्तिशाली हुँदैनन्। तर उनीहरूले सीधै तन्त्रमन्त्रको ज्ञानले त्यस्तो कार्य गर्न सक्दछन् भन्ने विश्वास गरिन्छ (P. 279)। यसले सकारात्मक तथा नकारात्मक ज्ञान पनि महिलामै निहित भएको बुझ्न सकिन्छ। राजीहरूको आफ्नो मौलिक संस्कार बोक्सी हुने र मान्ने होइन। तर राजी समुदायमा विवाह भइआउने महिलालाई नै बोक्सी भएको मान्नु ती महिलाहरू राजीभन्दा इतर जातबाट विवाह भइआएकोले पनि हुनसक्छ। यसरी एक जातिमा अन्तरजातीय विवाहलाई अस्वीकृति र निरुत्साहित गर्नका लागि पनि यस्तो मान्यताको विकास भएको हुन्छ (Epstein 1967:150)।

राजीको घरमा विवाह भएको बेलामा घरका कुल देवताहरूलाई अवरोध भई रिसाउँछन् भन्ने मान्यता छ। त्यसैले घरका महिलाहरूकै निर्देशनमा विवाहपछि घरका कुल देवताहरूको विशेष पूजाआजा गर्ने गरिन्छ (Reinhard, 1976: 288)। यसर्थ घरका कुल देवताहरूको भावनासमेत राजी महिलाहरूले बुझ्दछन्।

८.३ स्त्री शक्तिको अवधारणा

८.३.१ स्त्री शक्ति देउती बज्यै देवता र राजी

देउती बज्यै देवतासँग राजीको विशेष सम्बन्ध र आस्था रहेको छ। सुर्खेत जिल्लाको (साविकको लाटीकोइली गाविस) हालको वीरेन्द्रनगर पिपिरामा देउती बज्यैको थान रहेको छ। यसलाई गंगामाला देउती बज्यैको मन्दिर पनि भन्दछन्। यो देवतासँग राजीको ऐतिहासिक सम्बन्ध र योगदान रहेको छ। यस देवतासँगको सम्बन्धले राजीलाई महिला वा स्त्रीशक्तिप्रति विशेष सम्मान, आस्था र विश्वास रहेको समेत जनाउँदछ।

कुनै गैरराजी खस(?) जातिले दोषी छोरी भई नदीमा बगाई पठाएको एक बच्चालाई राजीले जाल हान्दा भेटी पालन पोषण गरे। ती बच्चाले किशोरी अवस्थाकी भएपछि एक्लै बस्ने इच्छा गरिन्। राजीले घरको छेउमा एउटा सानो छाप्रोको घर बनाई राखे। तर राति त्यो छाप्रो जलेर एउटा कालो शिला ढुङ्गामात्र रहेको अवस्था थियो। उक्त पालनपोषण गर्ने राजीलाई ती किशोरीले सपनामा आफ्नो यथार्थ बताइन्। ती किशोरी वास्तवमा सामान्य मानव नभई देवता थिइन्। ती देवता किशोरीले राजी बुबालाई आफूलाई कतै पूर्वतिर लगेर थान बनाई राख्न भनिन्। राजीले ती शिला ढुङ्

गामा परिणत भएकी देवतालाई पूर्वतिर लाने क्रममा अहिले सुर्खेतको पिपिरामा रहेको देउती बज्यैको मन्दिर स्थलतिर पुग्दा खसेर हराइन् । उनले पुनः सपनामा आफूलाई त्यही रहन दिन आग्रह गरिन् । ती देउतीले राजीलाई त्यही थान बनाई पुज्न भनिन् । राजीले आफू त मतवाली भई माछा, मासु र जाँडापानी खाने भएकाले ती देउतीलाई पूजा गर्न असमर्थता जनाए । तर देउतीले आफूलाई पहिले नदीमा भेटी उद्धार गरेर बचाएकाले उनैले पूजा गर्नुपर्ने सर्त गरिन् । यसरी पहिलेदेखि अहिलेसम्म नै देउती बज्यैको पूजा ती राजी जातिले नै गर्दै आएका छन् । यी देउती बज्यैको पूजाथान पिपिरामा मात्र नभएर सुर्खेतका विभिन्न ठाउँहरू सुवास, कल्यान, सहरे, केल्कुना, रामघाट, रानीघाट, तरङ्गा, पोखरीखण्ड, बुटिगाउँ, गोच्छेपोखरा; र बबैगुठी बर्दिया; सल्यानको कालीमाटीमा पनि स्थापित छन् (Gurung, Rawal, and Thapa 2014; जिसी, २०७५) ।

८.३.२ राजी जातिमा महिलाप्रतिको सम्मान र संरक्षण

राजी जातिले महिलालाई एकदमै सम्मान गरी विशेष संरक्षण समेत गर्दछन् । एक ऐतिहासिक भनाइ अनुसार पहिले कर्णाली नदीमा काठ बगाउने देशीले राजी महिलाहरूलाई जिस्काई अभद्र व्यवहार गरेछन् । यो कुरा परिवारमा थाहा पाएपछि एक तान्त्रिक राजी बड्डाले त्यसरी नदीमा बगाउँदै गरेको काठपात नै नदी बीचमै रोकी राखी दिए । ती राजीले आफ्ना छोरीचेलीमाथि गरेको अभद्र व्यवहारको बद्लामा गरेको थाहा पाई ती देशीले दण्ड तिरी माफी मागे । उनीहरूले यसरी दण्ड तिरी माफी माग्ने बित्तिकै त्यो नदी बीचमा अल्झेका काठपात आफैँ उसैगरी बगेर गए ।

भारतका राजीहरू इमान्दारिता र सरलतामा विशेष सम्मान राख्दछन् । उनीहरू आफ्ना महिलाहरूलाई सबै बाहिरियाहरूबाट लुकाउँदछन् । यसको कारण उनीहरू राजकीय जाति हुन् र अरूबाट देखिनु हुन्न भन्ने घोषणा हो (Atkinson, 1884: 367) ।

८.४ आदिवासी धर्म–संस्कारमा चोखोजुठोको मान्यता

राजीको धर्म-संस्कारमा केही चोखोजुठोको मान्यता पनि पाइन्छ । कैलालीका नौकल्या राजीहरूमा रजस्वला हुनुलाई जुठो मानी बार्ने चलन रहेको छ । यसरी बारेन भने 'पाल' देवताहरू रिसाउँछन् भन्ने मान्यता छ । यी राजीहरूमा सुत्केरी भएको र रजस्वला भएको महिला उनीहरूको घरको अगाडि हिँडेमा देवताले मुख, हात र खुट्टा नै बङ्ग्याई दिन्छन्

भन्ने विश्वास छ। राजीमा कुनै देवतालाई बलि दिएको जीवको टाउको चाहिँ महिला वा छोरीचेलीले खानु हुँदैन भन्ने मान्यता छ।

८.५ आदिवासी धर्म–संस्कार र महिलापुरुष

राजी धर्म-संस्कार अनुसार खास कुनै काम महिला वा पुरुषले गर्नु हुने वा नहुने भन्ने हुँदैन। राजी महिलाहरू पुरुषसरह र सँगै तरुल खोज्न, मह काढ्न र माछा मार्न समेत जाने गर्दछन्। “राजी केटाले केटी माग्न जाँदा जोल्यामार्फत् केटी पक्षलाई केटाको एकप्रकारले व्यक्तिगत विवरण (Curriculum vitae) नै पेश गर्नुपर्दछ” (Gautam and Thapa Magar, 1994)। राजी समाज अहिले आएर पितृसत्तात्मक जस्तो देखिए पनि पहिले यो मातृसत्तात्मक नै थियो। “अहिले पनि राजी समाजमा आर्थिक नेतृत्व भने परिवारका महिलाले नै गर्दछन्” (Pandey, Karuna, and Sharma 2015)।

परिच्छेद ९

राजीको आर्थिक जीवन

९.१ परम्परागत जीवीकोपार्जन पद्धति

मान्छेलाई बाँच्न केही स्रोत चाहिन्छ। यी स्रोतमा जग्गा-जमिन, पानी, पैसा, सीप, ज्ञान, सङ्गठन हुन सक्छन्। सङ्गठन आफैमा ठूलो साधन हो। सीप, शिक्षा, स्वास्थ्य पनि ठूला स्रोत-साधन हुन्। त्यस्तै राजनीतिक र सामाजिक परिपाटी पनि ठूला साधन हुन्। कुन तहमा जीवन निर्वाह गर्ने भन्ने कुरा छुट्टै छ। तर जीवन निर्वाह गर्न यी विभिन्न खालका स्रोत-साधन चाहिन्छन्। यी कुनै पनि स्रोत-साधनको न्यूनता र अनुपयुक्त संयोजन नै गरिबी हो (मिश्र, २०६७: ७३)। राजीहरूमा यीमध्ये धेरै कुराको न्यूनता र अनुपयुक्तता रहिआएको छ।

पहिले भारतका राजीहरू अस्थायी छाप्रोमा बस्दथे। चिपुला जङ्गलमा अनवरत घुमिरहन्थे। उनीहरूको मुख्य जीवनयापनको माध्यम जङ्गलमा पाइने निश्चित तरुल भ्याकुरजस्ता फलफूल र जे पाउँछन् त्यही थियो। कहिलेकहीँ उनीहरूले गाउँलेबाट पकाएको खानेकुराको उपहार पनि पाउँदथे (Atkinson, 1884: 366)। नेपालका राजीहरूको अवस्था पनि पहिले त्यस्तै थियो। हिमालयन जाति नेपालका राजीहरूले मिश्रित जङ्गल र चरन क्षेत्रमा सिकार गर्ने गर्दथे। तिनीहरूले सिकारका लागि कुकुर, धनुकाँड र जालको प्रयोग गर्दथे (Reinhard 1976; Valli 1998)। यसका साथै उनीहरूले तरुल भ्याकुर खोजी खाएर जीवन गुजारा गर्दथे।

राजीहरूको आर्थिक जीवन परम्परागत सिकारी सङ्कलक अभ्यासमा आधारित थियो। उनीहरूको मुख्य पेसा माछा मार्ने र काठको काम गर्ने डकर्मी काम हो। महिलाहरू दाउरा र घाँस काटेर पनि नजिकको बजारमा बेच्दछन्। अहिले उनीहरूमा पनि एकल परिवारको अवधारणाले पेल्दै गएको छ (Alam, Rawat and Harashawaradhana, et al., 2014: 68)। राजी समाज पहिले मातृसत्तात्मक नै थियो। अहिले राजी समाज पितृसत्तात्मक जस्तो देखिन्छ। यद्यपि आर्थिक नेतृत्व भने परिवारका महिलाले नै गर्दैआएका छन् (Pandey, Karuna S. and Jokhan Sharma 2015)।

राजीहरूको परम्परागत जीविकोपार्जनको माध्यम सिकारी सङ्कलन भएपनि अहिले यो परम्परा नगण्यमात्र पाइन्छ । अहिले राजी जातिको जीविकोपार्जन ज्यालादारी हुँदै कृषिउन्मुख भइरहेको छ । उनीहरूको पेसा माछा मार्ने र खानीमा काम गर्ने पनि हो । केहीले काठको काम गरेको पनि पाइन्छ (Pandey, and Sharma 2015) । भारतका राजीहरूले पहिले मुख्य गरी सिकारी र माछा मार्ने कामबाट जीवनयापन गर्दथे । उनीहरू आफूलाई आवश्यक अन्न छिमेकी खसियाहरूबाट प्राप्त गर्दथे। त्यसको सट्टामा उनीहरूले आफूले बनाएको काठको सामग्रीहरू दिने गर्दथे (Atkinson, 1884: 368) । तर अहिले उनीहरू क्रमशः कृषि पेसामा उन्मुख भइरहेका छन् । नेपालमा पनि पहिले संयुक्त परिवारमा बसेको यस जातिले भर्खरै मात्र कृषि पेसा अपनाएको छ। यद्यपि उनीहरूमा गिट्ठा, भ्याकुर खोजेर खाने र माछा मारी खाने प्रवृत्ति अझै छ (उक्याव र अधिकारी, २०५७: ५४) ।

नेपालका राजीले पहिले कर्णाली नदीबाट सुन पनि निकाल्ने गर्दथे। त्यसैले उनीहरूलाई कसैले सोनाहा पनि भने । कैलाली झिलगाउँका किसन बहादुर राजी (वर्ष ५९) भन्छन्, ‘‘हामी राजीहरूको पेसा नदीमा नाउ खियाउनका साथै सुन निकाल्नु पनि थियो । मैले मेरो बुबाआमाले कर्णालीको सोल्टा, जामुकुइने, खाडगारी, ताम्चा र बला थुलिकार भन्ने ठाउँमा सुन निकालेको देखेको हुँ ।’’

नेपालका राजीहरूले पहिले आफ्नो आधारभूत जीवनयापनको अलावा व्यावसायिक रूपमै पनि मह काढ्ने, माछा मार्ने र जडीबुटी खोज्ने काम गरे। यसरी उत्पादन गरेको चिजहरू कसैले ठेक्का गरेर लिएर जान्थे। यसरी ठेक्का गर्ने चलन रामचरण शाहको पालासम्म थियो। त्यसपछि यो ठेक्का टुट्यो। राजीहरू भन्छन् ‘‘रामचरण शाह इण्डियाको राजा वा ठेक्कादार हुनु पर्दछ’’ ।

राजी महिलाहरू पनि पुरुषसँगै र एक्लै पनि वन जङ्गलमा तरुल भ्याकुर खोज्न जान्थे । उनीहरू खोलानालामा माछा पनि मार्थे । राजीहरूमा तरुल भ्याकुरा, जङ्गली फलफूल, मौरी र माछाबारे विशेष ज्ञान छ। राजीहरू रुखमा बाँदरजस्तै चढ्न र वरपर गर्न सक्छन् । राजीहरू टाढाको माछा पनि देख्छन् । उनीहरू भन्छन्, ‘‘टाढाको माछा पनि झिलिक्क झिलिक्क गरेको देखिन्छ ।’’ माछा नदेखिए माछा चरेको ठाउँ हेरेर पनि माछा भएको नभएको पत्ता लगाउँथे । माछाले खाएको र हगेको पनि हुन्छ। त्यसबाट पनि माछा पत्ता लगाउँथे ।

९.२ उत्पादनका साधन र उत्पादन सम्बन्ध

राजीहरूका लागि मुख्य उत्पादनको साधन प्राकृतिक भूमि अर्थात् जल, जङ्गल, जमिन र उनीहरूको त्यसप्रतिको ज्ञान र सीप नै हो। राजीहरूले पहिले खोलानालामा नाउ चलाएर र माछा मारेर उत्पादन गरी जीवनयापन गरे। जङ्गलमा तरुल भ्याकुर खोजी खाएर बाँचे। जङ्गलमै मौरीको मह काढेर त्यसले अन्न र पैसा साटेर जीवन निर्वाह गरे। त्यसैगरी जमिनमा केही उब्जाएर र पशुपालन गरेर बाँचे, बाँच्दैछन्। तर अहिले उनीहरू ती जङ्गल र नदीनालासँग सम्बद्ध उत्पादनका साधनबाट वञ्चित र विमुख हुँदै गएका छन्। नाउ खियाउने पेसा सङ्कटमा पर्‍यो। माछा मार्ने पेसा पनि पहिले जस्तो छैन। जङ्गलमा जडीबुटी निकालेर बेच्ने अवस्था छैन। पहिलेजस्तो जङ्गलमा मौरी हुन छोडे। भएपनि जतातत‍ै जङ्गलमा पस्नै पाइन्न। अहिले राजीहरू आफ्नो पहिलेको घुमन्ते जीवनको उत्पादन र वर्तमानको स्थायी जीवनको सुरुवाती चरणको दोसाँधमा बाँचिरहेका छन्। उनीहरू क्रमशः खेती किसानी, पशुपालन र ज्याला मजदुरीतर्फ उन्मुख भइरहेका छन्। यसले उनीहरूको दैनिक र नियमित गुजारा गर्न गाह्रो भइरहेको छ। यसमा अहिले उनीहरूले लोपोन्मुख जातिका रूपमा पाउने केही सरकारी सामाजिक सुरक्षाभत्ता रकमले जसोजसो गुजारा गरिरहेका छन्।

९.३ सम्पत्तिको अवधारणा

राजीहरूको सम्पत्ति भन्नु नै उनीहरू भूमि थियो। आफ्नो थातथलोका भूमिहरू छोड्दै हिँड्नु पर्‍यो। आफ्नो निजी जमिनका रूपमा नभएको वन जङ्गल उनीहरूको आफ्नो भएन। अहिले आएर उनीहरूको सम्पत्ति भन्नु नै आफ्नो बहुबल भएको छ। अझै पनि उनीहरू वनजङ्गल, खोलानाला र जमिनलाई नै आफ्नो सम्पत्तिको स्रोतका रूपमा मान्छन्। तर उनीहरूको अब ती जमिनसँग पहुँच छैन। उनीहरू बाध्य भएर जे भएको थोरै जग्गामा खेती गर्दै ज्याला मजदुरी गरेर जीवनयापन गर्दै आफ्ना लालाबालालाई पढाउनु वा शिक्षा आर्जन गर्नु गराउनु नै उनीहरूको सम्पत्ति भएको छ।

९.४ अतिरिक्त उत्पादन र वितरण प्रणाली

पहिले राजीहरूको अतिरिक्त उत्पादनका रूपमा काठको सामग्री बनाउनु, वन्यजन्तुको

सिकार गर्नु, माछा मार्नु र मह काढ्नु थियो । यही चिजहरूसित उनीहरूले आफूलाई आवश्यक अरू सामग्री विनिमय प्रणाली मार्फत साटेर जीवनयापन गर्दथे । तिनै सामग्री आफ्नो समुदायमा कोसेली पात वा उपहारका रूपमा आदान-प्रदान गरेर जीवनयापन गर्दथे । राजीसँग अहिले ती सिकार गर्ने हतियारहरू छैनन् । माछा मार्ने जाल पनि छैन । कोही कसैले महकाढ्ने सामग्रीसम्म राखेका छन् ।

तस्वीर ११. राजीका मौरीमह काढ्ने र माछा मार्ने सामग्री

महकाढ्न रुखको अखेटा काट्ने 'भेके' मह काड्ने अरू सामग्री र माछा मारेर राख्ने सामग्री

९.५ राजी र भूमि सम्बन्ध

पहिले राजीहरूमा भूस्वामित्व थियो । तर उनीहरूले आफ्नो थातथलो छोडेर हिँड्नु परेसँगै त्यो स्वामित्व टुट्यो । उनीहरू पछि पनि विभिन्न ठाउँमा आफ्नो भूस्वामित्व कायम गरी बस्न कोसिस नगरेका होइनन् । तर उनीहरूलाई धेरै ठाउँमा त अलिक स्थायी रूपमा बस्नै दिइएन । उनीहरू स्थायी रूपमा बस्लान् भन्ने शङ्काले उनीहरूको छाप्रो जलाएरै खेदाइयो । अहिले अन्तमा आएर उनीहरू जबर्जस्त कुनै बन्जड जङ्गल र बगरमा आएर बसेका छन् । त्यहाँ उनीहरूको केही हदसम्म भूस्वामित्व कायम हुने सम्भावना छ । तर धेरैको जग्गा पुर्जा छैन ।

अहिले उनीहरू जङ्गलकै छेउमा बसे पनि त्यो जङ्गलसँग उनीहरूको खासै कुनै स्वामित्व छैन । सामुदायिक वनको नियममा चल्नु पर्दछ । उनीहरू नदीनालाको छेउमा बसे पनि त्यससँग उनीहरूको खास स्वामित्व छैन । ती जङ्गल र खोलानालासम्बन्धी विशेष निर्णयमा उनीहरूलाई त्यहाँका आदिवासीका रूपमा केही सोधिन्न र खास सहभागी पनि गराइन्न ।

९.६ परम्परागत रूपमा प्राकृतिक स्रोत–साधनको व्यवस्थापन प्रणाली

राजीहरूको जीविका पूर्ण रूपले उपलब्ध प्राकृतिक स्रोतमा भर पर्दछ । यस जातिहरूले करिब ४८ वटा वनस्पतिहरू औषधीका लागि चिन्नु र त्यसबाट लाभान्वित हुनुले यिनीहरू एकदमै वन पैदावारबाटै भर परेको देखिन्छ (Bhatta, , G. C., and Tewari 2013: 2745) । राजीहरूले मह काढ्न सिङ्गै रुख कहिल्यै ढाल्दैनन् । उनीहरू आफ्नो मह काढ्ने सामग्रीको सहायताले जस्तो अजङ्गको रुखमा पनि चढ्न सक्दछन् । उनीहरू भन्छन्, 'राजीले चढ्न नसक्ने रुखै छैन' । उनीहरूले खोलानालामा विषादी र करेन्ट लगाएर कहिल्यै माछा मारेका छैनन् । आफूले प्रयोग गरेका जडीबुटीहरू आफ्ना शाखा सन्तानलाई पनि भरसक सिकाएरै आए । उनीहरू अझै पनि कुनै जङ्गल र खोलानालाकै छेउछाउमा तिनै वनजङ्गल र खोलानालासँग अन्तर्क्रिया र सङ्घर्ष गर्दै बस्दै आएका छन् । उनीहरू जहाँ बस्दा पनि आफ्नो घर वा छाप्रो बनाउन भरसक कुनै न कुनै रुखको फेद रोज्छन् । यसले राजीहरूको वनजङ्गल र खोलानालासँगको आत्मीय भाव र मायाममता दर्शाउँदछ । यो उनीहरूको एक हिसाबले परम्परागत व्यवस्थापन प्रणाली पनि हो ।

९.७ खाद्य सुरक्षाका लागि आदिवासी प्रणाली र वर्तमान स्थिति

राजीहरूको खाद्य सुरक्षाको आदिवासी प्रणालीमध्ये एक उनीहरूले उपयोग गर्ने तरुल भ्याकुरको बोटै र बीउ नै नमास्नु हो । दोस्रो उनीहरूले मह काढ्ने रुख नढाल्नु हो । काढेको मह पछिसम्म लुकाइ राख्नु हो । तेस्रो वन्यजन्तुको सिकार गर्दा गर्भिणी जन्तुको सिकार नगर्नु हो । त्यसैगरी माछा मार्दा विषादी र करेन्ट आदिको प्रयोग नगर्नु हो । यसैगरी उनीहरूले आफू बसेको वा आफ्नो बस्तीको रुख नकाट्नु र वनजङ्गल नमास्नु हो । राजीहरूले यसरी आफ्नो खाद्य सुरक्षा गर्दागर्दै पनि अहिलेको उपभोक्तावादी

पुँजीवादी समाज व्यवस्थाका कारण यी केही पनि अब उनीहरूको पहुँच र नियन्त्रणमा रहेको छैन।

अहिले भारतका राजी जातिहरू मुख्यगरी वस्तुपालन र विभिन्न कामको दैनिक ज्यालादारी काममा भर परेका छन्। तिनीहरूलाई वनरावत (जङ्गलका राजा), वनराजी (वनका राजखलक), वा वनमनुष (वनमान्छे) का रूपमा पनि वर्णन गरिन्छ। उनीहरूले हिमालय क्षेत्रका पुराना वासिन्दा राजपुतका रूपमा पनि आफूलाई दाबी गर्दछन् (Bhatta, Kumar, G. C. and Tewari. 2013: 2747)। यसरी नै नेपालका राजीहरू पनि ती पुरानो परम्परागत खाद्य सुरक्षा प्रणाली छोडेर खेती किसानी गरी अन्न उत्पादन गर्ने तथा मजदुरी गरेर आवश्यक खाद्य पदार्थ किनेर खाने अवस्थामा पुगेका छन्।

राजी जातिमा धेरै प्रकारका जङ्गली खानेकुराहरू उपभोग गर्ने परम्परागत अभ्यास छ। मानिसको खाने जीवनशैलीमा हुने परिवर्तनले खानयोग्य जङ्गलका खानेकुराहरू नचिनी लोप हुने सम्भावना पनि छ। यसैले यी परम्परागत ज्ञानहरूको अध्ययन र अभिलेखीकरण हुन आवश्यक छ (Thapa, Dhakal, and Chaudhary. 2014)।

९.८ परम्परागत ज्ञान, सीप र प्रविधि

राजीहरूको परम्परागत ज्ञान, सीप र प्रविधिमा औषधिजन्य जडिबुटिको ज्ञान विशेष छ। यसका साथै उनीहरू काठको घरेलु सामग्रीहरू आरी, बाकस र खाट आदि बनाउन सक्दछन्। उनीहरूको मह काढ्ने विशेष सीप र कला छ। साथै उनीहरूमा माछा चिन्ने र मार्न जान्ने पनि विशेष ज्ञान र सीप छ। राजीहरू माछा मार्ने जाल बुन्दछन्। तर अहिले आएर विभिन्न स्वदेशी तथा विदेशी रबर र प्लाष्टिकका सामग्रीहरूको उत्पादन र पहुँचसँगै ती राजीका ज्ञान, सीप र प्रविधिमा आधारित चिजहरू विस्थापित भई लोप हुन लागेका छन्।

राजी महिलाहरूले परिवारलाई चाहिने सम्पूर्ण लुगाहरू आफैले सियोले सिलाएर निर्माण गर्दथे। उनीहरूमा धागो बनाउने विशेष कला समेत थियो। यी पनि अहिले विस्थापित नै भए। राजी समुदायका कोहीले बाँसको चोयाको डोको पनि बुन्दछन्। काढेको चोयाले उनीहरू डोको र थुन्से आदि बनाउँदछन्। राजीहरूले वर्षाको समयमा

काम गर्दा छाताको रूपमा ओढ्ने सेखु (घुम्) पनि बुन्दछन् ।

राजीहरूको माछा मार्ने र नाउ चलाउने पुर्ख्यौली पेसा हो । समयसँगै यस्तो पेसा उनीहरूको जीवनयापनका लागि अपुग्दो भयो । अहिले उनीहरूले खेती गर्ने र वस्तुभाउ पाल्ने पेसा थालेका छन् । तिनीहरू व्यापारप्रति आकर्षित समुदायहरू होइनन् । अहिले केही पत्रकार, सेना, प्रहरी, पुजारी, कार्यालय सहायक र सवारी चालकजस्ता पेसामा पनि संलग्न हुन थालेका छन् । मर्चा बनाउने चलन राजीहरूका लागि सामान्य हो । यो धोर्सेको सुकेको धुलो र चामलको पीठोले बनाउँछन् । धोर्सेलाई धानको पीठोमा मिसाई पानीमा घोलेर मर्चा बनाउँछन् । यसलाई गोलो डल्ला बनाइन्छ । यसरी बनाएको मर्चालाई अन्नको जाँड बनाउन प्रयोग गरिन्छ (Paudel, 2015) ।

९.९ परम्परागत आर्थिक संस्था

राजीहरूको परम्परागत आर्थिक संस्था पनि तिनै वनजङ्गल, खोलानाला र जमिनसँग सम्बद्ध छन् । उनीहरूले वनजङ्गलबाट तरुल-भ्याकुर, फलफूल, जडीबुटी, सिकार, र मौरीको मह काढी आफैंले खाने र आर्थिक उपार्जन समेत गर्नु राजीको आर्थिक संस्थाको स्रोत हुन् । उनीहरूले विशेष गरी जडीबुटी र मौरीको महबाट आर्थिक उपार्जन पनि गर्दथे । यसैगरी नदीमा नाउ खियाउनु र खोलानालामा माछा मार्नु पनि उनीहरूको आर्थिक उपार्जनको स्रोत थियो । ती सामग्रीहरूले उनीहरू आफ्नो समुदायबीचमा ऐँचोपैँचो गरेर चलाउनु पनि आर्थिक संस्थाको एउटा पाटोजस्तै थियो । तर यी परम्परागत आर्थिक संस्थाहरू सबै अहिले धरासायी बनेका छन् । उनीहरूको आर्थिक संस्था सङ्क्रमणमा छ ।

राउटे वनराजी र राजीहरूको सिकार गर्ने तरिकाहरू विभिन्न हुन्छन् । उनीहरूले जाल, कुकुर र गुलेलीको प्रयोग गरेर पनि सिकार गर्दछन् । कसैले बाँदर, मृग र अरू जनावरहरू मार्न भालाको पनि प्रयोग गर्दछन् (Fortier, 2009: 36) । सबै राउटे र राजीहरूले परम्रागत रूपमै काठको आरी र बाकस बनाएर गाउँमा बेच्दछन् । यद्यपि अहिले नेपाल र भारतमा सरकारद्वारा वनराजीहरूलाई जबर्जस्त रूपमा स्थायी बसोबास गराइएकाले गर्दा यो परम्परा लोप हुँदै गएको छ । यो परम्परा अहिले नगण्य वनराजीहरूले मात्र धानेका छन् । तर फिरन्ता राउटेहरू भने सबैले अहिलेसम्म काठको आरी र बाकस

बनाई बेच्ने परम्परा धान्दै आएका छन् । केही महिलाले पनि यो काम गर्दछन् (p. 37) । राउटेहरूले भने आफूलाई माछा मार्ने मान्छेको रूपमा चिनाउन चाहँदैनन् । अरू रावत र राजीले पनि आफूलाई माछा मार्ने जाति नै भनेर चिनाउँदछन् (p. 78) । अर्को ज्यादै मन पराइएको सिकार चमेरा मार्ने हो । चमेराको एकदमै मिठो परिकार बनाई खाने गर्दछन् । यसका लागि राजी युवाहरू चमेराको खोजीमा प्रायः अँध्यारो चमेरा बस्ने ओढार वा गुफाहरू चहार्दछन् (p. 79) ।

हिमालयन जाति नेपालका राजीहरूले मिश्रित जङ्गल र चरन क्षेत्रमा सिकार गर्ने गर्दछन् । तिनीहरूले सिकारका लागि कुकुर, धनुकाँड र जालको प्रयोग गर्दछन् (Reinhard 1976; Valli 1998)। कुमाउका वनराजीहरूले पनि केवल हातकै सहाराले माछा मार्दछन् । यिनीहरू पनि माछा मार्नमा खासै चाख राख्दैनन् । तर दक्षिण-पश्चिम नेपालमा बस्ने राजीहरूलाई मह काढ्नका लागि जस्तोसुकै चुनौती मोल्ने जातिका रूपमा चिनिन्छन् (Valli, 1998) । साथै उनीहरूको माछा मार्ने चाख र सौखले पनि राजीहरू परिचित छन् (Fortier, 2009: 104) ।

९.१० गैरपरम्परागत पेसा

राजीहरूको परम्परागत पेसा एकथोक हुँदाहुँदै पनि अहिले उनीहरू त्यसबाट खेतीपाती र पशुपालन हुँदै स्वदेश तथा विदेशमा मजदुरी गर्न जाने अवस्थामा रूपान्तरण भइरहेका छन् ।

कैलाली, कुचैनीका एक ३० वर्षीय नौकुले राजी पुरुष अहिले स्थानीय गाउँघर वरपर ज्याला मजदुरीको काम गर्छन् । उनले दिनको पाँचसय रूपैयाँ ज्याला पाउँछन् । त्यो काम पनि नियमित नभई कहिले कहीँमात्र पाइन्छ । उनी भन्दै थिए, "अब परि काला पहाडमा ढुङ्गाको वाल उठाउन जाने हो । अनि, दक्षिण रत्नागिरी, महाराष्ट्र (भारत) मा जाने हो । त्यहाँ आँप टिप्ने र गोड्नेजस्ता काम गर्नुपर्छ । माछा मार्न समुद्रमा पनि जानु पर्छ ।"

राजीहरूमा अहिलेसम्म विदेश अरबजस्ता मुलुकमा मजदुरीका लागि जाने चलन छैन । यो नचाहेर भन्दा पनि पहुँच नपुगेर हो । राजीहरूमा भारतका विभिन्न ठाउँमा मजदुरी गर्न जाने चलन रहिआएको छ । एक ३२ वर्षीय राजी २०७६ माघ ३० गते

बिहानै हिमाञ्चल भारतमा मजदुरी काम गर्न गए । उनी संयुक्त परिवारबाट छुट्टिएर एक्लै बसेका थिए । उनका एक श्रीमती र एक सानो ३ वर्षको छोरो थियो । उनलाई भारतको त्यो मजदुरी गर्ने थलोमा कुचैनी, कैलालीबाट बसमा जाँदा एक रात एक दिन लाग्छ। उनी कुचैनीबाट पश्चिम महेन्द्रनगर गएर दक्षिण हरिद्वार हुँदै हिमाञ्चाल जानु पर्दछ। उनले त्यहाँ हिमाञ्चलमा पर्खाल लगाउने र बाटाको कुनै पनि काम गर्नु पर्दछ। उनीहरू त्यहाँ गएर ४-६ महिनामा घर फर्कन्छन् । त्यति समयमा २०-२५ हजार भारू कमाई ल्याउछन् । त्यस पैसाले ऋण तिर्ने र घर खर्च गर्छन् । उनी एक भतिजोसँगै दुई जना भएर त्यसरी मजदुरी गर्न भारतको हिमाञ्चल गएका हुन् ।

कुचैनीकै ३५ वर्षीया मिन बहादुर राजी पनि पहिले त्यसरी भारततिर मजदुर गर्न गएका थिए। उनी २०५८ सालतिर सङ्कटकालको बेलामा हिमाञ्चल गएका थिए। उनले उत्तर प्रदेशको पलिया भन्ने ठाउँमा पनि गएर काम गरे । यो उत्तर प्रदेशको लखिनपुर जिल्लामा पर्दछ। उनले पलियामा सरदारको उखु गोड्ने र काट्ने काम गरे । हिमाञ्चलमा भने उनले ढुङ्गाको खानीमा काम गरे। त्यहाँ पण्डितजीको ठूलो ढुङ्गाको खानी थियो। खानीबाट ढुङ्गा निकालेर गाडीमा भरिदिने काम गर्नु पर्दथ्यो। त्यहाँ उनले क्रसर उद्योगमा पनि काम गरे । मिन राजीका बुबाहरू पनि पहिले पिलिभिट मुर्दावाद भन्ने ठाउँ भारतमा कपडा र बिस्कुटको फ्याक्ट्रीमा काम गर्न जाने गर्दथे ।

राजी महिलाहरू पनि अहिले घरेलु कामसँगै आफ्नो खेतीपाती र साहुकामा मजदुरी गर्दछन् । उनीहरू बेलाबखत नजिकको इटाभट्टाजस्ता उद्योगहरूमा पनि काम गर्न जान्छन् । तर नजिकैको इटाभट्टामा पनि त्यही गाउँका भन्दा अरू गाउँ वा भारततिरबाट मजदुर ल्याउने भएकोले उनीहरूले त्यस्तोमा काम पनि त्यति सहजै पाउँदैनन् । राजी बच्चाबच्चीहरू अहिले पढ्न नजिकदेखि केही टाढा स्कुल र क्याम्पससमेत जान थालेका छन् ।

९.११ बँधुवा मजदुरी

राजीहरू पनि कमैया बसे। राजीहरू २५ प्रतिशतभन्दा धेरै झण्डै आधाजस्तो नै जिमदारकोमा कमैया बसे । जिमदारहरू राजीका घरमा आएर, ‘‘ए फलना तिम्रो छोरा देऊ । तँलाई यति पैसा दिन्छौं’’ भन्थे । त्यसो भनेको नमान्दा कुटपिट नै गर्थे । कुचैनीका

४४ वर्षीया सेरबहादुर राजीले यसबारे भनेः

> म आफै नै यही गाउँमा ५ वर्ष कमैया बसेँ। म सबैगरी १४ वर्ष कमैयाँ बसेँ। त्यसपछि छोडेर इण्डियातिर लागेँ। इण्डियाको मैलानी, टेकुनियाँ, पलियातिर काम गर्न बसेँ। पहिले पहिले राजीहरूले जिमदार प्रधानलाई मारेको माछा र काढेको मह लगिदिनु पर्दथ्यो। ती प्रधानले देशीहरूसँग माछा र महको ठेक्का गर्दथे।

परिच्छेद १०

राजीको राजनैतिक प्रणाली

१०.१ राजी शासन प्रणाली र संगठन

राजीमा 'मुखिया' वा 'प्रधान' भन्ने समाजका परम्परागत नेतृत्वहरू थिए। "राजीको सामाजिक संस्था वा संगठन नातेदारी प्रथा र क्षेत्रीय इलाका दुवैमा आधारित हुन्छ" (Kapoor, Tyagi, and Kapoor, 2008: 2)। राजीले नातेदारीका हिसाबले वंशगत र मिश्रित रूपमा बसेको आधारले क्षेत्रगत आधारमा परम्परागत शासन प्रणाली चलाउँदथे। विशेषतः राजीहरू आफ्नो वंशगत हुद्धामा हिँड्ने भएकाले उनीहरूको शासन प्रणाली पनि त्यसैमा आधारित थियो। पछि गएर उनीहरूका विभिन्न वंशहरू एकै ठाउँमा बसोबास गरेका आधारले क्षेत्रगत शासन प्रणालीमा चले।

पहिले राजी जातिले आफ्नो समुदायको प्रमुख चुन्ने गर्दथे। सो प्रमुखलाई 'मुखिया' भनिन्थ्यो। उनले आफ्नो समुदायका विभिन्न मुद्दा-मामिलालाई मिलाउने काम गर्दथे। अहिले उनीहरूले आफ्नो संस्था 'राजी साल्मा समाज' स्थापना गरेका छन्। यसले उनीहरूको समुदायको हितमा काम गर्दछ। यसको मुख्य कार्यालय कैलालीको टिकापुरमा रहेको छ। राजी साल्मा समाज सुर्खेत शाखाले आर्थिक विकास, बचत र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरू गरेको छ (Paudel, 2015)।

यस्तो सामाजिक-राजनैतिक संस्था र त्यसको शासन प्रणालीमा, सांस्कृतिक स्वायत्तता पनि एउटा निर्धारक हो। तर प्रायः नेपालका सबै जनजातिहरूलाई शताब्दीयौंसम्म अति सांस्कृतिक प्रभावमा पारिएकाले यसलाई त्यत्रो आधार मान्न पनि सकिन्न। ती प्रभावहरू तिब्बत, भारत र काठमाडौं उत्पयकाबाट भए। साथै पश्चिमी नेपाल (पश्चिमी मल्ल अधिराज्य, गोर्खा आदि) का विभिन्न शक्ति केन्द्रहरूबाट आए। केवल किराँती र पहिलेका फिरन्ता सिकारी सङ्कलकहरू (चेपाङ्, राजी र कुसुण्डा)ले मात्र अहिलेसम्म उनीहरूको सांस्कृतिक स्वायत्ततालाई केही हदसम्म जगेर्ना गर्न सकेका छन् (Hofer, 2004: 11)। आधुनिकता र विभिन्न समुदायसँगको मिश्रणसँगै यस्ता सांस्कृतिक संस्थाहरू बचाउन एकदमै गाह्रो भएको उदाहरण अहिले आएर राजीमा

देख्न सकिन्छ।

१०.२. वर्तमान अवस्था

राजी जातिको परम्परागत शासन प्रणालीको वर्तमान अवस्था कमजोर बन्दै गएको छ। राजीहरू विभिन्न ठाउँमा स्थायी बसोबास हुन थालेसँगै उनीहरू विभिन्न आधुनिक राजनैतिक दलको प्रभावले आफ्नो परम्परागत संस्थाको उपादेयता नै बिर्सने अवस्थामा छन्। यद्यपि उनीहरूले विवाह र मृत्यु संस्कारमा भने यी संस्थाहरूको आंशिक उपयोग र सञ्चालन गर्दछन्। यसको एक कारण राज्यबाट बहिष्करणमा पारिनु हो। विभिन्न तथ्याङ्क र सूचकाङ्कहरूका आधारमा सबै जात/जाति समूहरूमध्ये तराई दलितमा मुसहर र डोम; पहाडी जनजातिमा कुसुण्डा, राजी, राउटे र चेपाङ्हरू अति सिमान्तीकृत तथा बहिष्करणमा परेका जातजातिमा पर्दछन्। यसमा पहाडी बाहुन र नेवाहरूचाहिँ एकदमै समावेशीकृत जातजातिमा पर्दछन् (Tamang, 2014: 24)।

१०.३ राजी न्यायप्रणाली

राजीमा 'मुख्या' प्रणाली थियो। मुख्याका साथमा भलमन्छा र महतोजस्ता नेतृत्वहरू पनि हुन्छन्। समाजमा कुनै झैजगडा भए वा न्याय निरूपण गर्नुपर्ने अवस्था हुँदा यही मुख्याको नेतृत्व र सबै सदस्यको उपस्थितिमा कचेरी बसेर दोहोरो परामर्श र सरसल्लाह गरी पीडितलाई न्याय दिलाउने तथा दोषीलाई सजाय गर्ने परम्परा थियो। राजीको विवाहमा पनि सबै कुरा व्यवस्थान गरी विवाह सम्पन्न गर्न कचेरी बस्ने चलन अझै पनि छ।

१०.४ वर्तमान अवस्था

राजीहरू आफ्नै फिरन्ते जीवन जिउँदासम्म उनीहरूको परम्परागत शासन र न्याय प्रणालीले प्रभावकारी रूपमा काम गर्दै आएको थियो। तर अहिले उनीहरूले विभिन्न ठाउँमा स्थायी बसोबास गर्न सुरुसँगै ती संस्थाहरू पनि क्रमशः कमजोर बन्दै गएका छन्। यसको ठाउँ सरकारी स्थानीय निकाय, प्रहरी प्रशासन र अड्डा अदालत तथा राजनैतिक दलहरूले लिन थालेका छन्।

१०.५ राजीका सामाजिक संस्थाहरू

राजीका समूहमा 'पधान्' भन्ने नेतृत्व पनि हुन्थ्यो। ऊ गाउँ समाजको मुख्य मान्छे मुखिया जस्तै हो। गाउँमा झैझगडा भयो भने मिलाउने मुखियाले गर्दथे। अहिले यी परम्परागत संस्थाहरूको भूमिका केवल विवाह र मृत्यु संस्कारमा सीमित हुँदै गएको छ। विवाह र मृत्यु दुवै सामाजिक तथा न्यायिक पक्षसँग पनि सम्बन्धित विषय हुने भएकाले यसमा राजीका परम्परागत संस्थाले कचेरी बसी आवश्यक भूमिका निर्वाह गर्दछन्। राजीहरूका अनुसार कचेरी बसेर गरेको कामहरू राम्रो र प्रभावकारी हुन्छ। सबै पक्षको चित्त बुझ्छ। गाउँको मुख्या मान्छे नआए वा नभएसम्म विवाह नै सुरु हुन्न। उसले नै विवाहको हरेक कामको अगुवा गर्नु पर्छ। मुख्याले भनेपछि त्यो मान्नै पर्छ।

राजी समुदायका पुरोहित गुरुवा वा गुराउको पनि एक संस्थाकै रूपमा महत्त्वपूर्ण भूमिका रहन्छ। गुरुवाकै निर्देशन र नेतृत्वमा राजीका विशेष सामाजिक तथा सांस्कृतिक कार्यकलापहरू जस्तै चाडपर्व र पूजाआजाहरू सम्पन्न हुन्छन्। गुराउले राजीहरूलाई स्वस्थ्य र सजक रहन नीति निर्देशनका साथै उपचार पनि गर्दछन्। राजीहरूले माघी वा होलीको समयमा प्रधान वा मुख्याको कचेरी बसी नयाँ नेतृत्व समेत चयन गर्ने वा तोक्ने गर्दछन्।

१०.६ वर्तमानका आधुनिक संस्था

राजी जातिको आधुनिक सामाजिक संस्था "राजी साल्मा समाज" हो। यसको स्थापना वि.स. २०५७ सालमा भएको हो। यसको २०७१ तिरका नेतृत्व भक्त राजी थिए। यो संस्था कैलाली जिल्लामा रहेको छ (शेर्पा, २०७१: ९६/सन् २०१४)। यसका शाखाहरू अरू जिल्लामा पनि छन्। यस संस्थाले परम्परागत संस्थाले गरिआएका कामहरू समेत गर्ने जमर्को गरेको छ। यसका वर्तमान नेतृत्व चित्र बहादुर राजी हुन्। राजीहरूसँग कुराकानी गर्दा उनीहरू परम्परागत तथा आधुनिक संस्थाहरूलाई पनि पुनर्ताजगी गराउनु पर्ने धारणा राख्दछन्। यसरी उनीहरूले आफ्नो जातीय पहिचानका लागि धेरै कामहरू गर्नुपर्ने बताउँछन्। राजीहरू आफ्ना परम्परागत संस्कारहरू लोपोन्मुख अवस्थामा रहेकाले धेरै चिन्तित छन्।

परिच्छेद ११

राजी भाषा

११.१ राजी भाषा

राजी जातिको आफ्नै पृथक र विशिष्ट भाषा छ। भाषा वैज्ञानिकहरूका अनुसार राजी जातिले बोल्ने 'राजी' तिब्बत-बर्मी भाषा हो (Grierson 1909, Glover 1973, Acharya 2040 vs, CNLPRR 1993, Grimmes 1996, Sharma 2001, Giri 2057 vs, Giri 2059 vs, van Driem 2001, Yadava 2002, Toba et.al. 2002, and Gorden 2005, Fortier & Rastogi 2004, and Hofer 2004)।

राजी जातिले यो तिब्बत-बर्मेली परिवारकै आफ्नो छुटटै भाषा बोल्दछन् (उक्याव र अधिकारी, २०५७)। सुरुमा राजी र राउटेले आफ्नो भाषाबारे बाहिरकालाई भन्न चाहेनन्। यसको कारण "देवता रिसाउँछन्" भन्ने थियो (Fortier 2002: 43)। यस्तै गरी राजी नजिकको जाति राउटेले पनि उनीहरूको भाषा शक्तिशाली हुन्छ र यो अरूलाई भनी पठाउने कुरा होइन भन्ने सोच्दछन्। वर्तमानमा भारतको कुमाउमा रहेका राजीहरूको आफ्नोप्रतिको बुझाइ अलिक फरक तर आफ्नो मातृभाषालाई मतलव नगरी रोजीरोटीका कारण हिन्दी वा कुमाउनी भाषा बोल्ने प्रवृत्ति बढ्दै गएको छ (Rastogi 2002: 43)।

सिनो-बोडिक भाषा परिवारको परिकल्पनाले कम्तीमा सिनिटिक, किराँती, बोडिश, पश्चिम हिमालयी, ग्याल रोँगिक, तामाङ, साङ्ला, ल्होक्पा र सम्भवतः लेप्चालाई पनि समेट्दछ। अर्को परिकल्पना अनुसार, चेपाङ, दुरा र राजी-राउटे सम्भवतः मगरिक भाषा परिवारभित्र समावेश हुन्छन् (Van Driem, G. (2003: 23)। यसको विशेष चर्चा 'हिमालयका भाषाहरू' (Van Driem, 2001b) मा गरिएको छ (Van Driem, 2003)। ग्रिअर्सन (Grierson 1909, 1967) ले जङ्गली (राजी) भाषालाई अरू हिमालयन उपसमूहका जस्तै तिब्बत-बर्मी भाषाको उपभाषा परिवारभित्र पर्ने बताएका छन्। यसमा अरूजस्तै धेरै भारती-आर्य (Indo-Aryan) शब्दहरू पनि मिसिएको पाएका छन्। डी.डी. शर्मा (Sharma 1989) ले राजीजातिको शारीरिक बनावटको आधारमा यो राजी भाषालाई फरक भाषिक पक्षका आधारमा वर्गीकरण गरी

मुण्डाभाषाभित्र राखेका छन् (Krishan, 2002: 450)।

राजीहरूको बसाइँसराइ र बसाइअनुसार उनीहरूको भाषामा विविधता आएको देखिन्छ। यसै भाषिक विविधताले पनि उनीहरू विशेषतः प्रमुख तीन उपथरहरू नौकुले, बण्डाले र पण्ठे अर्थात् पूर्वीयामा विभाजित भए (Gautam and Thapa Magar, 1994। राजीहरू आफ्नो भाषालाई 'खाम भाषा' पनि भन्दछन्। यी राजी भाषा बोल्ने राजी जातिहरू नेपालको सुर्खेत, कैलाली, कञ्चनपुर, बर्दिया र बाँके जिल्ला तथा भारतको उत्तराञ्चल प्रदेशमा बस्दछन् (Rai, 2008)।

११.१.१ राजी भाषाका भाषिका

राजी भाषाका विशेषतः तीन भाषिक भेद वा भाषिकाहरू छन्। ती नौकल्या, बण्डाली र पण्ठे वा पूर्वीया राजी भाषा हुन्। कसैले राजी भाषालाई पूर्वीया, डोटेली र बुण्डेल गरी ३ प्रकारमा विभाजन गरेको पाइन्छ पनि भनेका छन् (गुरुङ, २०६४)। भारतको उत्तराखण्ड कुमाउको पिथौरागढमा बस्ने राजीहरूको पनि आफ्नै भाषिका भएको कुरा विद्वानहरूले गरेका छन्। तिनीहरूमध्ये कोही उनीहरूका छिमेकीहरूसँग पहरी र हिन्दीमा पनि कुरा गर्न सक्ने बताउँछन् (Atkinson, 1884)। उनीहरूको भाषालाई राजबर भाषिका भन्दछन्। सुर्खेतको घाटगाउँमा बन्दाली भाषिका बोल्दछन्। घाटगाउँ बन्दाली भाषिकाको उद्गम क्षेत्रजस्तै हो (Rai, 2008)। त्यसैगरी कैलालीको भजनीमा पनि यही भाषिका बोल्दछन्। कैलालीको गौरीगंगा नगरपालिका स्थित कुचैनी, भिमल, शंकरपुर र जरहीमा बस्ने राजीहरू नौकल्या भाषिका बोल्दछन्। बर्दियामा भएका पूर्वीया राजीहरू पण्ठे अर्थात् पूर्वीया भाषिका बोल्दछन्।

११.२ राजी भाषाको अवस्था

अहिलेसम्म धेरैजसो राजीहरू आफ्नै मातृभाषा बोल्दछन्। उनीहरूको पारिवारिक र आपसी सम्पर्कको भाषा पनि राजी मातृभाषा नै रहेको छ। कुचैनीका नौकल्या राजीहरू आफ्नो मातृभाषा राम्ररी बोल्ने दाबी गर्दछन्। उनीहरू अरू ठाउँका राजीले आफ्नो राजी भाषा बोल्न छोड्दै गएको आरोप लगाउँदै त्यसमा चिन्ता व्यक्त गर्दछन्। कुचैनीका एक राजी भन्छन्ः

राजी जातिमा आफ्नो राजी मातृभाषा बोल्ने चलन घट्दै छ। यही कैलाली

> जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. ३ कै दुई राजी गाउँहरू कुचैनी र झिलमै पनि हाम्रो भाषा फरक हुँदैछ। 'र' भन्ने ठाउँमा 'रा' भन्ने चलन बढ्दैछ। हाम्रो भाषामा अरू भाषा मिसिने क्रम पनि त्यतिकै बढ्दैछ। यसरी नै पछि हाम्रो भाषा हराउँछ। (शेरबहादुर राजी वर्ष ४४, कुचैनी, कैलाली)

आदिवासी जनजातिको मातृभाषा संरक्षणबारे गरिएको एक अध्ययनले राजी जातिहरू सबैभन्दा धेरै मातृभाषाको संरक्षण गर्ने वा बचाउने जातिमा देखिएको सन् १९९१ को तथ्याङ्कले जनाउँदछ। राजीहरूमा ९४.४ प्रतिशतले आफ्नो मातृभाषा बोल्दछन् (Gurung, 2008 : 522)। राजीहरूले आफू समुदायभित्र मात्र एकसाथ भई फिरन्ते जीवन जिउँदै अरू समुदायसँग उतिसारो संसर्ग नगरेसम्म आफ्नो भाषा राम्ररी बोले। तर अब स्थायी बसोबास र अरू जातिसँगको सम्पर्क र आधुनिक शिक्षासँगै उनीहरूको आफ्नो मातृभाषा नयाँ पुस्तामा बोल्नेक्रम दिनदिनै घट्दै गइरहेको छ। कुचैनी, कैलालीका राजीका छिमेकी खकेन्द्र बुढा क्षेत्री (वर्ष ५५) पनि अब राजी भाषा पनि चाँडै हराउन सक्ने बताउँछन्।

११.३ राजी भाषाका वक्ताहरू

विगतमा राजी भाषाको अवस्थाबारे नेपालका भाषाहरूको अवस्था अध्ययन गर्न सन् १९५२-५४ र १९६१ को जनगणना तथ्याङ्कका आधारमा भाषा बोल्ने सङ्ख्या बढे वा घटेको बारे अध्ययन गर्दा पहिले राजी भाषा बोल्ने १५१४ र पछि घटेर ७८२ जनामात्र भएको पाइएको थियो। त्यतिखेर ७१३ जनाले राजी भाषा बोल्न छोडेको तथ्याङ्कले देखाउँदछ (Malla, 2015, Gautam and Thapa Magar, 1994)। राजी जातिको वर्तमान मातृभाषाका वक्ताहरूको अवस्था कुल राजी जातिको सङ्ख्या ४२३५ को ३७५८ जना अर्थात् ८८.७३ प्रतिशतले मातृभाषा बोलेको तथ्याङ्क छ (CBS, 2011)।

११.४ लेख्य परम्पराको स्थिति

अहिलेसम्म राजी भाषा धेरै अर्थात् कुल जनसङ्ख्याको ८८.७३ प्रतिशतले बोलेको पाइए पनि सो भाषाको पृथक लिपि र औपचारिक लेखन परम्परा भने विकास भएको पाइएको छैन।

११.६ लिपि, शब्द, सङ्ग्रह, शब्दकोश, व्याकरण, पाठ्यपुस्तक र साहित्य

राजी भाषाको पृथक लिपि विकास गरिएको छैन । विभिन्न भाषा वैज्ञानिक अध्येताहरूले केही शब्दहरूको सङ्कलन गरेको भएपनि विशेष शब्दकोश निर्माणकै लागि शब्द सङ्कलन र प्रकाशन भएको यो अध्ययन गर्दासम्म पाइएको छैन। तर सन् २०२३ मा समुदायमा आधारित एक राजी शब्दकोश प्रकाशन भएको छ (Dhakal, 2023)। भारत नेपालका राजी भाषाको व्याकरण सम्बन्धी देशीविदेशी अध्येताहरूले विभिन्न जर्नल लेखहरू लेखेका छन् । तथापि भिन्दै व्याकरणको पुस्तक वा पाठ्यपुस्तक नै भने छापिएको छैन । राजी भाषाका साहित्य पनि हालसम्म प्रकाशन भएको पाइएको छैन ।

११.७ राजी भाषाको वर्णवैज्ञानिक अध्ययन

विभिन्न देशीविदेशी भाषाशास्त्रीहरूले भारत र नेपालका राजीहरूले बोल्ने राजीभाषाको विभिन्न भाषा वैज्ञानिक तथा वर्णवैज्ञानिक अध्ययन गरेका छन्। भाषाशास्त्रीहरूले राजी भाषाको सूचीमा ३३ वटा व्यञ्जन वर्ण, ३ अर्धश्वर र ७ स्वर वर्णहरू भएको उल्लेख गरेका छन् । उनीहरूका अनुसार राजी भाषाको स्वरवर्णका नासिक्य प्रतिरूपहरू छन्। सबै स्वरवर्णहरूलाई एकै ठाउँमा जोड्दा जम्मा १४ वटा स्वरवर्णहरू पुग्छन्। तर नासिकीकरणलाई अधिखण्डीय विशेषता मान्न पनि सकिन्छ। यसर्थ यस भाषामा केवल ७ वटामात्र विशेष स्वरवर्णहरू हुन्छन्। यसमा सम्भवतः हिन्दी र कुमाउनी भाषाको प्रभावले गर्दा स्वरवर्णका नासिकीकरण अनियमित (sporadic) पनि हुन सक्दछ (Krishan, 2002: 451)।

भाषाविद् ग्रिअर्सनले सन् १९०९ मै राजी भाषाको जम्मा २५ वटा शब्दहरू सङ्कलन गरी अध्ययन गरेका थिए। सायद ग्रिअर्सन (Grierson, 1909) नै राजी भाषाको जम्मा २५ वटा शब्दहरू सङ्कलन गरी अध्ययन गर्ने पहिलो भाषाविद् हुनु पर्दछ। तर उनले राजी भाषालाई राजी नभनी 'जङ्गली (आल्मोरा)' भन्ने शब्दले नाम दिएका छन्। गिरी (Giri, 2057 BS) ले 'राजी' को सट्टामा राजी भाषालाई 'फान्' भन्ने नाम सुझाएका छन्। राजी भाषाका जम्मा ४ वटा भाषिकाहरू बन्डाली (बाह्र बन्दाले), नौकुल्या, पुर्‍ब्या र कुमाउनी छन् (Rai, 2008)। अध्ययनहरूले राजी भाषामा क्रमशः

वैयाकरणीय परिवर्तन र विस्थापनका साथसाथै केही क्षेत्रगत विशेषताहरू जस्तै घटकक्रम, द्वित्वप्रक्रिया र सम्बन्ध कारण सङ्केत आदि पनि समावेश हुने क्रम बढेको छ (Rastogi, 2015: 115)।

राजी भाषाका अङ्क गणना गर्ने शब्दहरूमा २ देखि ६ सम्मका चाहिँ मौलिक देखिन्छन्। जसमा अङ्क १ चाहिँ राजी भाषाकै भएकोमा शङ्का लाग्दछ। अरू अङ्कहरूमा हिन्दी वा अरू छिमेकी भाषाको प्रभाव पाइन्छ। ती अङ्कहरू यस प्रकार छन्ः

डाह् - एक
न्हि - दुई
सुङ् - तीन
परि - चार
प्ङा - पाँच
तुर्के - छ
सात्ते - सात
अट्ठो - आठ
नौए - नौ
दक्स - दश (Krishan, Shree. 2002)।

नेपालका राजीहरूसँग स्थलगत अध्ययन गरी पाइएको अङ्क गणनाहरू यस प्रकार छन्ः

(१) दा - एक
(२) न्हि - दुई
(३) सुम् - तीन
(४) पुरा - चार
(५) पाँ - पाँच
(६) त्रुक - छ
(७) सात
(८) आठ
(९) नौ

(१०) दश
(११) ग्याराङ
(१२) बाराङ
(१३) तेराङ
(१४) चौधाङ
(१५) प्रन्धाङ
(२०) बिसाङ
(३०) तिसाङ
(४०) चाल्सा
(५०) पचास
(६०) साठी
(७०) सत्तरी
(८०) असी
(९०) नब्बे
(१००) सौ

११.८ राजी भाषामा शिक्षाको स्थिति

अहिलेसम्म राजी भाषामा मातृभाषाको शिक्षाको विशेष व्यवस्था व्यक्तिगत, संस्थागत तथा सरकारी कुनै तवरबाट पनि भएको पाइएको छैन ।

११.९ राजी भाषाका केही शब्दसूची

राजीका दुई भाषा नौकल्या र बन्दालीबीच तुलनाः

नेपाली	**नौकल्या**	**बन्दाली (बाह्र बण्डाले)**
आगो	मोइ	म्हाइ
सुँगुर	पाक्	पाकु
बाख्रा	बाख्री	छल्या
बाटो	योम्	यम्

घाम	घमाङ्	घमाङ्
अदुवा	आदाङ्	आदाङ्
गाई	गाँइँ	गैया
दुम्सी	म्हुसि	म्हसि
माछा	ङ्हा	हाँः
तेल	पसाः	थिभ्क्यु, थिक्रिङ्
नुन	पसाऽ	सा
कुच्चो	खुन्चा	बद्लिङ्
दुख्नु	नास्कः	यानाःबुका
तल	ख्याइ	डिः
नदी	खला	टम्
खानु	जाऽ	जाः
पिउनु	टुङ्का	टुङ्
रक्सी	दारु	मडु
धुवा	ढमाङ्	ढुमाङ्
कोइला	ग्राङ्	गाःराङ्
खरानी	भवरी	बोलकः
मार्नु	डिप्का	भोकः
पिस्नु	छुका	इःटु
काट्नु	गाक्का	गाक्कुः
भात	छाक	बतङ
तिहुन	बलाक्	बलाकु

परिच्छेद १२

राजीको शैक्षिक अवस्था

१२.१ आदिवासी शैक्षिक प्रणाली, संस्था र वर्तमान अवस्था

राजी जातिको परम्परागत ज्ञान आर्जन गर्ने वा शिक्षा प्रणाली अनुभव, अभ्यास र संस्कारमा आधारित थियो । उनीहरूले फिरन्ते जीवन जिउने क्रममा परिवार, समूह र समुदायबाट जे अनुभव र अभ्यास गर्दै त्यसलाई आफ्नो व्यावहारिक, सामाजिक, नैतिक तथा राजनैतिक संस्कारका रूपमा विकास गरी अवलम्बन गरे त्यही नै उनीहरूको ज्ञान वा शिक्षा थियो । उनीहरूमा अग्रजले नयाँ पुस्ता वा एकापसमा तिनै अनुभव, अभ्यास र संस्कारमा आधारित ज्ञान हस्तान्तरण गर्ने जुन अनौपचारिक तौरतरिका थियो त्यही प्रक्रिया नै उनीहरूको परम्परागत शिक्षा आर्जन र हस्तान्तरण गर्ने प्रणाली पनि रहयो । तर अहिले आएर ती परम्परागत ज्ञान र आर्जन गर्ने प्रणाली केवल संस्कारका रूपमा मात्र सिमित भएका छन् । अब उनीहरूलाई नयाँ समय र परिस्थिति अनुसारको शिक्षा र आर्जन वा हस्तान्तरण गर्ने शैक्षिक प्रणाली पनि आवश्यक भई आधुनिक शिक्षा प्रणालीतर्फ उन्मुख भइरहेका छन् । त्यसमा उनीहरूको परम्परागत शिक्षा प्रणालीले कतिसम्म ठाउँ पाउने हो ? अब उनीहरूले आर्जन गर्ने शिक्षा उनीहरूका लागि कतिसम्म व्यावहारिक र जीवनोपयोगी हुने हो ? यो एक अध्ययन, चासो, र चुनौतीको विषय रहेको छ ।

राजीहरू विभिन्न ठाउँमा छरिएर रहनु परेकाले आफूले चाहेजस्तो शिक्षा आर्जन गर्न उनीहरूको सामूहिक र एकतावद्ध प्रयास पनि विभाजित भएको छ । उनीहरू मिश्रित समाजमा बस्नु परेकाले उनीहरूले चाहेजस्तो परम्परागत र मौलिक शिक्षा प्रणालीलाई त्यसैको जगमा विकास गरी निरन्तरता दिने सम्भावना न्यून छ । यसमा वर्तमान राज्यको नीति पनि त्यति उदार छैन । केही प्रतिनिधि उदाहरण र प्रयासहरू हेर्दा कैलालीको भजनीमा राजी जातिले गरेको एउटा शिक्षासम्बद्ध प्रयत्नलाई अध्ययन गर्न सकिन्छ । कैलाली जिल्लाको भजनी नगरपालिका वडा नं. ९ को भुरुवामा राजीका करिब ३०० घरधुरी छन् । यिनका करिब १५० भन्दा बढी बच्चाहरू विद्यालय जाने उमेरका छन् । तर यसरी धेरै राजीका बच्चाहरू पढ्ने यहाँको सोनपाल आधारभूत विद्यालय आफैं नै

आर्थिक स्रोतसाधनको अभावले गर्दा बन्द हुने अवस्थामा छ।

विद्यालय बिल्लिबाठ अवस्थामा छ। यहाँ पढ्ने बच्चाहरूलाई राम्रो खानेपानीको सुविधासम्म पनि छैन। यो विद्यालय सामुदायिक विद्यालयको हैसियतमा रहे पनि सो प्रतिष्ठाअनुसारको सुविधाहरू छैनन्। कक्षा ५ सम्म चल्ने यो विद्यालयमा ५ जना शिक्षक छन्। त्यसमा केवल २ जनामात्रै सरकारी सुविधा प्राप्त छन्। बाँकी निजी कोटामा काम गरिरहेका छन्। कानुनअनुसार यस्ता सामुदायिक विद्यालयमा शिक्षकहरू व्यवस्था गर्ने जिम्मेवारी स्थानीय निकायकै हुन्छ। नगरपालिकाले प्रदान गर्ने केही रकम शिक्षकको तलबमै खर्च हुन्छ। यसको पनि निरन्तरताको सुनिश्चितता छैन। अहिले सो विद्यालयमा १५१ जना विद्यार्थी छन्। यसमा केवल ५ जनामात्र गैरराजी समुदायका छन्। उनीहरूसँग समस्यै समस्या भए पनि विद्यालय नचलाउँदा भएको एकमात्र विद्यालय पनि बन्द हुने अवस्था हुन्छ। "अनि हाम्रा बालबच्चाहरूको पढ्ने ठाउँ नै कतै हुँदैन" स्थानीय राजीहरू भन्छन् (Chaudhary, 2019)।

कैलाली जिल्लाको भजनी नगरपालिका वडा ९ भुरुवा गाउँमा सञ्चालित सोनपाल आधारभूत सामुदायिक विद्यालयमा अहिले ६ जना शिक्षक कर्मचारी छन्। त्यसमा दुईजना राजी महिला शिक्षिका र एकजना राजी पुरुष शिक्षक छन्। एक राजी पियन छन्। दुईजना गैरराजी शिक्षकहरूमा एक पनेरा र एक चौधरी शिक्षकहरू छन्। यो २०६४ सालमा स्थापना भएको हो (साजन राजी वर्ष ५५, भजनी ९, भुरुवा कैलालीका अनुसार, २०७५ फागुन ५)। यस विद्यालयमा राजी मातृभाषामा अध्ययन-अध्यापन भएको छैन। यद्यपि यस अध्ययनताका त्यहाँका विद्यार्थीहरू विद्यालय प्राङ्गणमा राजी भाषामै बौल्दै खेलिरहेका र हिँडिरहेका थिए।

तस्वीर १२. कैलाली जिल्लाको भजनी न.पा. वडा नं. ९ स्थित् भुरुवाको सोनपाल आधारभूत विद्यालय

१२.२ वर्तमान साक्षरता र शैक्षिक अवस्था

एक तथ्याङ्कअनुसार ८२ प्रतिशत राजीहरू अझै निरक्षर छन् । सन् १९९१ को तथ्याङ्कले राजीको साक्षरता दर केवल २२.२ मात्र भएको देखाएको थियो । सुदूरपश्चिममा केवल थोरै राजी बच्चाहरू मात्र विद्यालय जाने गर्दछन् । तिनीहरू कक्षा पुग्न अगावै घरेलु तथा खेतीकार्यले गर्दा विद्यालय छोड्दछन् । धैरै राजीहरू उनीहरूको आर्थिक कारणले गर्दा बच्चाहरूलाई विद्यालय पठाउन सक्दैनन् । उनीहरूमा बच्चाहरूलाई विद्यालय पठाउनु पर्छ भन्ने सामान्य चेतना त छ। तर उनीहरू त्यसलाई केवल केही वर्षका लागि मात्र बच्चालाई विद्यालय पठाएर लागू गर्न सक्दछन् ।

राजी साल्मा समाज (रासास) का अध्यक्षका अनुसार अहिलेसम्म केवल ६० जना जति राजी विद्यार्थीहरूले मात्र प्रवेशिका परीक्षा उत्तीर्ण गरेका छन् । केवल चार जनाले प्रवीणता तह र तीन जनाले मात्र स्नातक तहको शिक्षा हासिल गरेका छन् । राजी जातिमा साक्षरताको दर केही बढ्दै गरेको भए पनि ग्रामीण इलाकामा भने एकदमै न्यून छ । राजी जातिहरूले अहिले शिक्षाको महत्त्व बुझ्न त थालेका छन् । तर उनीहरूको गरिबी यसको प्रमुख बाधक बनेको छ (RCHC Office, 2012) ।

राष्ट्रिय जनगणना सन् २००१ को तथ्याङ्कले बादी, मुसहर, चेपाङ, राजी र राउटे जातिमा कोही पनि स्नातक उत्तीर्ण गर्ने विद्यार्थीहरू नभएको विवरण देखाएको थियो (Gurung, Harka 2006: 27)। भारतको कुमाउमा बस्ने राजीहरूको पनि शैक्षिक अवस्था एकमदमै कमजोर र न्यून छ (Alam, Rawat & Harashawaradhana et al., 2014: 68)। नेपालमा लोपोन्मुख जाति राजीका बच्चाहरू पनि विद्यालय जान थालेका छन्। राजी जातिले अहिले उनीहरू पछि पर्नुमा शिक्षाको अभाव हो भन्ने कुरा महशुस गर्न थालेका छन्। स्थानीय स्तरमा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूको प्रभावले अहिले राजीहरूमा आफ्ना बालबच्चालाई विद्यालय पठाउनु पर्छ भन्ने चेतना आएको छ।

नेपालका राजीहरूमा पहिलो पुस्ताका बाजेबोजु उमेरका राजीहरू कोही पनि साक्षर छैनन्। दोस्रो पुस्ताका बाजेबोजूका छोराछोरी वा नाति-नातिनाका बुबा खलकहरू कोही कोही सामान्य साक्षर माध्यमिक तहसम्म अध्ययन गरेका छन्। तेस्रो पुस्ताका नाति नातिना वा २५ वर्षसम्म उमेरका राजीहरू कही कतै कोही कोही स्नातकसम्म अध्ययन गर्ने छन्। धेरैजसो राजी नयाँ पुस्ताका बालबालिकाहरू माध्यमिक र आधारभूत तहमा अध्ययन गर्दैछन्।

तस्वीर १३. कैलीलीको सोनपाल आधारभूत विद्यायल प्राङ्गणमा खेल्दै गरेका विद्यार्थीहरू

परिच्छेद १३

राजीको स्वास्थ्य अवस्था

१३.१ आदिवासी औषधोपचार पद्धति र वर्तमान अवस्था

चिकित्सा-मानवशास्त्रको एक उप-शाखा जातीय औषधिशास्त्र वा विज्ञान हो। यसले "रोग र उपचारसँग सम्बद्ध त्यस्ता विश्वास र अभ्यासहरूलाई जनाउँदछ जुनचाहिँ आदिवासी सांस्कृतिक विकासका उत्पादनहरू हुन्। यिनीहरू आधुनिक औषधिविज्ञानको अवधारणात्मक रूपरेखाबाटै पूर्ण रूपमा चाहिँ निर्देशित हुँदैनन् (Hughes,1968)। व्युत्पत्तिमूलक हिसाबले भन्नुपर्दा यो शब्दले कुनै पनि जातिसँग परम्परागत रूपले सम्बन्धित औषधिलाई बुझाउँदछ। यसलाई लोक वा आदिवासीय औषधिको रूपमा पनि लिन सकिन्छ (Mibang and Choudhari, 2003)।

मध्य हिमालयको कुमाउ र नेपालको सिमानामा बस्ने आदिवासी समाजहरूमध्ये सबैभन्दा सानो समूहमा रहेका जाति राजीहरूको परम्परागत स्वास्थ्योपचार वा आयुर्वेदिक उपचारप्रति एकदमै ठूलो लगाव र विश्वास छ। राजीहरूको जीवनयापनको अवस्था एकदमै कमजोर भएकाले उनीहरूसँग न त आधुनिक चिकित्सकीय उपचार पद्धतिको राम्रो जानकारी छ न त त्यसप्रति पहुँच नै। विकासको रेखामुनि रहेका आदिवासी राजी समुदायका ५० भन्दा बढी जातका वनस्पतिहरू परम्परागत उपचार पद्धतिमा उपयोग हुने कुरा विभिन्न अध्ययनले पत्ता लगाई दस्तावेजीकरण समेत गरिएको छ। राजीहरू यसरी शीघ्र सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणको मार्गमा रहेको परिप्रेक्ष्यमा यस्ता परम्परागत औषधिजन्य बोटबिरुवाहरूको अध्ययन, दस्तावेजीकरण र संरक्षण गर्न अति नै महत्त्वपूर्ण आवश्यकता रहेको छ (Negi, Nautiyal, Dasila, Rao, & Maikhuri, 2003: 30)।

आदिवासीहरू आफ्नो आदिवासीय औषधोपचार पद्धतिले उपचार नभएर बिरामीहरू एकदमै अन्तिम अवस्थामा पुगेपछि मात्र आधुनिक औषोधोपचारमा जान्छन्। उनीहरू खासमा कुनै रोगको वैज्ञानिक कारणबारे भने कमैमात्र जानकार हुन्छन्। तर यो कुरा उनीहरू स्वीकार्न पनि चाहँदैनन्। अर्कोतिर आधुनिक चिकित्साका

अभ्यासकर्ताहरूले पनि उनीहरूलाई सोप्रति मनोवैज्ञानिक सन्तुष्टि दिन असफल भएका छन्। त्यसैले वनस्पतिजन्य औषधिहरूको मात्र नभएर आदिवासीय स्वास्थ्योपचार पद्धतिहरू पनि यथाशीघ्र अध्ययन र दस्तावेजीकरण गर्न अति आवश्यक छ (Pandey, 2011: 90)।

राजी जातिले ३६ जातका जनावरहरू, ३० प्रकारका बिराम र ९१ जातका वनस्पतिहरू ६० प्रकारका रोगहरू निको पार्न प्रयोग गर्ने गरेको अध्ययनले देखाएको छ। राजीहरू जनावरको मासु, छाला, हड्डी, रगत, विष्टा, खोपेटा, मूत्र, सबै अङ्गहरू, पुच्छर, अण्डा र बोसोजस्ता अङ्गप्रत्याङ्गहरू परम्परागत औषधिका लागि प्रयोग गर्दछन्। यसैगरी वनस्पतिका अङ्गहरू जस्तै जरा, फल, पात, पुरै बिरुवा, फूल, दूधिलो रस, चामरा (रौं), बोक्रा, लहरा, बियाँ र कलिलो मुनाहरू राजीले औषधिका रूपमा प्रयोग गर्ने गरेको पाइएको छ (Paudel, 2015)।

राजीहरूको परम्परागत धार्मिक विश्वासअनुसार उनीहरूलाई लागेको विभिन्न बिरामहरू धार्मिक मन्त्रविधिद्वारा पनि उपचार गर्दछन्। उनीहरू बिरामीहरूलाई आफ्नो जातीय पुरोहित गुरुवाहरूको अनुमतिविना अस्पताल पनि लैजाँदैनन् (Gautam and Thapa Magar, 1994)।

राजीहरूको औषधोपचार पद्धतिको वर्तमान अवस्था भने उनीहरूको स्थायी बसोबासको सुरुवातसँग परम्परागत र आधुनिक औषधोपचार विधिमा संयोजन भएको छ। उनीहरूले परम्परागत औषधोपचार विधिले काम नगर्दा आधुनिक चिकित्सकीय औषधी प्रयोग गर्छन् र आधुनिक औषधोपचार विधिले काम नगर्दा पनि फेरि परम्परागत विधि नै अपनाउँछन्। यो तथ्यलाई कुचैनी कैलालीका शेरबहादुर राजी (वर्ष ४४) को निम्न भनाइले पनि पुष्टि गर्दछः

> मलाई रुघा लागेको निक्कै दिन भयो। जति औषधि खायो, त्यति नै रुघा सारो हुने। आखिरी अस्तिको दिन जङ्गलमा गएर आफ्नै जडीबुटीको औषधि ल्याएर खाएँ। जडीबुटीको औषधि मिलाएर खाएपछि चाहिँ अहिले अलिक निको भएको छु।

१३.२ आदिवासी वा परम्परागत स्वास्थ्यकर्मीहरू

राजीका परम्परागत स्वास्थ्यकर्मीहरू आफ्नै अग्रज अभिभावक र पुरोहित गुरुवाहरू नै हुन् । अग्रजहरूले आफ्ना पुर्खाहरूबाट सिक्दै आएका विभिन्न बिरामीलाई निको पार्ने जडीबुटीजन्य औषधि उचित विधि अपनाएर तयार गरी उपचार गर्ने गर्दछन् । यसका साथै राजीका जातीय पुरोहित गुरुवा वा गुराउले पनि विशेष बिरामीहरू निको पार्न तिनै जडीबुटीका साथ केही तन्त्रमन्त्रले झारफुक पनि गर्दछन् ।

राजी पुरोहित (Shaman) ले कुनै पनि बिरामीको उपचार गर्न अघि बिरामीको रोगको लक्षण वा दुखाइबारे सोधनी गर्दछन् । त्यो बिराम भएको समयावधि बारे जानकारी लिन्छन् । त्यस बिरामीलाई निको पार्न अरू के कस्ता विधिहरू अपनाइयो भन्ने बारे पनि सोध्दछन् । उपचार र संरक्षणका लागि राजीहरूले जन्तरजस्ता शरीरमा पहिरने सामग्रीहरू बच्चालाई बाहेक कममात्र प्रयोग गर्दछन् । कुनै सानो ढुङ्गा वा केही मन्त्रहरू लेखिएको साम्रगी बच्चालाई भूतप्रेत नलागोस् भनी सानो पूजा र मन्त्र गरेर बच्चाको घाँटीमा लगाई दिन्छन् । राजीहरूले हरेक बिरामीको उपचारका लागि पनि सुनपानी अनिवार्य रूपमा प्रयोग गर्दछन् । राजी पुरोहितहरूले धानको चामलको अक्षता कुलदेवतालाई चढाउन र भूतप्रेतलाई तर्साएर खेदाई पठाउन पनि प्रयोग गर्दछन् । राजीका गुराउले यदि कसैले राजीलाई नराम्रो सोचेर भेदेको खण्डमा त्यसलाई रोकथाम गर्ने गर्दछन् (Reinhard, 1994) ।

१३.३ परम्परागत औषधोपचार पद्धतिको अवस्था

नेपालका राजीहरूमा अझै पनि परम्परागत औषोधोपचार प्रणालीको सफलता र प्रभावकारिताप्रति गहिरो विश्वास छ । पहिलेका पुस्तामा यो ज्ञान अझ गहिरो र गहन थियो । तर नयाँ पुस्तामा भने त्यसको तह अलिक फरक र कम छ । नयाँ पुस्तामा यो परम्परागत ज्ञानको बेवास्ताले गर्दा सो अभ्यास लोप हुने खतरामा छ । राजी जातिका यी आदिवासी ज्ञान र अभ्यासहरू बसाइँसराई र आधुनिकीकरण जस्ता विभिन्न कारण तथा यसको अभ्यास, निर्णय र स्रोत साधनहरूमा उनीहरूको पहुँच नपुग्नाले लोप हुने खतरामा छन् (Thapa, 2012) ।

राजीहरूमा ग्याष्ट्रिकजस्ता रोगहरूको उपचार गर्ने आदिवासी ज्ञान छ । उनीहरूमा

आदिवासी ज्ञान प्रणालीको राम्रो अनुभव छ। उनीहरूको प्रयोगले ज्ञानको अनुभवलाई पनि प्रमाणित गराइसकेको देखिन्छ। त्यसैले यसलाई राम्ररी पहिचान गरेर उपयोग गर्न सकिने सम्भावना देखाएको छ। यसका अभ्यासकर्ता विशेषतः प्रौढ पुस्तामा यसप्रति गहिरो अनुभव रहेको देखाउँछ। तर नयाँ पुस्तामा यसप्रति रहेको उपेक्षाले प्रौढपुस्ताहरू एकदमै चिन्तित पनि छन्। राजीमा रहेको परम्परागत औषधोपचार सम्बन्धी आदिवासीय ज्ञानलाई थप अध्ययन गरी भविष्यका लागि जोगाइ राख्न आवश्यक छ। यसबारे वनस्पतिशास्त्रीय तथा औषधिशास्त्रीय अध्ययन, परीक्षण र सिफारिसहरू हुन आवश्यक छ (Thapa, Dhakal, Chaudhary, Thapa, 2013)।

१३.४ विद्यमान औषधोपचारको विधि

हिमालय भारत कुमाउका राजी आदिवासीहरू पनि परम्परागत औषधोपचार ज्ञानमा धनी छन्। त्यहाँ भने यो ज्ञान एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण पनि भइरहेको छ (Bhatta, Kumar, Joshi1 and Tewari. 2013: 2753)। तर नेपालमा यो पुस्तान्तरण हुने सम्भावना कमजोर हुँदै गएको देखिन्छ। नेपालका राजीहरू पहिले बिरामी हुँदा अस्पताल जाँदेनथे। पहिले उनीहरू धामीझाँक्रीलाई देखाउने र जडीबुटी ल्याएर खाने मात्र गर्दथे। अझै पनि उनीहरूमा अस्पतालभन्दा जडीबुटीले राम्रो काम गर्ने विश्वास गर्दछन्। तर अहिले उनीहरू बिरामी हुँदा अस्पताल पनि जान थालेका छन्।

कैलालीका कुचैनीका एक अभिभावक शेरबहादुर राजी (वर्ष ४४) भन्दैथिए:

> मैले मेरो बच्चालाई दुई चोटि अस्पताल लगैँ।
> झन सारो भयो। बिहानै उठेर जडीबुटी ल्याएर खुलाएँ।
> रस लगाएँ, घाँटीमा झुण्ड्याएँ। अहिले दुई दिनमा ठीक भयो।
> सर्पले टोके पनि हामी अस्पताल जाँदैनौं।
> सर्पले पनि गरिब दुःखीलाई मात्र टोक्छ।
> पचास लाट्ठीको मार खानु छ भने बिच्छिले टोक्छ।
> मलाई तीनचोटि सर्पले टोक्यो।
> तिनैचोटि नै अस्पताल नगई जडीबुटीले नै निको भएँ।
> मेरो छोरीलाई पनि सर्पले टोकेको हो।

जडीबुटीले नै निको पार्छौं।
राजीले औषधोपचार गरेकोमा केही पैसा लिँदैनन्।
पैसा सडेगलेर जान्छ, हामी पैसा लिँदैनौं।
सर्पले टोकेर ३ दिनदेखि १२ दिनसम्म मऱ्यो भनेर सुतेको मान्छेलाई मेरो बाउले ब्युँताएका थिए।
मान्छेको आँखाको नानीमा हेर्दा जीवित वा मरेको भन्ने थाहा हुन्छ।

१३.४.१ विद्यमान औषधोपचार विधिका केही नमुनाहरू

राजीहरूलाई उनीहरूकै अग्रज बुढापाकाले परम्परागत जडीबुटीमा आधारित औषधिहरू चिनाए र बनाउने तरिका पनि सिकाएर गए। विशेष बिमार परेको बेलै यसको यो औषधि हो भनेर चिनाए, सिकाए। त्यसको अभ्यस पनि गर्दै आए।

(१) रुघाखोकी लाग्दा

रुघाखोकी लाग्दा कुरिलोको जरा खनेर सुकाएर तातो पानीमा लगाएर चिया बनाई खाँदा निको हुन्छ।

(२) टाउको दुख्दा

टाउको दुख्दा पिपलको दाना र जरा पिसेर झोल बनाई खाँदा निको हुन्छ।

(३) हाड भाँचिदा वा मड्किँदा

हत्था/हट्ठा जोर (रुखमा जेलिएको एक लहरा) रुखमा चप्टिको लहरा जस्तो बिरुवा हुन्छ। यसलाई निकालेर पिसेर धमेरोको गोलाको माटोसँग मिसाएर पिस्ने। त्यसलाई घाउमा लगाएर कपडाले बाँध्दा सञ्चो हुन्छ। यसले हाड भाँचिएको वा मड्किएकोलाई पनि जोड्छ र निको पार्छ।

(४) आगोले पोल्दा

आगोले पोल्दा एक थोपा मह लगाएर मालिस गर्ने। यसमा सुँगुरको बोसो तताई लगाएर मालिस गर्दा पनि निको हुन्छ। साथै माछाको बोसो, कुखुराको बोसो, दत्तिवनको बोक्रालाई आगोमा पोलेर पिसेर लगाउँदा पनि आगोले पोलेको निको हुन्छ। आगोले पोलेमा मान्छेको दूध लगाउँदा पनि निको हुन्छ।

(५) दमको औषधि

दमको राम्रो औषधि बनाउन ७ चिज मिसाउनु पर्छ। केही एउटै चिजको ७ चिज बनाउनु पर्छ। जस्तैः गाई; त्यसमा पनि कालो गाईको भए राम्रो। सो गाईबाट दूध, दही, नौनी, घिउ, मही, गु र मुत। यति चिज बराबर मात्रामा मिसाएर दमको औषधि बनाउन सकिन्छ। यसरी बनाई खायो भने यसले दमको जरै तोडी दिन्छ। यसरी बनाएर खाँदा मलाई पनि सञ्चो भयो। लाली गुराँसको फूल खाँदा पनि दम निको हुन्छ। यसलाई सुकाएर पिसेर महसँग मिसाएर खाँदा पनि हुन्छ।

(६) काटेको घाउमा लगाउने औषधि

स्याउरे वा कुरो राजी भाषामा र्‍हान भन्ने झारको पात पिसेर घाउमा लपक्कै लगाई कपडाले बाँध्दा काटेको घाउ निको हुन्छ। नशा पनि जोडिन्छ। भाँचेको हड्डी पनि जोडिदिन्छ।

(७) मड्केको औषधि

रुखमा उम्रिएर टाँसिई रहेको 'हट्टा जोर' भन्ने वनस्पतिको लहरा मड्केको निको पार्ने औषधि हो। यो मोटो र ठूलो बाक्लो पात भएको हुन्छ। यसको डाँठ पिसेर मड्केको ठाउँमा लगाई बाँध्ने। यसले मड्केको साथै टुटेको हड्डी पनि जोड्छ। यो लहरा पहाड र तराईतिरको जङ्गलको रुखमा पनि हुन्छ।

(८) गानो दुखेको निको पार्ने औषधि

गानो दुखेको निको पार्ने औषधिका लागि राजी भाषामा गान्धिङ भन्ने रुख हुन्छ। यसलाई थारू भाषामा दाखी भन्छन्। यसको ठूलो रुख हुन्छ। यसको सानो बुटा पनि हुन्छ। त्यसको जरा घोटेर पिएमा गानो निको हुन्छ। त्यसको भित्रको हड्डी होइन, बोक्रा पिसेर खाने वा घोटेर खाने हो। पिसेको भन्दा घोटेको राम्रो हुन्छ। त्यसको रस जम्छ पनि।

(९) पखाला लागी उँधैउँभै भएको औषधि

पखाला लाग्दा निको पार्ने औषधिमा कालाबासिङ भन्ने बिरुवाको जरा पकाएर कपडाले छानेर खाने। यसको पात उमालेर बाक्लो रस बनाएर खाँदा पनि हुन्छ।

(१०) आउँ परेको निको पार्ने औषधि

यसका लागि पाखानवेदलाई घोटेर वा काटेर टुक्रा मुखमा चबाएर खाने। यसले हैजा पनि ठीक पार्छ।

(११) ज्वरोको औषधि

उल्टी काँडाको जरा पिसेर वा घोटेर खाने। यसलाई कपडामा बेरेर घाँटीमा झुण्ड्याउँदा पनि ज्वरो निको हुन्छ।

(१२) कुकुरले टोकेको औषधि

कुकुरले टोकेको निको पार्ने औषधि कुकुर अङ्ग जस्तै गेडा हुन्छ। त्यसको फूल पनि कुकुरको अङ्ग जस्तै नै हुन्छ। यसको फूल पिसेर लगाउँदा निको हुन्छ।

(१३) सर्पले टोकेको औषधि

सर्पले टोकेमा दुधे रुखको बोक्रा पिसेर लगाउने। अर्को सर्पगन्ध भन्ने सर्पजस्तै बिरुवा हुन्छ। यसलाई पिसेर खाने। अर्को बोझो खाने वा घाउमा पिसेर लगाउने। यी तीनवटै बिरुवालाई मिसाएर टोकेको घाउमा लगाउँदा पनि हुन्छ। दूधे रुख र सर्पगन्थ (झरु बिरुवा) पिसेर खाँदा सर्पको विष लाग्दैन। लागेको विष पनि काट्छ। सर्पको विष खिचेर वा तानेर निकाल्नको लागि चिचिण्डा (सेतो लामो सर्पजस्तो तरकारी खाने फल) को एकापट्टि अगाडिको भेट्नो तोड्ने। सो तोडेको भेट्ने भएको मुखलाई खाउमा राख्ने। यसले सर्पका विष चुसेर बाहिर निकाली दिन्छ।

(१४) माछाको काँडा घाँटीमा अल्झेको औषधि

माछाको काँडा घाँटीमा अल्झेमा लालीगुराँसको फूल खाने। यसले दम र खोकी पनि निको पार्छ। यसलाई सुकाएर पिसेर महसँग मिसाएर खाँदा दम र खोकी पनि ठीक पार्छ।

(१५) आँखाको पाकेको निको पार्ने औषधि

धमिराको 'मकरी' काठवाला गोलो आगोमा पोल्ने। पोलेको कोइला पानीमा हालेर त्यसको बाफ लिने। यसलाई राजी भाषामा मकरी भनिन्छ।

(१६) दाँत दुखेको निको पार्ने औषधि

यसको लागि अर्काको ज्यान मार्नु पर्छ। एउटा विशेष किरा मारेर दाँतमा राख्नु पर्छ।

(१७) मुटुको बिराम निको पार्ने औषधि

शिलाजितले ठीक पार्छ। खास शिलाजित टर्रो हुन्छ। त्यो खानु पर्छ।

(१८) गाइवस्तुलाई छेराउटी लागेको औषधि

गाँजा पिसेर खुवाउँदा ठीक हुन्छ। (स्रोतव्यक्ति किसन राजी वर्ष ५९, झिल राजीगाउँ, गौरीगंगा ३, २०७६ फागनु ३ गते साँझ)

तस्वीर १४. राजी जातिले परम्परागत रूपमा हाड मड्किँदा वा भाँच्चिदा प्रयोग गर्ने औषधि 'हट्टाजोर'

सालको रुखमा भएको 'हट्टाजोर' रुखमा हुने 'हट्टाजोर' वनस्पति

परिच्छेद १४

राजीको आधारभूत, चाडपर्व, खानपान र लोकवार्ता

१४.१ राजीको आधारभूत, चाडपर्व र खानपान

राजी जातिको आधारभूत चाडपर्व र खानपान पनि परम्परागत रूपमा विशेष र पृथक नै थिए । यीमध्ये केही अझै निरन्तर छन् भने धेरै हराई सकेका छन् । राजी जातिको आधारभूतमा पुरुषको भन्दा महिलाको बचेको छ । यस्तै चाडपर्वहरू केही मौलिक छन् । केही अरूबाट प्रभावित देखिन्छन् । यसैगरी उनीहरूको खानपानको शैली परम्परागत भएपनि खाने कुराहरू परिवर्तन हुँदै गएका छन् ।

१४.१.१ परम्परागत आधारभूत

राजी पुरुषहरूले जिउमा सर्ट वा भेष्टजस्तो भोटो र आस्कोट लगाउँछन् । कम्मरदेखि तल लगाउने लुगा कछाड र धोती (भेगुवा) हो । राजी पुरुषहरू शिरमा टोपीजस्तो फेटा गुथ्छन् । राजी महिलाहरूले गुन्यु र भिन्दै किसिमको बुट्टावाल चोला (ब्लाउज) लगाउँछन् । उनीहरूको गुन्युलाई बटाउली पनि भन्दछन् (Gautam and Thapa Magar, 1994: 200) । राजीहरूको विवाहमा लगाउने औपचारिक पोसाक जामा जस्तै माथिदेखि तलसम्मको हुन्थ्यो । राजीले आफ्नो पोसाक आफैले सियोले सिएर बनाउँथे । राजी महिलाले आफूले लगाउने 'जामा' आफै सिउँथे । छिटको कपडा ल्याएर आफैले छेकेर सिउँथे । पुरुषको लुगा पनि महिलाले नै सियोले सिई दिन्थे । सामान्यतः राजी महिला घरमा बस्दा म्याक्सीजस्तो पोसाक लगाउँछन् ।

आजकालको आदिवासीको आधारभूतबारे स्थानीय आदिवासी अभियन्ताहरूको भनाइ थियो, "यहाँ त स्थानीय संघ, संस्था र पार्टीहरूले आदिवासी जनजातिहरूलाई त सांस्कृतिक पोसाक र गहना प्रदर्शन गर्ने साधनका रूपमा मात्र उपयोग गर्ने गरेका छन् " (केशव थिङ तामाङ, वर्ष ५०, अदिवासी अभियन्ता, धनगढी, २०७६ फागुन २८) । तर राजीले त त्यति पनि नगरेको पाइयो ।

तस्वीर १५. राजी पुरुष–महिलाहरू परम्परागत वेषभूषामा

१४.१.२ परम्परागत गरगहना र रूपसज्जा

राजी महिलाका गरगहनाहरू चाँदीको नाडीमा लगाउने चुरी, घाँटीमा लगाउने तारिया र नाकमा लगाउने फुली हुन् । उनीहरू कानमा पाँच वटासम्म फेरुवा पनि लगाउँछन् । यो फेरुवा भने विवाहित महिलाले मात्र लगाउने गर्दछन् (Gautam, and Thapa Magar 1994)। विवाहको बखत पनि बेहुलाले यस्ता गहना बेहुलीलाई दिनु पर्दछ। पहिले राजीले सुनको गहना लगाउने चलन थिएन। समग्रमा राजी महिलाले घाँटीमा कन्तश्री र पोटी (पोते), कानमा बीर, नाकमा नठ (बुलाकी) र फुली; हातमा बाला र पाउमा कल्ली लगाउँथे (किसन राजी वर्ष ५९, झिलगाउँ, कैलाली)। अहिले यी गहनाका साथमा टप लगाउने चलन पनि आएको छ।

तस्वीर १६. राजी महिलाले पहिरने गरगहना र उक्त पहिरनमा राजी महिला

१४.२ राजीको चाडपर्व

राजीका मौलिक चाडहरू अन्नबालीसँग सम्बद्ध छन् । राजीहरू धानको पूजा पनि गर्छन् । यो पूजा धान काट्नभन्दा पहिले गरिन्छ । पहिले धानको खाजा बनाएर घरघरमा बाँड्ने चलन थियो । चामलको खाना बनाएर सबैले खाऊँ भनेर बाँडिखाने चलन थियो । उनीहरूले अन्नबाली लगाउन अघि पनि सामूहिक रूपमा गाउँबाँध्ने पूजा गर्दछन् । यो पनि उनीहरूको महत्त्वपूर्ण चाडजस्तै हो । राजीहरूले आफ्नो चाडपर्वको रूपमा मङ्सिर पूर्णिमा (नुवाँगी), जेठ पूर्णिमा (जेठाई पूजा), फागु पूर्णिमा (होली), चैते अष्टमी, घाया सङ्क्रान्ति र माघी मान्दछन् (Gurung, Rawal and Thapa 2014; Gautam, and Thapa Magar, 1994) ।

राजीका केही चाडपर्वहरू पनि हिन्दु संस्कारबाट प्रभावित छन् । तिनीहरूले दशैं, तिहार, चैते दशैं, माघे सक्रान्ति र घी सक्रान्ति मनाउँदछन् । यो घी वा घे सक्रान्ति

भाद्र १ गते मनाउने उनीहरूको आफ्नो चाड हो। यस चाडमा उनीहरूले घी र कर्कलो *(Colocasia esculanta)* को पात अनिवार्य रूपमा खाने गर्दछन्। यो घी खाएन भने अर्को जूनीमा कीरा (Caterpillar) होइन्छ भन्ने विश्वास उनीहरूमा छ (Paudel, 2015)। राजीहरूका यस्ता विशेष र मौलिक चाडहरू भएपनि उनीहरू धेरै ठाउँमा छरिएर बसेको, गरिबी र राज्यको एकल नीतिले गर्दा खास महत्त्वका साथ उनीहरूले आफ्नो चाडबाड मनाउने वातावरण बनेको छैन। अतः केही हिन्दु चाडहरू नै आफ्नो चाडका रूपमा स्वीकार्न र मान्न बाध्य भएका छन्।

१४.३ राजीको खानपान

फिरन्ते अवस्थाका राजीहरूले अरूजस्तो दाल, भात र तरकारी नै नियमित रूपमा खाएनन्। राजीहरूले अरूले खाएको जस्तो सामान्य दालभात तरकारीजस्ता खानाबाट पाउने पोषण तत्वको आपूर्ति मकैको पिठोको रोटी, माछा र जङ्गली बिरुवाहरूबाट गर्दथे। चाडबाडमा उनीहरूले विभिन्न खानाको परिकारहरू बनाउँदछन्। भाती जाँड (धानको जाँड) उनीहरूको मनपर्ने पेय पदार्थ हो (Gautam, and Thapa Magar, 1994: 200)। राजीका नियमित खानाहरू गिट्ठा *(Dioscorea bulbifera)*, भ्याकुर *(Dioscorea deltoids)* र तरुल *(Colocasia spp)* हुन्। यी खानेकुरा माघे सङ्क्रान्तिमा उनीहरूले अनिवार्य खाने गर्दछन् (Paudel, 2015)।

राजीहरूका लागि खाना केवल उनीहरूले खाने कुरामात्र होइन। यो त प्रेतात्माहरूलाई पनि खुवाउने चिज वा सो खानाको लोभमा फसाएर नियन्त्रण गर्ने वा तह लगाउने साधन पनि हो (Reinhard, 1976: 278)। यसैगरी राजीहरूका लागि खाना वा खाने कुरा आफ्ना सम्मानित पुरोहित गुराउलाई मानमनितो गर्ने साधन, माध्यम र पारिश्रमिक ज्याला जस्तो पनि हो।

राजीहरूका लागि खाना वा पेय पदार्थहरू कोसेली पनि हुन्। ती कोसेलीका रूपमा उपयोग गरिने खाना वा पेय पदार्थहरू कुनै कुरा वा बाचा बन्धन स्वीकृतिका प्रतीक पनि हुन्। राजीले कुनै केटाका लागि केटी मगनी गर्दा केही निश्चित खाने कुरा र पेय पदार्थहरू कोसेलीका रूपमा राखेर मात्र कुरा राख्दछन्। अन्तमा ती खाने कुरा वा पेय पदार्थ जाँडरक्सी समाएर लिनु वा खानु भनेको उनीहरूको प्रस्ताव मान्नु वा स्वीकार्नुको अर्थ वा सङ्केत पनि हो (Gautam, and Thapa Magar 1994: 198)।

अहिले राजीहरूको खानपानमा व्यापक परिवर्तन आएको छ। अहिले उनीहरू

अरूजस्तै सामान्यतः दाल, भात, तरकारी नै खान थालेका छन् । उनीहरूको परम्परागत पेय पदार्थहरूलाई क्रमशः चलानी बजारिया पेय पदार्थहरूले विस्थापित गर्दैगएको छ। उनीहरूका परम्परागत खानपिनहरू केवल बेलामौका वा चाडबाडमा मात्र खाने कुराका रूपमा परिणत हुँदैछन् ।

१४.४ राजीको लोकवार्ता

लोकवार्ताका विषयहरू लोकसाहित्य वा मौखिक परम्परा; लोकविश्वास, लोकरीति एवम् व्यवहारहरू; लोककला र भौतिक संस्कृति हुन्। लोकवार्ताको प्रयोजन र भूमिकामा सामाजिक, सांस्कृतिक, राजनैतिक, मनोवैज्ञानिक र शैक्षिक भूमिका आदि हुन्छन् । लोकवार्ताका अन्य शाखाहरू पुरातत्त्व, इतिहास, भाषाविज्ञान र मिथक वा पुराशस्त्र आदि हुन् (बन्धु, २०५८) । राजीका पनि यस्ता आफ्नै लोकतावार्ताहरू छन् । त्यसमध्ये यहाँ केहीका केही पक्षको सामान्य चर्चासम्म गरिन्छ ।

१४.४.१ परम्परगत लोककथा, उखान, लोकगीत-सङ्गीत र लोकनृत्य

राजीका परम्परागत लोककथाहरू उनीहरूको उत्पत्ति, बसाइँसराई र विभिन्न जीवनसङ्घर्षसँग सम्बद्ध छन्। उनीहरूको बाघसँगको लडाइँ, विभिन्न देवताहरूको उत्पत्ति र अन्तरक्रिया तथा विभिन्न जीवजन्तु जस्तै माछा र मौरीसँग सम्बद्ध लोककथाहरू छन् ।

राजीहरूको उखानका रूपमा उनीहरूको अनुभवसिद्ध ज्ञान, जातीय जीवनको सत्य, सार्वभौम अभिव्यक्ति जस्ता सरल र जीवन्त आहानहरू छन् । जस्तै, “पानीभन्दा राजी दुई दिन जेठो, रुखभन्दा राजी एकदिन जेठो ।” “राजीले त टाढाको माछा पनि देख्छन्” जस्ता अनेकौं उखानहरू राजीसँग जीवन्त छन् ।

राजीका लोक-सङ्गीतहरू सामूहिकतामा आधारित छन्। उनीहरू सिङ्गारु (टप्पा) नाच, कुचा नाच र सोरठीजस्ता नाचहरू नाच्ने गर्दछन् (गुरुङ, २०६४)। राजीका धेरै परम्परागत लोकनृत्यहरू थिए। तर अहिले धेरै लोप भइसके। राजीहरू पहिले राना थारूजस्तै केटाकेटी र बुढापाका मिलेर नाच्थे। उनीहरूको बाजा मादल जस्तै थियो। अर्को बाजा ढोल्के थियो। राजी समुदायमा सामूहिक नृत्यहरू लोकप्रिय छन्। विभिन्न नृत्यहरूमध्ये सिङ्गारु, टप्पा, कुचा र सोराठी मुख्य हुन्। यस्ता नृत्यका गीतहरू भने खस नेपाली भाषाका हुन्छन्। (Paudel, 2015)

भारतका राजीका सन्दर्भमा अध्येता कविता रास्तोगी भन्छन्ः

> कुनै पनि आदिवासी जनजातिको विशेष नाच्ने गाउने परम्परा हुन्छ। तर अचम्म लाग्दो राजीको वर्तमान अभ्यासमा त्यति नाच्ने गाउने चलन पाइन्न। उनीहरूमा यस्तो कुराको भाषिक शब्दहरू पनि खासै छैनन्।
>
> राजीहरू प्रकृतिसँग एकदमै तादात्म्य सम्बन्ध राख्दछन्। उनीहरूका अनुसार पानी, खोला, पहाड, उपत्यका र वनस्पतिले उनीहरूलाई बाँच्न र बच्न सहयोग गर्दछ। (Rastogi, Kavita. 2012: 14)

शेर्रिङ् (Sherring, 1906) का अनुसार राजीले विरलैमात्र नाच्ने गाउने क्रममा पनि दुई लस्करमा उभिएर वरिपरि घुम्छन्। चाखलाग्दो कुरा यो छ कि उनीहरू यसरी नाच्दै गाउँदै घुम्दा तिब्बती प्रार्थना चक्का घुमेभन्दा ठीक उल्टो घुम्दछन्।

राजीको एक लोकगीतः

पहारको धाचामानी तरुलको बेलो।
कहिले होला घरबार कहिले पाउन्या चेलो।
(रतीदेवी राजी, वर्ष ११७, झिलगाउँ, कैलाली)।

१४.४.२ राजीका लोकबाजाहरू

राजीका विभिन्न परम्परागत गीत र नृत्यहरू छन्। तिनीहरूमा सोरठी, ख्याली, मारुनी, झुम्रा, टप्पा, धरमधुस्सा र हुर्‌डुङ्गो आदि हुन्। उनीहरू प्रायः आफैँ गीत गाउँदै नाच्ने गर्दछन्। यस्तो नाचगानमा महिला र पुरुष दुवै सहभागी हुन्छन्। मारुनी नाचमा पुरुषहरू महिलाको पोसाक लगाएर नाच्दछन्। मारुनी नाच्दा पुरुषले ५-६ वटा मादल ढोल (मादल) बजाउँछन्। तर हुर्डुङ्गो नाच नाच्दा भने एउटामात्र मादल बजाउँदछन्। यी नाचगान कार्यक्रमहरू प्रायः मङ्सिर पूर्णिमा, होली र जेठासी पुर्णिमामा आयोजना हुन्छन् (Gurung, Rawal, and Thapa, 2014)।

परिच्छेद १५

राजी जीवनशैलीमा निरन्तरता र परिवर्तन

१६.१ राजी जीवनशैलीमा निरन्तरता

राजीहरूको किंम्वदन्तीअनुसार पहिले उनीहरू हिमालय क्षेत्र मुगुको रारागाउँमा स्थायी बसोबास गर्दथे। अचानक राराताल फुटेर उनीहरूको रारागाउँ बगायो। उनीहरू कर्णाली र भेरी नदीहुँदै बगेर दक्खिनतर्फ झर्दै आए। यसरी आउँदा उनीहरू दैलेख र कर्णालीको छाल अर्थात् सुर्खेत र कैलालीको उत्तरी क्षेत्रमा बसोबास गरे। यहाँ पनि उनीहरू सामूहिक र स्थायी रूपमा बसोबास गर्न पाएनन्। अतः उनीहरू सदियौंसम्म सुर्खेतदेखि पश्चिम महाकालीसम्म वनजङ्गलमा घुमन्ते फिरन्ते जीवन बिताउन बाध्य भए। हाल आएर केही दशकअघिदेखि मात्र सबै राजीहरू भित्री मधेस तथा तराईका विभिन्न ठाउँमा स्थायी बसोबास गर्न थालेका छन्। यसरी उनीहरू पहिलेको स्थायी बसोबास अचानकको घट्नापछिको घुमन्ते-फिरन्ते जीवन र पुनः स्थायी बसोबासको निरन्तरता र परिवर्तनबीच जीवनयापन गरी हाल एक लोपोन्मुखको जातिको अवस्था र पहिचानमा बाँचिरहेका छन्।

राजी समाजमा जेजस्ता परिवर्तनहरू आए पनि त्यसले उनीहरूको परम्परागत विश्वास प्रणालीमा खासै प्रभाव पारेको देखिन्न। बरु उनीहरूको परम्परामै नयाँ कुराहरू थपिँदै गएको देखिन्छ (Reinhard 1976: 288)। यसर्थमा पनि राजीहरू आफ्नो परम्परागत विश्वास र संस्कृतिप्रति अडिग जातिका रूपमा देखिन्छन्।

१६.१.१ भाषिक निरन्तरता

राजीहरूले आफ्नो पुस्तौंपुस्तासम्मको घुमन्ते-फिरन्ते जीवन बिताउनु परे पनि नेपालका सबैभन्दा आफ्नो मातृभाषा बोलेर बचाउने जातिमा पर्दछन्। उनीहरूले पारिवारिक, सामूदायिक र व्यावहारिक रूपमै आफ्नो मातृभाषा बोलेर त्यसको अविछिन्न निरन्तरता दिइरहेका छन्। अझसम्म उनीहरूको नयाँपुस्ता बालबच्चासम्मलाई पनि मातृभाषामै बोलाउने र बोल्ने चलन जीवन्त छ।

१६.१.२ सामाजिक निरन्तरता

जस्तोसुकै समस्याहरू आइपरे पनि राजीहरूमा भरसक सबै एउटै ठाउँमा बस्ने, मर्दापर्दा एकापसमा सरसहयोग गरागर गर्ने दह्रिलो सामाजिक परम्परा रहिआएको छ। राजीहरूले कुनै सामाजिक कार्यहरूमा सबै एकजुट भएर एकापसमा सरसहयोग गरी सामूहिकता र एकताको भावना जीवन्त राखेको पाइन्छ।

१६.१.३ सांस्कृतिक निरन्तरता

राजीहरू सांस्कृतिक कार्यकलाप तथा अनुष्ठानहरूमा एकतावद्ध भई त्यसको निरन्तरता र जीवन्तता दिँदै आएका छन्। विशेषगरी उनीहरूका विभिन्न गाउँस्तरका संस्कारगत उत्सव र पूजाआजामा एकतावद्ध भई आफ्नो सांस्कृतिक एकता र सद्भाव प्रदर्शन गर्दै आएका छन्।

१६.१.४ आर्थिक निरन्तरता

राजीहरू कोहीमा पनि एक्लो सम्पन्नता छैन। उनीहरू घुमन्ते फिरन्ते अवस्थादेखि अहिले स्थायी बसोबास गर्न थालेको अवस्थामा पनि एकापसमा विभिन्न खाद्य पदार्थ तथा रूपैयाँ-पैसाको समेत ऐँचोपैँचो र सरसापट गरेर जीवनयापन गरिरहेका छन्।

१६.१.५ राजनैतिक निरन्तरता

राजी जातिहरू अझै पनि आफ्नो परम्परागत सामाजिक तथा राजनैतिक संस्था मुखिया अर्थात् प्रधान प्रणाली र गुरुवा वा गुराउद्वारा निर्देशित संस्कारगत प्रणालीमा विश्वास गरी त्यसको निरन्तरता समेत दिइरहेका छन्।

१६.१.६ परम्परागत औषधोपचारमा निरन्तरता

राजीहरू कुनै रोग-बिमार लागी बिरामी भएको अवस्थामा अझै पनि आफ्नो परम्परागत औषधोपचार प्रणालीमै बढी विश्वास गर्दछन्। यसका लागि एकापसमा औषधोपचार गरागर गरेर साथ सहयोग गर्ने उनीहरूको परम्परालाई अझै निरन्तरता दिइरहेका छन्। यसको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गर्न समेत सक्दो कोसिस गरिरहेका छन्।

१६.१.७ जीवनयापनका आधार र शैलीमा निरन्तरता

राजीहरू अझै पनि वन पैदावार र खोलानालामा भर परिरहेका छन् । त्यसैले उनीहरूको बस्ती पनि वनजङ्गल र खोलानालाकै आसपासमा रहेको छ। राजीजातिका यी विभिन्न पक्षको निरन्तरताले उनीहरूलाई एक सामाजिक तथा सांस्कृतिक रूपले सम्पन्न आदिवासीका रूपमा बुझ्न सकिन्छ ।

१६.२ राजी जीवनशैलीमा परिवर्तन

राजी जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक जीवनयापनको शैलीमा निरन्तरता दिइरहेका छन् । यससँगै केही र कुनैमा त आमूल परिवर्तन समेत भइरहेका छन्। उनीहरू लामो समयसम्मको घुमन्ते जीवनबाट स्थायी बसोबासको जीवनमा फर्केका छन् । उनीहरू जीवनयापनका लागि वनजङ्गल घुमेर तरुल-भ्याकुर र वन्यजन्तु तथा माछाको सिकार गरिखानुको सट्टा खेती किसानी र वस्तुभाउ पाली जीवनयापन गर्न थालेका छन् । सामाजिक-सांस्कृतिक रूपमा अरू समाजजस्तै थारू र क्षेत्रीबाहुन लगायतसँग घुलमिल गरी एकापसमा सरसहयोग र लेनदेन गरी व्यवहार चलाउन थालेका छन् । उनीहरूले आफ्नोसँगै अरू जातिको सामाजिक तथा सांस्कृतिक पक्षहरूको पनि अवलम्बन र परिपालन गर्न थालेका छन् । राजनैतिक रूपमा उनीहरू परम्परागत मुख्या प्रणालीबाट आधुनिक दलगत तथा चुनावी प्रणालीमा समेत सरिक हुन थालेका छन् । राजीहरू जीवनयापनका लागि खेती किसानीसँगै मजदुरी समेत गर्न थालेका छन् । शिक्षाको महत्त्व बुझी आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउन थालेका छन् । आफ्नो आदिवासी पहिचानको संरक्षण र संवर्द्धनका लागि 'राजी साल्मा समाज' लगायतका संघसंस्थाहरूमा आवद्ध भएर काम गर्न लागिपरेका छन् ।

लोपोन्मुख राजी जातिहरूको सांस्कृतिक सम्पदा, भाषा, संस्कृति र पहिचान नै गुम्ने खतरामा छ। उनीहरूको कमजोर अवस्थामा सुधार ल्याउन सरकार र केही गैरसरकारी संस्थाहरूले सहयोग गरेका छन्। उनीहरू परिवर्तित वातावरणअनुसार रूपान्तरण र अनुकुलित हुन कोसिस गरिरहेका छन्। अरूले उनीहरूलाई केही सिकाउन र सभ्य हुनमात्र सिकाइरहेका छन् । तर उनीहरूको संस्कृति र मूल्यमान्यतामा आधारित समाज र परम्परागत ज्ञानबाट भने सिक्न खोजिएको छैन (Kundu, Sinchini & Dr. Tapas

Pal, 2018: 1168)। राजी जातिको सांस्कृतिक पर्यावरण कायम गराइ र जगेर्ना दिगो विकास हुँदामात्र सम्भव हुन्छ। त्यसैले विकास गर्न खोज्नेले उनीहरूको पर्यावरणीय संस्कृतिबारे बुझ्न आवश्यक छ (Kundu, Sinchini & Dr. Tapas Pal, 2018: 1168)। निसन्देह राजी पुरोहित प्रथाले नेपाल र भारतमा भएका धेरै पुरोहितवादका विशेषताहरू उजागर गर्दछन्। यसमा केही थारूका प्रभाव पनि देखिन्छ। हाल राजीहरू रहेका ठाउँमा पहिले थारूहरू बसेका थिए। राजीहरूले आपनो फिरन्ते जीवन त्यागेर स्थायी बसोबास गर्न थालेपछि थारूहरूसँग सम्पर्कमा आएका हुन् (Reinhard, Johan. 1976: 288)।

राजी जातिहरू विभिन्न नयाँ ठाउँहरूमा बसोबास गर्न पुगेसँगै उनीहरूका देवताहरूमा पनि परिवर्तन वा थपघट भएको छ (Reinhard, 1976)। जस्तैः देउती बज्जै। यो देवता उनीहरू सुर्खेतमा रहँदा थपिएको देवता हो। अहिले थारूगाउँमा बसेसँगै उनीहरूले केही थारू र हिन्दु देवताहरू समेत मान्न र पुज्न थालेका छन्। राजीका चाडपर्वहरू पनि हिन्दु वा थारूका थपिएका छन्। जस्तैः होली, तिहार र दशैं यसका उदाहरण हुन्। राजीहरूको आधारभूतमा पनि परिवर्तन भएको छ। उनीहरूले परम्परागत पहिरनका सट्टामा बजारमा पाइने दैनन्दिनका आधारभूतहरू पहिरिन थालेका छन्। राजीहरू आफ्नो आदिवासी पहिचानमा गर्वसाथ गौरव गर्न समेत थालेका छन्।

१६.३ अपेक्षित परिवर्तन

राजीहरूमा आएको परिवर्तनका सकारात्मक पक्षहरूमध्ये महत्त्वपूर्ण कुरा उनीहरूको चेतनास्तरमा परिवर्तन हुनु हो। उनीहरूले देखेर, भोगेर र बुझेर शिक्षा, स्वास्थ्य, अर्थ र सामाजिक तथा सांस्कृतिक कुराहरूको अझ गहन महत्त्व बुझेका छन्। यस कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको पनि महत्त्वपूर्ण योगदन रहेको छ। उनीहरूमा आएको परिवर्तन वा परिवर्तनको सोचले उनीहरूलाई अहिले आधुनिक र मिश्रित समाजमा अनुकूलित वा घुलमिल भएर बस्न र जीवन सञ्चालन गर्न थालेका छन्।

लोपोन्मुख राजी समुदायको उत्थानका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमार्फत् विगतमा मानव संसाधन विकास अन्तर्गत कम्प्युटर; तथा मातृभाषा संरक्षण तथा विकास अन्तर्गत मातृभाषा कक्षा सञ्चालनका एक-एक कार्यक्रम सम्पन्न

भएका छन् । तिनीहरूको चेतना अभिवृद्धि तथा सशक्तीकरण गर्ने उद्देश्यले तिनीहरूको बसोबास क्षेत्रहरूमा आर्थिक-सामाजिक चेतनामूलक उत्थान कार्यक्रम, दिगो शान्ति तथा संविधानमा तिनीहरूका अधिकार सुनिश्चितता बारे चेतनामूलक कार्यक्रम जस्ता ७ कार्यक्रम सम्पन्न भएका छन् । यसैगरी तिनीहरूको संस्थागत कार्यालय व्यवस्थापन तथा सञ्चालन गर्नका लागि आर्थिक सहयोग ७ पटक भएको छ। सामुदायिक भवन निर्माण तथा जिर्णोद्धार अन्तर्गत राजी समुदायको सामुदायिक भवन निर्माण गर्नका लागि एकपटक आर्थिक सहयोग भएको छ। राजी समुदायलाई सिलाइकटाइ तालिम दिई आयआर्जनमा सहयोग पुऱ्याउन सीपमूलक तथा क्षमता विकास जस्ता विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। यसरी समग्रमा लोपोन्मुख आदिवासी जनजाति समुदाय राजीहरूको लागि उत्थान तथा विकासका २० कार्यक्रमहरू सम्पन्न भएका छन् (मेचे, सन्तलाल २०७५) ।

१६.४ अनपेक्षित परिवर्तन

राजीहरूमा आएको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक परिवर्तनले उनीहरू पनि क्रमशः अरू आदिवासीजस्तै आफ्नो भाषा, संस्कृति र राजनैतिक आधारभूत मान्यतालाई भुलेर अरूकै अनुकरण, संस्कृतकरण, पश्चिमीकरण र हिन्दूकरणमा परिजाने जस्ता नकारात्मक असरहरू पनि देखिन थालेका छन् । आफ्ना मौलिक कुराहरूकै जगमा दर्बिलो गरी उभ्याउन नसकेका सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक र राजनैतिक परिवर्तनहरू क्रमशः अर्काको नक्कल र देखासेखीमा परिणत हुने सम्भावना र खतरा पनि रहन्छ। राजीमा पनि यो अवस्था नआउला भन्न सकिन्न । यी सम्भावना पनि उनीहरूमा आएका परिवर्तनका नकारात्मक असरहरू हुन् ।

प्रत्येक राजीहरूलाई अहिले नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता स्वरूप रू. ३,०००।- प्रदान गर्दै आएको छ । यसलाई पनि सही तरिकाले सदुपयोग गर्न नजान्दा र नसक्दा उनीहरूमा त्यसले नकारात्मक असर समेत पार्न सक्दछ । उनीहरूलाई श्रम नगरी त्यसैको आधारमा मात्र जीवनयापन गर्न खोज्ने असर पनि पर्न सक्दछ ।

राजीहरू क्रमशः सामुदायिक तथा राजनैतिक कार्यकलापमा समेत सहभागी हुन थालेका छन् । उनीहरूको इमान्दारिताको फाइदा अरूले लिन र लुट्न थालेका छन् ।

जुनसुकै क्षेत्रमा वर्तमानको परिवर्तित सन्दर्भले पारेको प्रभाव स्वरूप चुनावमा खर्च गर्ने र खाने-खुवाउने चलन बढेको छ। यसको असर राजीहरूलाई पनि पर्न थालेको छः

> मलाई सामुदायिक वनको नेतृत्वमा उठ भने र उठेँ। तर मेरो नाममा पसलमा गएर खाजा पानी खाएछन्। मेरो नाम बेचेर खाएको एक ठाउँमा ११,०००।- अर्को ठाउँमा रू.३,७००।- र एक ठाउँमा रू. २००।- रूपैयाँ भर्खरै मात्र तिरी सकेँ। म वनको समितिमा उठेको छु भनेर मेरो नाम बेचेर केही पहाडिया र चौधरीहरूले जाँडपानी खाएछन्। तर भोटचाहिँ दिएनन् र हारेँ। त्यो उनीहरूले खाएका खाजापानीको पैसा म ३-४ महिनापछि तिर्दैछु। हामी राजी सोझो छौं भनेर पहाडिया र चौधरीले तेसो गरेका हुन् (शेरबहादुर राजी, वर्ष ४४, कुचैनी, कैलाली)।

परिशिष्ट १

विहारीलाल राजी (वर्ष ८५, जरही, कैलाली) सँग भएको राजी सम्बद्ध एक दस्तावेज



सिफारिस गर्ने:

जिल्ला कैलाली सोडपानी नसुना गा०वि०स० का अध्यक्ष श्री देव बहादुर मल्ल

जिल्ला कैलाली सोडपानी नसुना गा०वि०स० का उपाध्यक्ष श्री [illegible]

जिल्ला कैलाली सोडपानी नसुना गा०वि०स० वडा नं. ६ का वडाध्यक्ष श्री [illegible] तिवारी

[illegible]

सोडपानी गा०वि०स० वडा नं. ६ बस्ने [illegible] भण्डारी

सोडपानी गा०वि०स० वडा नं. ६ बस्ने [illegible] बहादुर मल्ल

सोडपानी गा०वि०स० वडा नं. ६ बस्ने गोबिन्द राज जोशी

इति सम्वत २०५८ साल फाल्गुन २४ गते रोज [illegible] शुभम्

सन्दर्भसूची

उक्याव, ताम्ला र श्याम अधिकारी। २०५७। नेपालका ६१ जनजातिहरूका संक्षिप्त विवरण। ***नेपालका आदिवासी जनजातिहरू***। काठमाडौंः श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय राष्ट्रिय जनजाति विकास समिति, अनामनगर, काठमाडौं।

गुरुङ, सरिना। २०६४। राजी जनजातिको पहिचान। ***हाम्रो सम्पदाः*** राष्ट्रिय सम्पदा, संस्कृति एवं वातावरणमा आधारित राष्ट्रिय मासिक, वर्ष-७, अङ्क-८, २०६४ पौष। सम्पा. श्याम कुमार बस्नेत र सीतामैया सिंह थापा। काठमाडौंः श्यामकुमार बस्नेत।

गुरुङ, हर्क। सन् २००७। रारा र मुगु। ***मैले देखेको नेपाल***। काठमाडौंः हिमाल किताब।

नेराप्रप्र। २०४०। ***नेपाली बृहत् शब्दकोश***। काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

बन्धु, चूडामणि। ***नेपाली लोक साहित्य***। काठमाडौंः एकता बुक्स, काठमाडौं, नेपाल।

माझी, धन। २०७२। ***माझी शब्दकोश***। काठमाडौंः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

मिश्र, चैतन्य। २०६७। नेपाली किन र कसरी गरिब ? ***बदलिँदो नेपाली समाज***। सम्पा. राजेन्द्र महर्जन। काठमाडौंः फाइनप्रिन्ट आइएनसी, झम्सिखेल-३, ललितपुर, नेपाल।

मेचे, सन्तलाल सं.। २०७५ वि.सं.। समुदायगत लक्षित कार्यक्रम। ***आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा सम्पन्न कार्यक्रमहरूको सँगालो*** (वि.सं. २०६१/०६२ देखि आ.व. २०७४/०७५)। काठमाडौंः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सानेपा, ललितपुर।

लिम्बू, वीरहाङ्। २०५८। राजी जातिः एक छोटो चिनारी। ***सिरिजंगा छैटौं विशेषाङ्क***। सम्पा. प्रेम प्रकाश थेबे "दोस्रो घाँसी"। काठमाडौंः लक्ष्मी सुन्दर निङ्लेखु र नामेन्द्रसिंह आङ्बुहाङ।

वज्राचार्य, मनवज्र। २०२८ वि.सं.। हाम्रो विभिन्न भाषाभाषी नेपालीहरूको सङ्क्षिप्त परिचय। ***नेपाली संस्कृतिको परिधि***। काठमाडौंः भूषण प्रकाशन, इन्द्रचोक।

शिवाकोटी, गोपाल। २०६७। ***राजनीतिक शब्दकोश*** (नेपाली-अङ्ग्रेजी-नेपाली)। काठमाडौंः पैरवी प्रकाशन।

शेर्पा, लाक्पा। २०७१। ***नेपालका आदिवासी जनजाति आन्दोलनको ऐतिहासिक रूपरेखा***। काठमाडौंः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल सरकार, जावलाखेल, ललितपुर।

श्रेष्ठ, कृष्णप्रकाश। २०४४ वि.सं.। ***स्थाननाम-कोश***। काठमाडौंः नेपाल राजकीय प्रज्ञा

प्रतिष्ठान।

सुब्बा, चैतन्य। २०५६। नेपालको सामाजिक संरचना र सांस्कृतिक सम्बर्द्धनको सवाल। ***जनजाति*** वर्ष १, अंक १-२। सम्पा. चैतन्य सुब्बा, कृष्ण भट्टचन र बालकृष्ण माबुहाङ। काठमाडौंः राष्ट्रिय जनजाति विकास समिति, अनामनगर, काठमाडौं।

सुवेदी, राजाराम। सन् १९९५। कैलाली र कञ्चनपुरः एक ऐतिहासिक सर्वेक्षण। *Contributions to Nepalese Studies,* Vol. 22. No. 1 (January 1995), 87-98

Acharya, Brata Raj. 2040VS. *Hāmro bhāsā* [in Nepali]. Kathmandu: Brat Raji Acharya

Alam, Abrar, Bimal Rawat, Harashawaradhana, Venugopal N. Pulamaghattaand Jokhan Sharam.2014. A Study of the Basic and Derived Anthropometric Indices among the Healthy Adults of Raji Tribe of Uttarakhand, India. ***Afro Asian Journal of Anthropology and Social Policy*** Volume 5, Issue 1, January-June 2014, pp. 66-72 DOI : 10.5958/2229-4414.2014.00186.0

Atkinson, Edwin T. 1884. *The Himalayan Districts of the North-Western Province of India* Vol. II . Allahabad: North-western Provinces of India Government Press.

Bhatta, Deepika, Ravi Kumar, G. C. Joshi1 and L. M. Tewari. 2013. Indigenous uses of medicinal plants by the Vanraji tribes of Kumaun Himalaya, India. *Journal of Medicinal Plant Research*, Vol. 7(37), pp. 2747-2754, 3 October, 2013 DOI 10.5897/JMPR12.1272

Bhattachan, Krishna B. 2008. *Minorities & Indigenous Peoples of Nepal*. Kathmandu: National Coalition Against Racial Discrimination in Nepal (NCARD), Anamnagar Kathmandu, Nepal.

CNLPRR 1993. *Report of commission for national language policy reform reccommendation* [in Nepali]. Kathmandu: CNLPRR.

CBS. 1991. *Population census report.* Kathmandu: Central

CBS. 2001. *Population census report.* Kathmandu: Central

CBS. 2011. *Population census report.* Kathmandu: Central

CBS. 2021. *Population census report.* Kathmandu: Central

Chadhary, Ganesh. 2019. The only School in the Raji Community in Bhajani is on the verge of Collapse. *The Kathmandu Post*, Dec. 14, 2019. www.

kathmandupost.com/sudurpaschim-province/2019/1

Dhakal, Dubinanda. 2023. Raji: *A Community-Based Dictionary*. Central Department of Linguistics, TU, Nepal.

Epstein, S. 1967. A Sociological Analysis of Witch Beliefs in a Mysonre Village. In *Magic, Witchcraft and Curing*. In J. Middleton eds. Garden City: American Museum of Natural History.

Fortier, Jana & Kavita Rastogi. 2004. Sister Languages ? Comparative Phonology of Two Himalayan Languages. *Nepalese Linguistics Journal of the Linguistic Society of Nepal*, Volume-2-, November 2004. In Yogendra P Yadav, Balaram Prasain, Krishna P Parajuli, Sulochana SApkota, and RAm RAj Lohani eds. Kathmandu: Linguistic Society of Nepal, Tribhuvan Universtity Kirtipur, Kathmandu, Nepal.

Fortier, Jana. 2009. *Kings of the forest: the cultural resilience of Himalayan hunter-gatherers*. University of Hawaii Press.

Fortier, Jana. 2020. Dictionary of Chepang: A Tibeto-Burman language of Nepal, Canberaa: Asutralian National University.

Gautam, Rajesh and Asoke Thapa Magar. 1994. Raji. *Tribal Ethnography of Nepal*. Vol. II. Delhi: Book Faith India.

Gurung, Harka. 2036 V.S./1980. Between the Very and Karnali. *Vignettes of Nepal*. Kathmandu: Sajha Prakashan, Kathmandu.

Gurung, Om, Nabin Rawal and Tejendra Thapa. 2014. *Raji of Nepal*. Kathmandu: Tribhuvan Universtiy, Central Department of Sociology/Anthropology (CDSA), Kirtipur, Kathmandu.

Gurung, Harka. 2008. State and Society in Nepal. *Nationalism and Ethnicity in Nepal*. In David Gellner, Joanna Pfaff-Czarnecka, and John Welpton, eds. Kathmandu: Vajra Publications.

Gurung, Harka. 2006. *From Exculsion to Inclusion: Socio-Political Agenda for Nepal*. Kathmandu: Social Inclusion Research Fund, Bakhundole, Lalitpur.

Gautam, Rajesh and Asoke K. Thapa Magar. 1994. Raji. *Tribal Ethnography of Nepal*, Vol. II. Delhi: Book Faith India.

Giri, Goma.1959 VS. *Rāji ra Nepāli bhāsāko tulanātmak addhyayān* [in Nepali]. Kathmandu: Central Department of Nepali, TU [MA thesis].

Giri, Jivendra Dev. 2057VS. *Rāji bhāsā ko khojkhabar* [in Nepali].

Muktimorchā, 27/16. Kathmandu: CPN (UML)

Glover, Warren W. 1973. *Sememic and grammatical structure in Gurung* (Nepal). Australian National University . [Ph D Thesis]

Gorden, Raymond G.(ed). 2005. *Ethnologue: languages of the world*, 5th edition. SIL: Texas Dollas

Grierson, G. A. 1909, 1967. *Linguistic survey of India* vol. III, Part I. Delhi, Varanasi, Patna: Motilal Banarsidass

Hofer, Andras. 2004. *The Caste Hierarchy and the State in Nepal*: A study of the Muluki Ain of 1854. Kathmandu: Himal Books, Himal Kirav Pvt. Ltd. Kathmandu.

Hughes, Charles C. 1968. Ethnomedicine. In: *International Encyclopaedia of the Social Sciences*, 10:87-93. Free Press/ Macmillan: New York.

Kapoor , A.K., Renu Tyagi, and Satwanti Kapoor. 2008. Nutritional Status and Cardio-Respiratory Functions among Adult Raji Males, a hunter and gatherer Tribe of the Indian Himalayas. *ANTHROPOLOGICAL SCIENCE* (2008): 0805190038-0805190038.

Krishan, Shree. 2001. Darma, Chaudangsi, and Raji. *Senri Ethnological Reports*. Vo. 19 pp. 343-345, 2001-03-28. http://doi.org/10.15021/00002150

Krishnan, Shree. 2001. Sketch of Raji grammar. *New research on Zhangzhung and related Himalayan languages, Senri ethnological reports, 19* ed. by Yasuhiko Nagano and Randy J. LaPolla. Oshaka: Museum of Ethnologue.

Krishan, Shree. 2002. A Sketch of Raji Grammar. *Senri Ethnological Reports*, Vol. 19, pp. 449-497, 2001-03-28. http://doi.org/10.15021/00002153

Kundu, Sinchini & Dr. Tapas Pal, 2018. Cultural, Ecologyand Resource management: A Geographical Study on Raji tribe of Uttarakhand. IJRAR- *International Journal of Research and Analytical Reviews.* **VOLUME 5 I ISSUE 2 I APRIL – JUNE 2018.**

Levine, Nancy. 1988. The Dynamics of Polyandry: Kinship, Domesticiy, and Population on the Tibetan Border. Chicago and London: The University of Chicago Press, Chicago and London.

Malla, Kamal P. 2015. *The Road to No Where* (A selection of writings 1966-1977). Kathmandu: Jagadamba Prakashan.

Maskey S. 2007. *Indigenous knowledge system as resource for sustaining Raji*

Work and Life, A case study of Surkhet district. Social Inclusion Research Fund Secretariat, SNV Netherlands Development Organization, Kathmandu, Nepal.

Mibang, Tamo and S. K. Chaudhary 2003. *Ethnomedicines of the tribes of Arunanchal Pradesh*. Himalayan Publishers: Delhi.

Negi, C. S., Nautiyal, S., Dasila, L., Rao, K. S., & Maikhuri, R. K. 2003. Ethnomedicinal plant uses in a small tribal community in a part of central Himalaya, India. *Journal of Human Ecology*, *14*(1), 23-31.

Pandey, Pushpesh. 2008. RAJI: A Tribe of Uttarakhand approach to triba welfare. *The Idian Journal of Political Science*. Vol. LXIX, No. 2, Apr-June 2008.

Pandey, Karuna S. and Jokhan Sharma. 2015. The Raji Tribe of Uttrakhand in Globalized World: In a Changing Perspective. *International Journal of Advanced Research* (2015), Volume 3, Issue 12, 84 – 89

Paudel, Mamta. 2015. *Medical ethnobiology and indigenous knowledge system found in Raji group of Nepal* (A case study of uttarganga village development committee, Surkhet, Nepal). Central department of zoology institute of science and technology Tribhuvan University Kirtipur, Kathmandu, Nepal (Unpublished Thesis)

Pandey, Keya. 2011. Ethnomedicinal Practices of a Primitive Tribe, Raji of Uttaranchal. *South Asian Anthropologist*, *11*(1), 85-91.

Pandey, Keya. 2016. Some Observations on Education in a Vanishing Tribe Raji. ***Anthropological Bulletin* 7(2), 6-21, 2016**

Pandey, Pushpesh. 2008. RAJi: A Tribe of Uttarakhand approach to triba welfare. *The Idian Journal of Political Science*. Vol. LXIX, No. 2, Apr-June 2008.

Rai, Purn P. 2008 . CAUSATIVES IN RAJI. *Nepalese Linguistics*, Vol. 23, 2008, pp. 271-80. In Jai Raj Awasthi eds. Kathmandu: Linguistic Society of Nepal Kirtipur, Kathmandu, Nepal

Rai, Purna Prasad 2008. *Sketch grammar of Raji*. Kathmandu: Central Department of Linguistics, TU MA thesis 280 / Causatives in Raji

Rastogi, Kavita. 2002. "RAJI": Language of Vanishing Himalayan Tribe. *Linguistics of Tibeto-Burman Area*. Vol. 25.2- Fall 2002.

Rastogi, Kavita. 2012. *A descriptive grammar of Raji*. New Delhi: Aviram

Prakashan

Rastogi, Kavita. 2015. LANGUAGE CONTACT: A CASE STUDY OF RAJI. *Nepalese Linguistics*, 110.

Rastogi, Kavita (2015) Raji orthography development. *Himalayan Linguistics* Vol. 14(2).

RCHC Office, Neapal. 2012. The Raji Community in the Far West. *FIELD BULLETIN* Issue 35, February 2012. Kathmandu: United Nations Resident and Humanitarian Coordinator's Office (UN RCHCO)

Reinhard, Johan. 1976. Shamanism among the Raji of Southwest Nepal. In *Spirit Possession in the Nepal Himalayas*, ed. Rex Jones John Hitchcock, pp. 263–292. New Delhi: Vikash Publising House Pvt. Ltd.

Sharma, Suhnu. 2001. A Study on the Tibeto-Burman languages of Utter Pradesh. *New research on Zhangzhung and related Himalayan languages. Senri Ethnological Reports, 19* ed. by Yasuhiko Nagano and Randy J. LaPolla. Oshaka: Museum of Ethnologue

Sherring, C.A. 1906. *Western Tibet and British Borderland; the Sacred Country of Hindus and Buddhists, with an Account of the Government, Religion, and Customs of its Peoples*. London: A. Arnold.

Tamang, Mukta S. 2014. Perspectives on Social Inclusion and Implications for Research in Nepal. *Perspectives on Social Inclusion and Exclusion in Nepal*. In Om Gurung, Mukta S. Tamang and Mark Turing eds. .Kathmandu: Central Department of Sociology/Anthropology (CDSA) Tribhuvan University (TU), Kirtipur, Kathmandu, NEPAL

Thapa, Lal. B. 2012. Indigenous knowledge on common medicinal plants among Raji community of Surkhet District, Mid-Western Nepal. *Nepalese Journal of Biosciences*, *2*, 88-92.

Thapa, L.B, Dhakal, T.M.,Chaudhary, R., Thapa, H. 2013. Medicinal Plants Used by Raji. *Our Nature* (2013), 11(2): 177-186

Thapa, Lal B , Til Maya Dhakal and Raghunath Chaudhary. 2014. Wild edible plants used by endangered & indigenous Raji tribe in western Nepal. *Int J Appl Sci Biotechnol,* Vol 2(3): 243-252, DOI: 10.3126/ijasbt.v2i3.10969

The Himalayan Times. 2011. Raji Caste Children Going School. *Education News*. 23 Nov. 2011. www.educationnepal.com/news/mobile/raji-caste-children-g

Toba, Sueyoshi, Ingrid Toba and Novel Kishore Rai. 2003. Languages of Nepal UNESCO Kathmandu Report 2002: A Brief Overview. *Nepalese Linguistics*, 20. Kathmandu: LSN

Valli, Eric. 1998. Golden Harvest of the Raji. *National Geographic Magazine* 193:

84–105.

Van Driem, George 2001. *Languages of Himalayas*: *An ethnolinguistic handbook of the Greater Himalayan region,* Volume 1. Leiden: Brill.

Van Driem, George. 2001b. *Languages of the Himalayas: An Ethnolinguistic Handbook of the Greater Himalayan Region with an Introduction to the Symbiotic Theory of Language* (2 volumes). Leiden: Brill.

Van Driem, G. 2003. Mahakiranti revisited: Mahakiranti or Newaric. *Themes in Himalayan languages and linguistics*, 21-26.

Yadava, Yogendra Prasad. 2003. Language. *Population Monograph of Nepal* I. Kathmandu: CBS

प्रकाशक :
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

9 789937 973656